परिच्छेद - एक

# अध्ययनको उद्देश्य तथा अध्ययनविधि

## १.१ पृष्ठभूमि

राज्यले अनिवार्यरुपमा गर्नुपर्ने सम्पूर्ण प्रकृतिका कार्यहरु केन्द्रीय तहबाट मात्र सम्पादन गर्न कठिनाई पर्छ । अझ हाम्रोजस्तो भौगोलिक विकटता, ग्रामीण जनसंख्याको बाहुल्यता र विकासको स्तर न्यून रहेको मुलुकमा केन्द्रीय सरकारभन्दा स्थानीय स्वायत्त सरकारहरुको प्रभावकारिताले ज्यादै महत्वपूर्ण स्थान राख्ने तथ्य निर्विवाद छ । स्थानीय आवश्यकताअनुरुप योजना तर्जुमा र सञ्चालन गर्न, जहाँ जेजस्तो समस्या सिर्जना भएको छ, त्यही समाधान गर्न, जनतालाई सुशासनको अनुभूति दिलाउन, आ-आफ्नो क्षेत्रको विकासद्वारा आर्थिक समृद्धि ल्याउन र गरिबी निवारणमा सघाउ पुर्‍याउने अभिप्रायबाट स्थानीय स्वायत्त सरकारहरुको स्थापना, तिनको संस्थागत क्षमता बृद्धि र सशक्तिकरणजस्ता पक्षले ज्यादै महत्व राख्छ । यो शक्ति विकेन्द्रीकरणको पद्धति हो । केन्द्रीय निकायहरुबाट सम्पादन गरिनुपर्ने कतिपय काम, कर्तव्य, अधिकार र जवाफदेही स्थानीय तहमा गठित निकायहरुलाई कानूनी तवरमा प्रदान गर्ने पद्धति अधिकारको निक्षेपण हो । विकेन्द्रीकरणका लागि अवलम्बन गरिने अधिकार प्रत्यायोजन, अधिकारको स्थानान्तरण, निक्षेपण र निजीकरणमध्ये सबभन्दा उपयुक्त माध्यम अधिकारको निक्षेपण नै हो ।

नेपालले विकेन्द्रीकरणको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न धेरै अघिदेखि प्रयास गरिआएको छ । आफ्नो क्षेत्रको शासनव्यवस्था स्थानीय तहबाटै सञ्चालन गर्ने प्रबन्ध ऐतिहासिक कालदेखि नै अपनाइएको पुष्टि हुन्छ । किराँतकालमा विभिन्न नामका स्थानीय स्वायत्त सरकारहरु गठन गरी तिनलाई स्थानीय स्वायत्त सरकारको अधिकार दिइएको थियो । यसैगरी लिच्छविकाल र मल्लकालमा पनि स्थानीय निकायहरु कायम गरिएका थिए । राणाकालीन शासनमा ग्राम पञ्चायतको रुपमा तल्लो इकाई राखिएका थिए । २००७ सालमा प्रजातन्त्रको उदयपछि विकेन्द्रित शासन सञ्चालनको पक्षमा सशक्त किसिमले आवाज उठ्यो । २००९ सालमा त्रिभुवन ग्राम विकास केन्द्र (ब्लक) को स्थापनाबाट ग्रामीण क्षेत्रको विकासमा दृष्टि दिइयो । २०१७ सालमा भएको राजनीतिक परिवर्तनपछि २०१८ सालमा गाउँ पञ्चायत ऐन जारी गरी गाउँ पञ्चायतहरुको स्थापनाद्वारा तिनलाई सामान्य कानूनी अधिकार पनि दिइयो । नेपाल अधिराज्यको संविधान २०१९ ले विकेन्द्रीकरणलाई पञ्चायती शासन व्यवस्थाको मूल आधार मानेको थियो । यसरी क्रमशः पञ्चायतका विभिन्न निकायहरुको स्थापना र तिनका अधिकारसम्बन्धी कानूनी व्यवस्था गरिएका थिए ।

नेपालमा विगतका विभिन्न सरकारहरुले विकेन्द्रीकरणलाई अघि बढाउने सिलसिलामा विभिन्न किसिमका प्रयोग र अभ्यास गरे । कतिपय आयोगहरु गठन गरिए योजनाहरु बनाइए तथा ऐन, नियमहरु तर्जुमा गरिए । यस क्रममा २०२० सालमा विश्वबन्धु थापाको अध्यक्षतामा गठित उच्चस्तरीय शक्ति विकेन्द्रीकरण आयोग, श्री ५ को सरकारले २०२२ सालमा जारिगरेको विकेन्द्रीकरण योजना, स्थानीय प्रशासन ऐन, २०२२ को व्यवस्था, २०२४ सालमा भोजराज घिमिरेको अध्यक्षतामा गठित विकेन्द्रीकरण समिति, २०२६ सालमा जय प्रकाशको अध्यक्षतामा गठित अर्को विकेन्द्रीकरण समिति, २०३१ सालको जिल्ला प्रशासन योजना, २०३५ सालको एकीकृत पञ्चायत विकासको प्रारुप, स्थानीय विकास मन्त्रालयबाट २०३७ सालमा सार्वजनिक गरिएको स्थानीय विकासको प्रारुप, २०३८ सालमा रणधीर सुब्बाको संयोजकत्वमा गठित विकेन्द्रीकरण उप-समिति, २०३९ सालमा पञ्चायत नीति तथा जाँचबुझ समितिका अध्यक्ष मरीचमान सिंहको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण समिति, २०३९ सालमा प्रकाशित विकेन्द्रीकरण ऐन र २०४१ सालको विकेन्द्रीकरण (कार्यव्यवस्था) नियमावलीहरु उल्लेखनीय छन् । यस प्रकार प्रयास गरिए तापनि अपेक्षित सुधार भने हुन सकेको पाइएन ।

प्रजातन्त्रको पुनर्वहालीपछि २०४७ सालमा प्रारम्भ भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्थित राज्यको मार्ग निर्देशक सिद्धान्तमा सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुल्ला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुने उल्लेख छ साथै सो उद्देश्य प्राप्त गर्न विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको प्रमुख दायित्व हुने कुरासमेत स्पष्ट गरेको छ । संविधानको यस भावनालाई मूर्तरुप दिन स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भयो । यो ऐनले अवलम्बन गरेको सिद्धान्त तथा नीतिहरु देहायअनुसारका छन्:-

(क) स्थानीय स्वायत्त शासनमा स्थानीय निकायहरु (गाविस, नपा, जिविस)लाई सक्षम र प्रभावकारी बनाउन आवश्यकपर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्ने,

(ख) स्थानीय जनताको लागि सोच्ने र जवाफदेही बहन गर्नसक्ने किसिमबाट स्थानीय निकायको संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गरी विकास गर्ने,

(ग) स्थानीय निकायलाई आवश्यक पर्ने स्रोत साधनहरु संकलन र परिचालन गर्ने अधिकार सुम्पने,

(घ) प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापनातर्फ उन्मुख गराउने किसिमबाट स्थानीय निकायलाई निक्षेपणको कार्य गर्ने,

(ङ) स्थानीय नेतृत्वको विकास गर्ने,

(च) दिगो विकासका लागि सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावलीले स्थानीय निकायलाई अधिकार निक्षेपणको प्रावधान गरे तापनि सो मनसाय अनुरुप कार्यान्वयनमा ल्याउन विभिन्न कठिनाइहरु परेका छन्। ऐनले परिकल्पना गरेको सिद्धान्त तथा नीतिले व्यवहारमा मूर्तरुप पाउन सकेको छैन।

जनउत्तरदायी तथा प्रभावकारी स्थानीय स्वायत्त शासनको संस्थागत विकासका लागि अधिकारको निक्षेपण अनिवार्यक तत्व हो। पूर्ण निक्षेपणबाटै अपेक्षित उपलब्धि हासिल हुनसक्छ। निक्षेपणका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ प्रारम्भ भएपछिका नीतिगत दस्तावेजमा पनि यससम्बन्धी प्रतिवद्धता दर्शाइएका छन्। सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ को प्रतिवेदनले स्थानीय निकायहरुलाई कतिपय कार्यहरुको जिम्मेवारी दिने, अनुदान र वित्तीय स्रोतका सम्बन्धमा सिफारिस गरेको थियो। यसैप्रकार, स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन, २०५७ ले स्थानीय निकायहरुलाई आर्थिक रुपले सक्षम र सुदृढ बनाउन यस्ता निकायहरुले लगाउन पाउने कर, श्री ५ को सरकार र स्थानीय निकायबीच बाँडफाँड गर्नुपर्ने राजस्वको सम्बन्धमा सिफारिस गरी वित्तीय विकेन्द्रीकरणको पक्षमा जोड दिएको थियो। विकेन्द्रीकरण कार्यान्वयन कार्ययोजना, २०५८ ले विषयगत क्षेत्रको निक्षेपणका कार्यहरुको पहिचान गरी एकमुष्ठ (प्याकेज) रुपमा निक्षेपण गर्नुपर्ने कुरामा जोड दिएको थियो। चालू दशौं योजना (२०५९-२०६४) ले विकेन्द्रीकरणलाई समग्र राष्ट्रिय विकास, सेवा प्रवाह र गरिबी निवारणको माध्यमको रुपमा अङ्गीकार गरी स्थानीय निकायहरुलाई स्वायत्तता प्रदान गर्ने, यस्ता निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने, जनसहभागिता बढाउने र स्थानीय निकायलाई आन्तरिक एवं बाह्य स्रोत परिचालन गर्न सक्षम तुल्याउने रणनीति अख्तियार गरेको छ।

आर्थिक वर्ष २०५८/५९ को बजेट वक्तव्यले विषयगत निक्षेपणको सम्बन्धमा स्पष्ट किसिमले उल्लेख गरेको थियो। त्यसमा "प्राथमिक शिक्षा, स्वास्थ्य, हुलाक, कृषि प्रसार र पशु सेवाजस्ता आधारभूत सेवाहरुको व्यवस्थापन स्थानीय निकायद्वारा गराइने" कुरा उल्लेख गरी निक्षेपण प्रक्रियालाई अगाडि बढाउने घोषणा गरेको थियो। आर्थिक वर्ष २०५९/६० को बजेटले स्थानीय निकायलाई स्रोतको परिचालनको निम्ति केन्द्रीयस्तरबाट दिइनुपर्ने अधिकार तथा जिम्मेवारीको पहिचान गरी स्थानीय निकाय वित्तीय आयोगको सिफारिसमा निक्षेपण गर्न सकिने स्रोतहरुको पहिचान गर्ने उल्लेख गरेको थियो। आर्थिक वर्ष २०६०/६१ को बजेटले स्थानीय निकायको प्रशासनिक क्षमता बृद्धि गर्ने पक्षमा ध्यान दिँदै जिल्ला विकास समितिमा जाने सबै प्रकारका रकमहरु जिल्ला विकास कोष मार्फत प्रवाह हुने व्यवस्था मिलाउने र अनुदानलाई सूत्रमा आधारित गरी वितरण गर्ने र उपस्वास्थ्य चौकी र प्राथमिक विद्यालयहरु समुदायलाई हस्तान्तरण गर्दै जाने कार्यक्रम घोषणा गरेको थियो। चालू आर्थिक वर्ष २०६१/६२ को बजेटले स्थानीय स्वायत्त शासनको सुदृढीकरण, अधिकार निक्षेपण, पारदर्शिता र जवाफदेहिताद्वारा विकेन्द्रीत विकास प्रक्रियालाई सुदृढ पारी जनसमुदायबीच सेवा र सुविधा सहज, छिटो, छरितो र भरपर्दो पार्ने नीति अवलम्बन गरिने कुरा स्पष्ट पारेको छ। श्री ५ को सरकारले स्वीकृत गरेको तत्काल सुधारको कार्ययोजना, शासकीय सुधारका लागि प्रस्तुत रणनीति, राज्य प्रणालीमा अग्रगामी सुधारसम्बन्धी अवधारणा र स्थानीय निकाय सुदृढीकरण उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन २०६१ ले पनि स्थानीय निकायहरुको सवलीकरणका लागि अधिकारको निक्षेपण गरिनुपर्ने कुरामा प्रकाश पारेको छ।

विषयगत निक्षेपणका लागि प्रतिबद्धता व्यक्त गरिए अनुरुप कृषि तथा सहकारी मन्त्रालयले "कृषि क्षेत्रको निक्षेपण सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०५९" जारी गरी कार्यान्वयनमा ल्याएको

छ । यसैगरी शिक्षा तथा खेलकुद मन्त्रालयले “समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका, २०५९” कार्यान्वयनमा ल्याएको छ । स्वास्थ्य मन्त्रालयले “स्थानीय स्वास्थ्य संस्था हस्तान्तरण तथा सञ्चालनका लागि तयार गरिएको निर्देशिका, २०५९” जारी गरी यस्ता कार्यहरु समुदायमा हस्तान्तरण, सञ्चालन तथा व्यवस्थापन सुरु गरेको छ । ग्रामीण सडक, कृषि सडक, साना सिंचाई, ग्रामीण खानेपानी तथा सरसफाई, झोलुंगे पुल, भवन र ग्रामीण उर्जाजस्ता कार्यहरु २०५९/६० देखि जिल्ला प्राविधिक कार्यालयको स्थापनाद्वारा जिविसमार्फत स्थापना हुन थालेका छन् । केही क्षेत्रमा सामान्य प्रगति पनि देखिएको छ । आधारभूत हुलाक सेवा स्थानीय निकायमार्फत सञ्चालन गर्ने उल्लेख भए तापनि नीतिगत एवं कार्यान्वयनगत अस्पष्टताले गर्दा यो विषयमा कुनै प्रगति हुन सकेको छैन ।

पूर्ण निक्षेपणको कार्यमा गतिशीलता ल्याउने सिलसिलामा विभिन्न समस्याहरु देखिएका छन्, जस्तै सुस्पष्ट रणनीति र निर्दिष्ट कार्ययोजनाको कमी, राजनीतिक प्रतिबद्धता र इच्छाशक्तिको अभाव, केन्द्रीय तथा स्थानीयस्तरमा हुनुपर्ने अन्तरसम्बन्ध र जवाफदेहिताको अस्पष्टता, स्थानीय निकायहरुको संस्थागत क्षमता विकास भइनसकेको, विषयगत निक्षेपित कार्य सुचारुरुपले सम्पन्न गर्ने क्रममा प्रचलित स्थानीय स्वायत्त शासन ऐन र नियमका प्रावधानहरु बाझिएका, स्थानीय निकायप्रति जिम्मेवार र जवाफदेहीपूर्ण कर्मचारी संयन्त्रको विकास नभएको, स्थानीय निकायलाई साधन र स्रोतको अपर्याप्तता आदि । विषयगत निक्षेपणको कार्यलाई अघि बढाउने मार्गमा रहेका प्रमुख बाधा, व्यवधानहरुको पहिचान गरी पूर्ण विषयगत निक्षेपणको रणनीतिक खाका तयार गरिनु जरुरी देखिएको सन्दर्भमा यो अध्ययन सम्पन्न गरी “विषयगत निक्षेपण रणनीति” प्रस्ताव गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

विशेष कानूनी व्यवस्था अनुसार स्थापित स्थानीय निकायहरुका माध्यम व्यवस्थापन हुने गरी विषयगत निक्षेपणको कार्यलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा ल्याइएमा केन्द्रको नियन्त्रणबाट मुक्त हुने, सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढ्ने र सेवा सुविधामा सरलता आउने विश्वास गरिन्छ । साथै, सेवा प्रवाहमा सरोकारवालाको स्वामित्व, समता, पारदर्शिता, उत्तरदायित्व, दक्षता र प्रभावकारिताको अनुभूति गर्न सकिन्छ । जननिर्वाचित प्रतिनिधि र स्थानीय सामुदायिक संस्थाहरुले प्रदान गर्नसक्ने सेवा उनीहरुबाटै सञ्चालन हुँदा बढी जनउपयोगी, मितव्ययी, सरल र यथार्थवादी हुने अपेक्षा गरिन्छ । यसरी निक्षेपण गरिंदा सेवा प्रदायकहरु सोझै सेवाग्राहीप्रति जवाफदेही हुनुपर्ने बाध्यताको सिर्जना गर्छ । स्थानीय तहमा नेतृत्व विकासको लागि प्रोत्साहन पुग्छ । सामाजिक न्याय प्रबर्द्धन गर्छ । स्थानीय स्रोत, साधनको अधिकतम उपयोग हुनगई योजना तथा कार्यक्रम लागत-प्रभावी हुन पुग्छ । यस्ता औचित्य रहंदा रहँदै पनि विषयगत निक्षेपणको कार्य एकमुष्ठ रुपमा अगाडि बढाउन नसक्नु विडम्बना नै हो । तसर्थ, उल्लिखित पृष्ठभूमिमा विद्यमान समस्याहरुको पहिचान गरी विषयगत निक्षेपण रणनीतिको खाका तर्जुमा गर्नु यो अध्ययनको प्रमुख उद्देश्य हो ।

विषयगत निक्षेपण रणनीति तर्जुमाको क्रममा निक्षेपणको अवधारणा, कानूनी प्रावधान, तिनको कार्यान्वयन स्थितिको विवेचना र अप्ठ्याराहरु विश्लेषण गरी निराकरणको उपायहरुका सम्बन्धमा सुझावहरु प्रस्तुत गर्नु पनि उक्त उद्देश्य कै एक अंग रहेको छ ।

निक्षेपित काम, कर्तव्य, अधिकार र जवाफदेही बहन गर्नसक्ने किसिमबाट स्थानीय निकायको संस्थागत क्षमता अभिवृद्धिको सवालले महत्वपूर्ण स्थान राख्छ । वर्तमान समयमा स्थानीय निकायहरुको क्षमतामाथि प्रश्न उठाउने गरेका छन् । अतः स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने सिलसिलामा मुख्यतः संस्थागत, व्यवस्थापन, मानव संशाधन, स्रोत परिचालन, कार्यप्रणाली र भौतिक स्थिति एवं कार्य वातावरणको सम्बन्धमा विस्तृतमा विश्लेषण गरी क्षमता अभिवृद्धिका लागि उपयुक्त रणनीतिहरु प्रस्ताव गर्नु यो अध्ययनको अर्को उद्देश्य रहेको छ। यस प्रकार क्षमता अभिवृद्धि सम्बन्धी रणनीति तयार गर्दा जिविसको समग्र क्षमता बढाउन गर्नुपर्ने, कामको विवरण, कार्य सम्पन्न गरिनुपर्ने समावधि, मुख्य जिम्मेवार निकाय र सहयोगी निकायहरु समेत उल्लेख गरी रणनीतिको कार्ययोजना तर्जुमा गरिने छ। साथै, विषयगत निक्षेपणका लागि प्रभावकारी किसिमबाट कार्यसम्पादन गर्न अपेक्षित कार्यक्षमता कायम राख्न ध्यान दिनुपर्ने पक्षहरु पनि समावेश गरिएको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएका प्रावधानहरुले स्थानीय निकायलाई अधिकार निक्षेपणको सम्बन्धमा व्यवस्था गरेको छ। यसका अतिरिक्त अन्य कतिपय ऐन, निमयले पनि श्री ५ को सरकार वा कुनै संघ, संस्था, समिति र पदाधिकारीहरुलाई तोकिएका अधिकार स्थानीय निकायलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था छ। यस सम्बन्धी ऐन, नियमका केही प्रावधानहरु बाझिएका छन् । अतः स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप निक्षेपित कार्यलाई समयानुकूल र प्रभावकारी बनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ लगायतका ऐन, नियमहरुलाई समय सापेक्ष परिमार्जन र संशोधन गर्न सुझाव प्रस्तुत गर्नु पनि यो अध्ययनको उद्देश्य हो ।

## १.३ अध्ययनविधि

विषयगत निक्षेपणले कैयौं महत्वपूर्ण पक्षलाई समेट्ने र यो ज्यादै गम्भीर प्रकृतिको कार्य भएकोले अध्ययन कार्य सम्पन्न गरी दस्तावेजहरु तयार पार्ने सिलसिलामा निम्नानुसारका अध्ययनविधि अपनाइएको थियो ।

सन्दर्भ सामाग्रीहरुको विश्लेषणः विकेन्द्रीकरण, स्थानीय स्वायत्त शासन र अधिकार निक्षेपणका सम्बन्धमा धेरै अध्ययन भएका छन् । यी विषयमा समय समयमा गठित आयोग/समितिहरुले पनि प्रतिवेदन पेस गरेका छन् । सरकारी निकाय र आयोग/समितिहरुका अतिरिक्त गैरसरकारी संस्था, शैक्षिक संस्थाहरु र दातृ संस्थाहरुले पनि यी विषयमा अध्ययन प्रतिवेदनहरु प्रकाशित गरेका छन् । सैद्धान्तिक पक्षलाई प्रकाश पार्ने कैयौं पुस्तकहरु उपलब्ध छन्। यसप्रकारका प्रतिवेदन, पुस्तक, निर्देशिका, कार्ययोजना, निर्णय, ऐन नियमहरु आदि उपलब्ध भएसम्मका सन्दर्भ सामग्रीहरुको संकलन गरी तिनको अध्ययन, पुनरावलोकन र विश्लेषण गरियो । ऐतिहासिक पृष्ठभूमि, वर्तमान स्थिति, समस्या र समाधानका उपायहरु टिपोट गरिएको थियो ।

अवधारणापत्र तयारीः सन्दर्भ सामग्रीको अध्ययन, पुनरावलोकन तथा विश्लेषणपश्चात् अवधारणापत्र तयार गरियो । सो अवधारणापत्रमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन प्रणालीको सिद्धान्त, निक्षेपणको अवधारणा र औचित्य, नीतिगत पक्ष, विषयगत निक्षेपण रणनीतिको उद्देश्य, विगतमा भएका प्रयास, पूर्ण विषयगत निक्षेपणको सन्दर्भमा देखिएका प्रमुख सवाल, प्रस्तावित सुझावहरु र रणनीतिको खाका दिइएको थियो ।

छलफल तथा अन्तर्क्रिया कार्यक्रम: अध्ययन कार्यलाई अघि बढाउने क्रममा स्थानीय निकाय, सरोकारवाला मन्त्रालय, विभाग र सम्बन्धित दातृ संस्थाका प्रतिनिधिहरुबीच छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो । यससम्बन्धी विस्तृत चर्चा परिच्छेद दुईमा गरिएको छ । अवधारणापत्रमा सम्बन्धित सरोकारवालाहरुको भूमिका र दायित्वको बारेमा छलफल गरी अवधारणापत्रलाई अद्यावधिक गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

क्षेत्रीय गोष्ठीको सञ्चालन: अध्ययन समूहले तयार पारेको अवधारणापत्रमा सम्बन्धित क्षेत्रका पदाधिकारी, कानूनविद्, विशेषज्ञहरुको राय सुझाव लिने सिलसिलामा पूर्वाञ्चलको विराटनगरमा २०६० साल चैत्र ७ र ८ गते र पश्चिमाञ्चलको पोखरामा २०६१ साल जेष्ठ ८, ९ र १० गते दुई क्षेत्रीय गोष्ठीहरु सञ्चालन गरिए । विराटनगरमा भएको गोष्ठीमा ७० जना र पोखराको गोष्ठीमा ३५ जना सहभागी थिए । यी गोष्ठीहरुको आयोजना र निष्कर्षलाई यसै प्रतिवेदनको परिच्छेद तीनमा विस्तृतमा चर्चा गरिएको छ ।

लक्षित समूह छलफल: अध्ययन कार्यलाई अघि बढाउने सन्दर्भमा गोदावरीमा २०६१ साल असार ५ र ६ गते छलफल कार्यक्रम आयोजना गरिएको थियो । जसमा ४५ जनाको सहभागिता थियो । यसैगरी विषयगत निक्षेपण सम्बन्धमा सरोकार राख्ने विभिन्न मन्त्रालयका प्रतिनिधिहरुकाबीच काठमाडौंमा २०६१ साल साउन २४ गते छलफल गरियो । सो अन्तर्क्रियामा ६५ जना सहभागी थिए । यसैगरी प्रस्तुत विषयमा प्रमुख राजनीतिक दल र नागरिक समाजको धारणा बुझ्ने अभिप्रायबाट काठमाडौंमा २०६१ साल श्रावण ३१ गते अर्को छलफल/अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । त्यसमा ६५ जना सहभागी हुनुहुन्थ्यो । यी लक्ष्यित समूह कार्यक्रमका सहभागीहरुबाट व्यक्त राय, सुझावले विषयगत निक्षेपण रणनीतिको मस्यौदालाई परिमार्जन गर्न निकै सघाउ पुग्यो । कार्यक्रमको विस्तृत विवरण परिच्छेद चारमा चर्चा गरिएको छ ।

विषयगत निक्षेपण रणनीतिको तयारी: अध्ययन समूहले तयार पारेको अवधारणापत्रमाथि क्षेत्रीय गोष्ठी र लक्षित समूह छलफल/अन्तर्क्रियाका सहभागीहरुबाट व्यक्त विचारहरुलाई समावेश गरी विषयगत निक्षेपण रणनीतिको मस्यौदा तयार गरियो, जसलाई खण्ड (ख) को परिच्छेद सातमा दिइएको छ ।

स्थानीय निकायको क्षमता अभिवृद्धि सम्बन्धी रणनीति तयारी: स्थानीय स्वायत्त शासनको विकासको लागि स्थानीय निकायहरुको क्षमता अभिवृद्धिले प्रमुख महत्व राख्दछ । स्थानीय निकायहरुको वर्तमान क्षमता अभिवृद्धि गर्नुपर्ने प्रयोजनका लागि विद्यमान कार्यप्रणाली, समस्या र समाधानका उपायहरु पहिचान गरिनु अत्यावश्यक थियो । अतः यससम्बन्धी विवरण संकलन गर्न आवश्यक प्रश्नावली तयार गरियो । ती प्रश्नावलीसहित तनहुँ, दोलखा र सप्तरी जिल्लाका स्थानीय निकायहरुको स्थलगत भ्रमण गरी स्थानीय निकायका सम्बन्धित पदाधिकारीहरुसँग छलफल तथा अन्तर्क्रिया गरियो । तनहुँ जिल्लामा २०६१ साल साउन ३ गतेदेखि ७ गतेसम्म, दोलखामा साउन १० देखि १४ गतेसम्म र सप्तरीमा साउन १८ देखि २३ गतेसम्म विस्तृतरुपमा छलफल गरेको आधारमा तयार पारेको स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीतिको मस्यौदा दस्तावेज खण्ड (ख) को परिच्छेद आठमा प्रस्तुत गरिएको छ ।

ऐन, नियममा संशोधनको प्रस्ताव: विषयगत निक्षेपणको कार्यमा तीव्रता दिन प्रचलित स्थानीय स्वायत्त शासन ऐन र नियमावली तथा अन्य ऐनसँग बाझिएका प्रावधानहरुलाई संशोधन गरी समयानुकूल बनाउन संशोधनको प्रस्ताव छुट्टै पेस गरिएको छ ।

प्रतिवेदन तयारीः यो अध्ययनको सिलसिलामा अपनाइएका प्रक्रिया, कार्य, गोष्ठी, लक्षित समूह, छलफल/अन्तर्क्रिया कार्यक्रम, रणनीतिको खाका लगायतका विषयवस्तुहरु समावेश गरी यो प्रतिवेदन तयार पारिएको छ ।

## १.४ अध्ययन समूह

सल्लाहकार समितिः यो अध्ययन कार्यलाई सुचारु रुपमा सम्पन्न गर्न आवश्यक मार्गदर्शन गर्न र सल्लाह दिन निम्नानुसारको सल्लाहकार समिति गठन गरिएको थियो :

☞ श्री उदय नेपाली श्रेष्ठ - संयोजक
☞ श्री काशीराज दाहाल - सदस्य
☞ श्री उदयराज सोती - सदस्य
☞ श्री भगवतीकुमार काफ्ले - सदस्य
☞ श्री गंगादत्त अवस्थी - सदस्य
☞ श्री सोमलाल सुवेदी - सदस्य
☞ श्री कृष्णमान प्रधान - सदस्य-सचिव

अध्ययन टोली : अध्ययन टोलीमा निम्नानुसारका व्यक्तिहरु संलग्न रहनु भएको थियो :-

☞ श्री कृष्णमान प्रधान - संयोजक
☞ श्री उदय नेपाली श्रेष्ठ - सदस्य
☞ श्री काशीराज दाहाल - सदस्य
☞ श्री महेशप्रसाद दहाल - सदस्य
☞ श्री दिनेश थपलिया - सदस्य
☞ श्री रेश्मिराज पाण्डे - सदस्य
☞ श्री शिवकुमार श्रेष्ठ - सदस्य
☞ श्री उद्धव भट्टराई - सदस्य
☞ श्री उषा मल्ल पाठक - सदस्य
☞ श्री गीता श्रेष्ठ - सदस्य

## १.५ अध्ययनका सीमा तथा समस्या

प्रतिष्ठानले यो अध्ययन सम्पन्न गर्न विभिन्न कठिनाइ र समस्याहरुको सामना गर्नु परेको थियो । उक्त समस्या तथा कठिनाई निम्न बमोजिम उल्लेख गरिन्छ ।

असुरक्षाको प्रभावः वर्तमान शान्तिसुरक्षाको नाजुक स्थितिले गर्दा सदरमुकामभन्दा बाहिर जान असुरक्षाको त्रास रह्यो । आवत जावतमा कठिनाई पैदा भयो । त्यसैले विराटनगर र पोखरामा भएका क्षेत्रीय गोष्ठीहरुमा अपेक्षित सहभागीहरु उपस्थित हुन सकेनन् भने क्षेत्रीय गोष्ठीहरु चार ठाउँमा गर्ने गरी पहिले प्रस्ताव गरिएकोमा असुरक्षाकै कारण दुई ठाउँमा सीमित गर्नुपऱ्यो ।

जननिर्वाचित प्रतिनिधिहरुको रिक्तताः यो अध्ययन कार्य भइरहेको समयमा स्थानीय निकायहरुमा जननिर्वाचित प्रतिनिधिहरु बहाल नरहनु भएकोले क्षेत्रीय गोष्ठीहरु तथा स्थलगत अध्ययनमा गरिएका जिल्लाहरुमा उहाँहरुको अभाव खट्कियो । निवर्तमान तथा पूर्व पदाधिकारीहरुको उपस्थिति रहे तापनि बहालवालाको हैसियतमा सहभागी नहुँदा विषयवस्तुप्रति चिन्तित र

उत्तरदायी भएको पाइएन । सहभागीहरुले कार्यक्रममा विस्तृत रुपमा छलफल गरी राय सुझाव दिने क्रममा जिम्मेवारी महसुस नगर्दा वास्तविक सुझाव संकलन गर्न समस्या परेको थियो ।

सरोकारवालाहरुको व्यस्तता: काठमाडौंमा मन्त्रालयका उच्च पदाधिकारीहरुलाई अन्तर्क्रियाको निम्ति सहभागी हुन आग्रह गर्दा उहाँहरु ज्यादै व्यस्त रहनु भएकोले समय मिलाउन गाह्रो पर्‍यो । यसैगरी केही राजनीतिक दलका उच्च नेताहरुले पनि व्यस्तताको कारणबाट लक्षित समूह अन्तर्क्रियामा सहभागी हुनसक्नु भएन ।

अद्यावधिक विवरणको अभाव: कतिपय निकायहरुले राख्नुपर्ने विवरण, तथ्याङ्क अद्यावधिक राख्ने नगरेबाट पनि यथार्थ विवरण पाउन विलम्ब भयो ।

ααααα

परिच्छेद - दुई

# विभिन्न निकायहरुसँग  अन्तर्क्रिया

नेपाल अधिराज्यको संविधान, २०४७ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भावनाअनुसार विकेन्द्रीकरणका माध्यमद्वारा जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित गराई योजनाहरुको तर्जुमा र संचालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्नसक्ने गरी स्थानीय निकायहरुको संस्थागत विकास गर्न आवश्यक छ । यस अनुसार स्थानीय निकायमा विषयगत निक्षेपणको लागि कस्तो रणनीति अपनाउँदा प्रभावकारी हुनसक्छ भन्ने विषयमा ग्रामीण विकास प्रतिष्ठानबाट विषयगत निक्षेपण रणनीति तर्जुमा अध्ययनसम्बन्धी प्रतिवेदन तयार पार्ने सिलसिलामा अध्ययन सामाग्रीको संकलन, विश्लेषण तथा सम्बन्धित संस्थाका अधिकारीहरुसँग भेट गरी विचारको आदान प्रदान गरियो । यस क्रममा स्थानीय निकायका संघ/महासंघका प्रतिनिधि, सरोकारवाला सम्बन्धित मन्त्रालयका पदाधिकारीहरु र दातृसंस्थाका प्रतिनिधिसँग अध्ययन टोली बसी निम्न अनुसार छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

## २.१ स्थानीय निकायका संघ/महासंघहरु

### गाउ" विकास समिति राष्ट्रिय महासंघ नेपाल (NAVIN)

गाविस राष्ट्रिय महासंघले विकेन्द्रीकरण तथा निक्षेपण कार्यमा सघाउ तथा रचनात्मक भूमिका निर्वाह गरिआएको छ । यस सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली छिटो तर्जुमा गराउन आवश्यकता महसुस गरी त्यसका लागि दबाव (Lobbying) गर्नुका साथै निक्षेपण कार्यको सम्बन्धमा गाविस राष्ट्रिय महासंघ र Citizen for Poverty Watching Forum (CPWF) को संयुक्त तत्वावधानमा Capacity Assessment of Village Development Commitees in Relation to Decentralization and Devolution of Education, Health, Agriculture and Postal Service विषय अनुसन्धान गरी सुझाव सहितको प्रतिवेदन तयार गरिएको छ । पूर्ण अधिकार निक्षेपण गर्नु अगाडि गाविसहरुको संख्या र संरचनामा परिवर्तन ल्याउनुपर्ने देखिन्छ । त्यसैगरी विषयगत निक्षेपणको सन्दर्भमा केही जिल्लाहरुमा नमुनाको रुपमा कार्यान्वयन गर्ने श्री ५ को सरकारको सोंच व्यावहारिक देखिदैन किनकि सबै गाविसको स्रोत परिचालन क्षमता (Resource Capacity) समान नभएको अवस्थामा यो नीति उपयुक्त हुदैन । साथै, स्थानीय स्वायत्त शासन ऐन र नियमको सिद्धान्तविपरीत हुनेछ । सैद्धान्तिक रुपमा सहमत भए पनि हाल स्थानीय स्वायत्त शासन ऐन,

२०५५ को प्रावधानमा निक्षेपण चरणबद्ध रुपमा लागू गर्ने व्यवस्था नभएको र अध्यादेश मार्फत संसोधन गरिनु प्रजातान्त्रिक मान्यता विपरीत हुनेछ ।

वर्तमान अवस्थामा गाविस सचिवलाई अत्यधिक कार्य बोझ रहनुका साथै गाविस अध्यक्षबाट आर्थिक कारोवार अर्थात् लेखा सम्बन्धी कार्य सान्दर्भिक नरहेका राजनीतिक व्यक्तित्वलाई लेखा क्षेत्रबाट मुक्त गर्नुपर्ने तर्फ जोड दिदैं प्रत्येक गाविसमा एक जना लेखापाल वा सहलेखापाल व्यवस्था गर्न आवश्यकता भएको औंल्याइयो ।

परराष्ट्र, मुद्रा निष्कासन र सुरक्षा निकाय बाहेकका सबै कार्य निक्षेपण हुनु पर्दछ । नीतिगत विषय केन्द्रमा रहनुपर्ने कुरामा सहमति भएको थियो । साथै, जिविस र गाविसको भूमिका स्पष्ट हुनुपर्दछ । अधिकार निक्षेपण गर्दा सूचकांकको आधारमा सेवामुखी लागत प्रभावकारी हुने किसिमले गर्नुपर्ने गरी नियम र नियमावली पनि स्पष्ट हुनुपर्छ । सेवा प्रवाहको केन्द्रविन्दु गाविसलाई बनाउनुपर्ने र जिविसलाई संयोजक मात्र भूमिका दिनु पर्दछ। निक्षेपणबिना विकेन्द्रीकरण नितान्त कागजी अवधारणामा सीमित हुन जान्छ । निक्षेपण गर्दा स्थानीय तहको गाविसलाई लक्षित गरिनु पर्दछ, किनभने यो निकायनै सेवा प्रदान गर्ने प्रथम निकाय हो । त्यस्तै गरी गाविसको संख्या तथा संरचनालाई पुनर्संरचना गरी जनशक्तिको संख्या, स्तर र सुविधा बृद्धि गरी काम तथा कर्तव्य पनि स्पष्ट किटान गरिनु पर्दछ ।

## नेपाल नगरपालिका संघ (MuAN)

निक्षेपणका सम्बन्धमा नगरपालिका संघले विभिन्न मञ्चहरुमा प्रश्नहरु उठाउने, जागरणका कार्यहरु गरी रचनात्मक भूमिका निर्वाह गरेको छ । यसरी छलफलमा मात्र सीमित नरही प्रभावकारिताको लागि गहन स्थलगत अध्ययनको आवश्यकता भए तापनि अहिलेसम्म त्यस्तो कार्य भएको छैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को मस्यौदा तर्जुमा हुनु अगावै स्थानीय निकाय स्थानीय सरकारको रुपमा हुनुपर्छ भन्ने अडान संघको रहेको थियो र अहिले पनि छ । चार वटा विषयगत निक्षेपण कार्य पर्याप्त नभएकोले निक्षेपणको काम विस्तार गर्ने सन्दर्भमा नेपाल नगरपालिका संघ (MuAN) को कार्य समितिका सदस्यहरुसँग छुट्टै छलफल कार्यक्रम राखी ती अनुभवी व्यक्तित्वहरुको अनुभव समेत समेट्नुपर्छ ।

हालसम्मको निक्षेपण प्रगति मूल्याङ्कनको बारेमा शिक्षा क्षेत्रलाई विशेष लक्षित गर्दा स्कूलहरु नगरपालिका क्षेत्रमा हस्तान्तरण नभएको देखियो । यो कार्य हाल गाविसहरुमा मात्र सीमित भएको छ । धुलिखेल तथा बनेपा नगरपालिकाको हकमा यो निक्षेपण प्रक्रियाबाट हस्तान्तरण गरेको नभई नगरपालिकाहरु स्वयंको सक्रिय सहभागिता रहेको र ऐन आउनु अगाडिदेखि संचालित स्कुलहरु सरकारले स्वेच्छाले दिएको होइन । यद्यपि यी दुई नगरपालिकालाई श्री ५ को सरकारले निक्षेपण भएका उदाहरण दिने गरेको, नगर क्षेत्रमा त्यति धेरै निक्षेपण नभएको भरखर केही मात्रामा भएको, त्यो पनि संघसँग कुनै अभिलेख नभएकोले यस्तो सूचनाहरु राख्नुपर्ने, अहिले सम्ममा विद्यालय हस्तान्तरणको प्रक्रियाबारे संघको तर्फबाट प्रचार प्रसार गर्न खासै प्रयास गरिएको छैन ।

निक्षेपणलाई कसरी लैजाने भन्ने बारेमा छुट्टै धारणा वा छलफल अहिलेसम्म भएको छैन । तर संघ यस बारेमा सकारात्मक, सक्षम तथा कार्यान्वयन गर्न तयार रहेको छ । निक्षेपण गर्दा बजेटसहितको एकमुष्ठ निक्षेपण (package devolution) हुनु पर्दछ । निक्षेपणलाई केही

जिल्लाहरुमा नमुनाको रुपमा लैजाने सरकारको नीतिप्रति संघको स्पष्ट धारणा बसिकेको छैन । यस सम्बन्धमा संघ/महासंघको सामूहिक आवाज तयार गरी अगाडि जानुपर्ने आवश्यकता देखिन्छ । सबै नगरपालिकाको निक्षेपण प्रकृयालाई एउटै ढंगले हेर्न नसकिने, नगरपालिकाको स्रोत क्षमतालाई ध्यान पुऱ्याउनुपर्ने र संघको अवधारणाको सम्बन्धमा निक्षेपण कार्य नमुनाभन्दा सबैलाई एकैपटक दिनुपर्छ । नगरपालिकाहरु सबै सक्षम छन । सक्षम नभए सक्षम बनाउने व्यवस्था गरिनु पर्दछ ।

विद्यालय व्यवस्थापन समितिलाई स्थानीय निकायप्रति जिम्मेवार बनाउनु पर्छ र उत्तरदायित्व सम्बन्धित स्थानीय  निकायप्रति हुने व्यवस्था आवश्यक छ । स्थानीय स्वायत्त शासन ऐन आउनु अगाडि शिक्षा ऐनले दिएको अधिकारलाई स्थानीय स्वायत्त शासन ऐनले कटौती गरेको हुँदा अब निक्षेपण गर्दा उत्तरदायित्व, जिम्मेवारीका साथै नियन्त्रण र सन्तुलनको पनि व्यवस्था गर्नुपर्छ । शिक्षकको सेवा सर्त, सुविधाहरुको स्पष्ट व्यवस्था हुनु अति आवश्यक छ । शिक्षा ऐनको व्यवस्थापन संरचनामा परिवर्तन गर्नुपर्ने सम्बन्धमा विस्तृत अध्ययन हुनुपर्छ ।

निक्षेपण कार्य कहिलेसम्म कसरी गर्नुपर्छ भन्ने विषयमा सबै स्रोत र साधनसहित सम्पूर्ण अधिकार सम्पन्न रुपमा तत्कालै निक्षेपण हुनुपर्ने संघको धारणा रहेको छ । निक्षेपण कार्यलाई अगाडि बढाउन आर्थिक अधिकार निक्षेपण सम्बन्धी अध्ययन भएको धुलिखेलको प्रतिवेदन हरेक मञ्चहरुमा उठाएको आवाज नै संघले हालसम्म गरेको प्रयास र उपलब्धि हो ।

निक्षेपणको अन्तिम विन्दु समुदाय रहेको र स्थानीय निकायले यसको अनुगमन र जिम्मेवारी लिनुपर्छ । स्थानीय निकायहरु निर्विघ्न रुपमा संचालन भएको हुनु पर्दछ । ऐनले व्यवस्था गरेको विषयगत शाखा नगरपालिकामा पनि आवश्यक छ । काममा दोहोरोपन देखिएको खानेपानी, ढल, भौतिक निर्माण जस्ता विभिन्न क्षेत्रले आ-आफ्नो तरिका तथा योजना अनुसार कार्य गरेर काममा दोहोरोपना आएको छ । त्यसको लागि नगरपालिकाभित्र हुने कामको जानकारी नगरपालिकालाई हुनुपर्छ । कामको वर्गीकरण गरी नगरपालिकास्तरीय सबै विकास निर्माण र सेवा प्रवाह गर्ने काम नगरपालिकालाई दिइनु पर्छ । निक्षेपण गर्दा सम्बन्धित क्षेत्रको जनसहभागितामा गहन अध्ययन अनुसन्धान गरी स्पष्ट ऐन कानून सहित निक्षेपण गर्नुपर्छ । स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा जिम्मेवारी, उत्तरदायी बनाई सम्पूर्ण अधिकार सम्पन्न गराउनुपर्ने र त्यसको सुपरिवेक्षण तथा मूल्याङ्कन केन्द्रीयस्तरबाट गर्ने व्यवस्था गरी नियन्त्रण र सन्तुलन मिलाउनु पर्छ । निक्षेपण कार्य तत्काल सबै क्षेत्रमा समान रुपमा सम्पन्न गर्नुपर्ने निष्कर्ष रहेको छ ।

## जिल्ला विकास समिति महासंघ, नेपाल (ADDCN)

स्थानीय स्वायत्त शासनको भावनाअनुसार राज्य सञ्चालन प्रक्रियाको अवलम्बन र त्यसको प्रभावकारी कार्यान्वयन गर्न निक्षेपण प्रक्रियालाई मूर्तरुपमा लागू गराउनु महासंघको उद्देश्य रहेको छ । सो अनुरुप निक्षेपणलाई प्रभावकारी रुपमा लागू गर्न महासंघले कानूनको निर्माण, सडक आन्दोलनको माध्यमबाट दवाव सिर्जना, स्थानीय निकायका पदाधिकारीहरुलाई अभिमुखीकरण लगायत महासंघ संलग्नता रहेको हरेक कार्यक्रममा निक्षेपण सम्बन्धी बुँदालाई सशक्त रुपमा अघि बढाउँदै लगेको छ । तथापि सरकारीस्तरबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भावनाअनुरुप निक्षेपणको प्रकृया अगाडि बढ्न नसकेको देखिन्छ । त्यसैगरी स्वायत्त शासन ऐनका व्यवस्थालाई नियमावलीले साँघुरो पारेको, ऐनको कतिपय दफाहरु निक्षेपणको

लागि प्रतिगामी दफाको रुपमा रहेको तथा प्रशासनिक व्यवस्था, वितीय व्यवस्था एवं कार्य प्रणाली केन्द्रिकृत रहेको छ । केन्द्र र स्थानीय निकायका कार्यहरुमा दोहोरोपन रहेको पाइन्छ ।

निक्षेपणलाई अघि बढाउन जिम्मेवार र पहल गर्नुपर्ने निकायहरु "स्थानीय निकायहरु संक्षम छैनन्" भन्ने पूर्वाग्रहबाट ग्रसित छन् । कुनै एक निर्वाचन क्षेत्रबाट निर्वाचित सांसद प्रधानमन्त्रीसमेत बन्नसक्ने सक्षमता राख्दछन् भने सिंगै जिल्लाबाट निर्वाचित जिल्लाका पदाधिकारीलाई असक्षम भन्ने मनस्थिति राख्न भएन । यस्तो पूर्वाग्रह राख्नुभन्दा स्थानीय निकायको क्षमता मूल्यांकन भने नियमित तवरमा गर्नुपर्ने र मूल्यांकनका आधारमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन नियमित तवरमा गर्नु पर्दछ ।

निक्षेपणको प्रकृतिलाई अघि बढाउने क्रममा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को मर्मअनुरुप जिविसमा सोभै विषयगत शाखा स्थापना गर्नेतर्फ उन्मुख हुनु पर्छ । हाल प्रस्तावित निश्चित संख्याका विद्यालय र स्वास्थ्य चौकी हस्तान्तरण गर्ने कुरा त्यति ठीक भएन । सिंगै शाखा-शाखाको हस्तान्तरण र त्यस अन्तर्गतका सम्पूर्ण कार्यप्रक्रियाको हस्तान्तरणलाई अघि बढाउनु उपयुक्त हुन्छ । श्री ५ को सरकारले जारी गरेका विभिन्न निर्देशिकाहरु पनि त्यति प्रभावकारी नभएको देखिन्छ ।

स्थानीय निकायका कर्मचारीको व्यवस्थासम्बन्धी विषय हाललाई प्रमुख विषयको रुपमा रहेको छ । स्थानीय सेवा ऐन तर्जुमा गरी छिटोभन्दा छिटो स्थानीय सेवाको गठन र कार्यान्वयन गर्नु पर्दछ ।

जिल्ला विकास समितिलाई प्रभावकारी र स्वायत्त बनाउन विशेष गरी निम्न क्षेत्रहरुलाई जिविसको पूर्ण मातहतमा राखिनु पर्दछ-

- कार्यक्रम तथा कर्मचारीहरुको प्रशासनिक नियन्त्रण
- कार्यगत जिम्मेवारी
- वित्तीय नियन्त्रण

निक्षेपण गर्दा शाखाहरु एकमुष्ठ रुपमा लैजाने सोच राख्नु उपयुक्त हुन्छ । शाखा हस्तान्तरण प्रकृयामा कर्मचारी, बजेट इत्यादि सबै जिविसहरुमा जानु पर्छ अर्थात् एकमुष्ठ निक्षेपण हुनु पर्दछ । शाखागत कार्यक्रमको के कस्ता काम गर्दा अप्ठ्यारा भएका छन्, तिनलाई जिविसलाई "लादिने" प्रकृयाबाट निक्षेपण गर्नु भएन ।

जिविस कोषमा आएको बजेट रकम स्थानीय विकास अधिकारीले बैठकको निर्णय र पदाधिकारीसँगको छलफल विना सुटुक्क चेक काटेर खर्च गर्ने व्यवस्था हुनु भएन । जसले गर्दा जिविस पदाधिकारी र जिविसलाई जवाफदेही र कार्यक्रमप्रति अपनत्वमा ह्रास आउनबाट नियन्त्रण गर्न सहयोग पुऱ्याउने छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको व्यवस्थाअनुसार निक्षेपणको प्रक्रियालाई चरणबद्ध रुपमा वा पाइलटको रुपमा लैजानु आवश्यक छैन । तर अनुदानको व्यवस्था गर्दा भने जिविसको अवस्था अनुसार क्षमताको अवधारणालाई पनि हेर्नुपर्दछ ।

शिक्षा क्षेत्रमा गरिएको निक्षेपण प्रक्रिया अन्तर्गतको विद्यालय व्यवस्थापन समितिलाई सुम्पिंदा विद्यालय व्यवस्थापन समितिको निर्माण निर्वाचित जनप्रतिनिधिको समिति नभएको हुँदा समस्या भएको छ । यसबाट के स्पष्ट भएको छ भने निक्षेपण गर्दा निर्वाचित पदाधिकारीभन्दा तलका पदाधिकारीहरुमा जवाफदेही पर्न गएमा अस्पष्टता आउने छ । तसर्थ हालको विद्यालय हस्तान्तरण प्रक्रियामा समस्या आएको छ । सहीरुपमा निक्षेपण नगरिंदा सबै विषयगत कार्यक्रम जिविस, गाविसप्रति उत्तरदायी नभई सिंहदरवारमुखी छ । उत्तरदायित्व, जवाफदेहीपना पनि स्थानीय विकासप्रति नभै अन्य ठाउँमा गएमा समस्या बढ्ने रहेछ भन्ने कुरा हालको वन, शिक्षाको हस्तान्तरण प्रक्रियाबाट प्रमाणित भएको छ । विद्यालय हस्तान्तरण निक्षेपणको प्रक्रियामा अवलम्बन गरिएको जिल्ला शिक्षा अधिकारीले विद्यालय व्यवस्थापन समितिलाई भंग गर्न सकिने अधिकारबाट स्थानीय निकायलाई कमजोर वनाएको स्पष्ट छ । विद्यालय व्यवस्थापन समिति अन्तर्गत स्थानीय शिक्षकलाई काम दिनु पर्दछ ।

हरेक विषयगत निक्षेपण एकमुष्ठ रुपमा जानु आवश्यक छ । शिक्षा क्षेत्रको हकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले धेरै बोलेको छैन, तसर्थ अन्यौल नै छ । तर अन्य विषयगततर्फ स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा स्पष्ट उल्लेख भएको छ र निक्षेपणको प्रक्रिया सोही भावनाअनुसार जानु आवश्यक छ ।

संस्थागत हिसावबाट हेर्दा निक्षेपणलाई गाविसस्तरसम्म पुऱ्याउनु पर्दछ भन्ने महासंघको धारणा छ । जनतालाई प्रत्यक्ष लाभ प्राप्त हुने हकमा भने सेवा प्रदायक जनतामै पुग्नु पर्दछ । समग्रमा भन्दा निक्षेपण मार्फत सेवा प्रदानको नियमन स्थानीय निकाय मार्फत हुन पर्दछ भने सेवाको पहुँच पुऱ्याउने काम नागरिक समाज मार्फत गर्नु पर्दछ । जनताले सेवा प्रदायकद्वारा लाभ पाउनु पर्दछ ।

निक्षेपणको प्रकृयामा महिला, उपेक्षित तथा पीडित समुदाय, वातावरणीय पक्ष, सहकारितासम्बन्धी विषयहरु जुन क्रस कटिङ प्रकृतिका छन् तिनलाई पनि समावेश गरी अघि बढ्नु पर्ने आवश्यकता छ । स्थानीय स्वायत्त शासन ऐन लागू भएपछि हालसम्मको अवस्थालाई मूल्याङ्कन गरिहेर्दा मुख्यतः निम्न पक्षहरु सकारात्मक रहेको पाइन्छः-

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ समग्रमा हेर्दा यो ऐन आफैमा अग्रगामी सोच लिएर आएको स्वतः स्पष्ट हुन्छ ।
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू भएपश्चात् राजस्वको बाँडफाँड गर्ने प्रकृया शुरुवात भएको छ ।
- स्थानीय विकास अधिकारीबाहेक जिविस अन्तर्गतका सम्पूर्ण अन्य कर्मचारी जिविसले भर्ना गर्न पाउने प्रावधानले जिविसलाई बलियो र उत्तरदायी बनाएको छ ।

Subisdiarity Principle अनुसार निक्षेपण तल्लो तहसम्म पुग्नुपर्छ तसर्थ यसलाई स्थानीय व्यक्तिसम्म पुऱ्याउनुपर्नेमा जोड दिनु पर्दछ । यसको लागि स्थानीय निकाय संघ/महासंघले साझेदारको भूमिका खेल्दै आएको छ । संघ/महासंघलाई कानूनी मान्यता तथा भूमिका समेत स्पष्ट रुपमा तोक्नु पर्दछ ।

मूल्याङ्कन कार्य मन्त्रालय अनुसार फरक फरक रही अपूर्ण तथा अस्पष्ट रहेको छ । स्थानीय निकाय संगठित ढाँचा (Corporat Model) जस्तो देखिएको छ । त्यसमा पनि विशेषगरी

स्वास्थ्य र शिक्षामा यस्तो देखिएको छ। गाविसले प्रस्ताव गरेका योजना वेवास्ता गरिन्छ । त्यसैगरी केन्द्रीय निकायका गठन एवं गरिवी निवारण कार्यक्रम विकेन्द्रीकरणको अवधारणाविपरित भएको छ । स्थानीय निकायलाई बेवास्ता (Bypass) गर्नु उचित होइन ।

सेवा प्रवाहमा प्रभावकारिता ल्याउने मनसायबाट विचार गरी निक्षेपण गर्न विशेष ध्यान दिनु आवश्यक छ । निक्षेपण गर्दा आउने विभिन्न कानूनी समस्यालाई सुधार्नु पर्छ । जनशक्ति तथा स्रोत र साधन परिचालनमा जे गर्न खोजिएको हो, त्यो चाँडो गर्नुपर्छ । निक्षेपण कुन अवधिसम्ममा कसरी जानु पर्ला भन्ने किसिमको प्रश्नावलीहरु बनाएर जानुपर्दछ ।

स्थानीय सरकारको प्रमुख कर्तव्य सेवा प्रवाहसँग सम्बन्धित हुँदा विकेन्द्रीकरणको अवधारणा आत्मसात गर्ने हो भने स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा लानु पर्दछ । हाल चारवटा क्षेत्र मात्र निक्षेपण गर्ने श्री ५ को सरकारको नीतिप्रति सन्तुष्ट हुन सकिंदैन । स्थानीय निकायभन्दा स्थानीय सरकारको संरचनामा रुपान्तरण गरिनु पर्दछ । तदर्थको कुराभन्दा अहिलेको यथास्थितिको विश्लेषण गरेर दीर्घकालीन सोच राखेर नीति निर्धारण गरिनु उचित हुन्छ । निक्षेपणको कार्यमा आफैमा विश्वास नभएको अवस्थामा रहेको हुँदा योजनामा तर्जुमामा मात्र सीमित नरही कार्यान्वयनमा गयो भने मात्र जनताले विश्वास गर्ने छन् । केही जिल्लाहरुमा नमुनाको रुपमा लानुभन्दा सबै जिल्लामा पूर्णरुपमा एकपटक संचालन गर्नु पर्दछ ।

विकेन्द्रीकरणको सिद्धान्तलाई ध्यानमा राखी माग र आपूर्ति कसरी गर्ने भनी सोच्नुपर्छ । आमूल परिवर्तन (radically) वा चरणबद्ध (gradually) कसरी कार्यान्वयनमा जाने भनेर विचार गर्नु पर्छ । निक्षेपण गर्दा जुन क्षेत्रबाट माग आउँछ र जसको क्षमता छ त्यसमा मात्र लागू गरी अरु सबै केन्द्रमा मात्र सीमित राख्नुपर्छ भन्ने मान्यता त्याग्नुपर्छ । निक्षेपण कार्य कर्मचारीले रोकेरमात्र रोकिने अवस्था नभएकोले आवश्यक जनशक्तिको सन्दर्भमा पुनः संरचना गर्नुपर्छ । साथै, स्थानीय स्वायत्त शासन ऐनको दफा १८९ लागु गर्न के कस्ता अप्ठाराहरु छन, त्यसतर्फ पनि ध्यान दिनु पर्दछ ।

## २.२ सरोकारवाला मन्त्रालयहरु

श्री ५ को सरकारको विषयगत पक्षहरु, क्षेत्रगत निक्षेपणको वर्तमान स्थिति र विषयगत निक्षेपणसँग सम्बन्धित सरोकारवाला मन्त्रालयसँग यस सम्बन्धी प्रमुख सवालहरुका विषयहरुलाई लिएर छलफल गरियो । प्रतिष्ठानद्वारा तयार पारिएको अवधारणापत्र (Concept paper) को बारेमा जानकारी दिने र श्री ५ को सरकारको निक्षेपण सम्बन्धमा वर्तमान सोच र कार्ययोजना बुझ्ने अभिप्रायले फरक फरक मितिमा अधिकांश मन्त्रालयमा छलफल कार्यक्रमको आयोजना गरियो । उक्त छलफलको आधारमा तयार पारिएको संक्षिप्त बुँदाहरु निम्न बमोजिम प्रस्तुत गरिएको छः

### शिक्षा तथा खेलकूद मन्त्रालय

संविधान, कानून तथा सरकारले लिएको स्थानीय निकायमा अधिकार निक्षेपण गर्ने नीतिअनुरुप शिक्षा ऐनको सातौं संशोधनपश्चात श्री ५ को सरकारको नीतिअनुसार शिक्षा क्षेत्रको अधिकार निक्षेपण गर्ने क्रममा पहिलो चरणमा ६०० वटा विद्यालय हस्तान्तरण गर्ने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०५९/६० सम्म ६७७ वटा विद्यालय हस्तान्तरण भइसकेको छ । र, १००० वटा

प्राथमिक विद्यालय हस्तान्तरण गर्न सकिने धारणा रहेको छ। यसरी हस्तान्तरण गर्दा एक लाखसम्मको प्रोत्साहन अनुदानको रुपमा दिने नीति रहेको र केहीले पाइसकेका छन् ।

शिक्षा क्षेत्र निक्षेपण तथा विद्यालय हस्तान्तरणको सन्दर्भमा कानूनहरु बाभिmएकोले सो संसोधन गर्नुपर्ने देखिन्छ । शिक्षा क्षेत्र स्थानीय निकायलाईभन्दा समुदायमा हस्तान्तरण गर्नु उचित हुनेछ । स्थानीय निकायलाई सहजकर्ताको भूमिका मात्र दिई केन्द्रीयस्तरको निश्चित कार्य तोकी अन्य सम्पूर्ण कार्य समुदायमा नै केन्द्रीत गरी निक्षेपण गर्नुपर्दछ ।

स्थानीय निकाय र शिक्षा सेवा आयोगको अधिकारको बारेमा पुनःपरिभाषित गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायको सम्बन्धबारेमा पनि स्पष्ट परिभाषित गर्नुपर्दछ । प्रधानाध्यापकलाई बलियो र शक्ति सम्पन्न बनाउनुपर्ने र अभिभावकहरुको सहभागितालाई प्राथमिकता दिनुपर्दछ । शिक्षकहरु जिल्ला शिक्षा अधिकारीप्रति उतरदायी हुनुपर्ने, स्थानीय निकायप्रति होइन भन्ने शिक्षकहरुको अवधारणाले निक्षेपण कार्यको प्रभावकारितामा समस्या देखा परेको छ ।

दशौं योजनामा निर्दिष्ट "सबैका लागि शिक्षा" भन्ने नीतिअनुरुप ८ हजार विद्यालयहरु हस्तान्तरण गर्ने कामका लागि बजेटको व्यवस्था समेत भएको छ । अधिकार निक्षेपण गर्दा शिक्षकको सेवा सुविधाहरु, शिक्षक सेवा आयोगले विद्यालयको शिक्षक रोज्न पाउने अधिकारहरुका सम्बन्धमा स्पष्ट परिभाषा तथा व्यवस्था गर्नुपर्छ । शिक्षक सेवा आयोगले शिक्षकहरुलाई शिक्षण पेशाको प्रमाणपत्र मात्र दिने वा अरु के कस्ता कार्यहरु गर्ने हो, त्यस सम्बन्धमा पनि स्पष्ट हुनुपर्छ ।

## कृषि तथा सहकारी मन्त्रालय

निक्षेपणको प्रमुख उद्देश्य जनतालाई गुणस्तरीय सेवा पुऱ्याउनु हो र निक्षेपण हुनुपर्ने कुरामा मन्त्रालय स्पष्ट छ। यसै क्रममा जिल्लास्तरमा हुने कृषि तथा पशु प्रसार सेवा लगायतका कार्यहरु गत वर्षदेखि निक्षेपण भएको छ । यस अवधिमा निक्षेपणको प्रभावकारी कार्यान्वयनमा विभिन्न समस्याहरु देखा परेकोमा निम्नानुसारका गतिविधिहरु सञ्चालन भइरहेका छन्ः-

- निक्षेपण गर्ने उपयुक्त प्रक्रियाको खोजी अझै भइरहेको छ ।
- निक्षेपणको अनुभव र समस्याहरुबारे गोष्ठीहरु सम्पन्न भएका छन् ।
- कृषि तथा पशु सेवा प्रसार कार्यक्रम निक्षेपणको २ वर्षको अनुभवबारेमा एउटा स्वतन्त्र अध्ययन सम्पन्न गरिएको छ ।
- २०५९ मँसिरमा कृषि तथा पशु सेवा कार्यक्रम निक्षेपणको लागि निर्देशिका तयार गरियो ।
- २०६० पुस महिनामा उक्त निर्देशिकालाई परिमार्जन गर्ने काम भयो ।

**विद्यमान समस्याहरु**

- कृषिका कर्मचारीहरु दोहोरो उत्तरदायी तथा जवाफदेही बन्नु परेको छ । जिल्लामा गरिएका कामको दोहोरो प्रतिवेदन गर्ने ( जिविस र विभागमा) प्रचलन अझै हटाइएको छैन ।

- निर्देशित कार्यक्रम योजना (guideline program planning) जिविसमा हुने व्यवस्थाले केही जिल्लाहरुमा कार्यक्रम परिवर्तन गर्दा गाह्रो परेको छ ।
- जिविसले कतिपय कार्यक्रमहरुप्रति स्वामित्वको अनुभूति गरेका छैनन् ।
- स्रोत परिचालन आवश्यकताअनुसार नभएर हचुवा रुपमा हुने गरेको छ ।
- जिविसले प्रारम्भिक योजनाअनुसार कार्यक्रम बनाउन सकेको छैनन् । आवश्यकताको आधारमा कार्यक्रमहरु बनाउन नसकेको समस्या विद्यमान छ ।
- कृषि तथा पशु सेवा प्रसारसम्बन्धी कार्यक्रमहरु जिविसमा निक्षेपण भएको छ भने कर्मचारीहरु, संरचना र बजेट भने जिविसमा निक्षेपण भइसकेको छैन ।
- लेखा परीक्षणको सन्दर्भमा पनि समस्या रहेको छ, अस्पष्टता छ ।
- कतिपय जिल्लामा कार्यक्रको तर्जुमा गरी जिविसबाट स्वीकृत गर्ने र कार्यान्वयन तथा अनुगमन गर्ने शुरुवात भएको छ । तर केही जिविसहरुमा पूर्व निर्धारित कार्यक्रमहरु संशोधन गरी र नयाँ लक्ष्य निर्धारण गरेका छन् ।
- जिल्लाका लागि विनियोजना गर्ने स्रोतको बाँडफाँड हचुवाको भरमा गर्ने प्रचलन अझै विद्यमान छ । आवधिक योजनाहरु तयार भएका छन् तर पनि तिनको आधारमा स्रोतको बाँडफाँड गर्ने र योजना तर्जुमा गर्ने काम अझै हुन सकेको छैन ।
- कतिपय जिल्लाहरुमा कार्यरत गैर-सरकारी संस्था र अतराष्ट्रिय गैर-सरकारी संस्थाहरुले चलाएका कार्यक्रमहरुको उचित समन्वय हुन सकेको छैन र दोहोरोपना रहेको पाइएको छ ।

**सकारात्मक पक्ष**

- जिल्लामा निक्षेपणसँग सम्बन्धित कामहरुमा जिल्लाका सरोकारवालाहरुको सहभागितामा वृद्धि भएको छ ।
- सम्बन्धित कर्मचारीहरु निक्षेपणका प्रक्रियाहरुप्रति सकारात्मक देखिएका छन् ।
- विगत दुई वर्षको अनुभवको आधारमा स्थानीय योजना तर्जुमामा अपेक्षाकृत सुधार हुँदै आएको स्पष्ट देखिएको छ ।

**निक्षेपणका सन्दर्भमा विचार गर्नुपर्ने कुराहरु**

माथि उल्लेख गरिएका समस्याहरुले गर्दा कर्मचारीहरुको मनोवल घटेको छ । जिविसलाई आफ्नो स्वामित्व अनुभव गराउन उत्प्रेरित गर्नुपर्ने चुनौती खडा छ । निक्षेपण गर्दा मन्त्रालयदेखि जिल्लासम्मको कर्मचारीलाई कसरी व्यवस्थापन गर्ने हो, त्यस सम्बन्धमा स्पष्टता हुनु अत्यन्त आवश्यक छ । स्थानीय तह र केन्द्रीय तहले पुर्‍याउनुपर्ने सेवाको संयन्त्र स्पष्ट हुनुपर्छ । स्रोत परिचालन र समन्वयको व्यवस्था, सुदृढ अनुगमन र सहजकर्ताको कार्य विभाग वा मन्त्रालयले कसले गर्ने हो स्पष्ट हुनुपर्दछ ।

- निक्षेपित कार्यक्रमको सिलसिलामा जिल्लामा नियमनको कार्य कसले गर्ने भन्ने विषयमा स्पष्टता ल्याउनुपर्ने आवश्यक भएको छ ।

- जिल्लाका एउटा सेवाकेन्द्रले ३ देखि ४ वटासम्म गाविस हेर्नु पर्ने भएको हुँदा सेवाकेन्द्रको हस्तान्तरण गर्दा कुन गाविसलाई हस्तान्तरण गर्ने वा कसरी हस्तान्तरण गर्ने भन्ने बारेमा स्पष्टता हुनु जरुरी छ ।
- हालसम्म कृषि र पशु प्रसार सेवाका कर्मचारीहरु सम्बन्धित आ-आफ्ना विषयगत कार्यालयबाट काजमा स्थानीय निकायमा गएका छन् । कर्मचारीहरुलाई स्थानीय निकायमा कसरी स्थापित गर्ने भन्ने स्पष्ट दृष्टिकोण आउन सकेको छैन । यसै सन्दर्भमा स्थानीय सेवाका सोच र जिविसले उक्त कुराको समायोजन कसरी गर्ने भन्ने धारणा विकास गर्नु आवश्यक देखिन्छ ।

## सूचना तथा संचार मन्त्रालय

हुलाक सेवा क्षेत्र हस्तान्तरणको सन्दर्भमा आन्तरिक रुपमा कार्ययोजना समेत बनाइसकेको अवस्थामा अतिरिक्त हुलाक हस्तान्तरण गर्ने भनिए तापनि सो कार्यान्वयनमा ल्याइएन । ३००० भन्दा बढी अतिरिक्त हुलाक रहेको तथा प्रत्येक गाविसमा एउटा हुलाक रहने व्यवस्था छ । यसर्थ निक्षेपण गर्नु अगाडि अन्तर्राष्ट्रिय दायित्वको बारेमा ध्यान पुर्‍याउनु पर्दछ । चिठ्ठीपत्र कागजात हराएमा त्यसको जिम्मेवारी तथा क्षतिपूर्तिको व्यवस्थाको सम्बन्धमा विचार गर्नुपर्ने, यस्तो प्रकारको जिम्मेवारी दिन हुने हो वा होइन र लिने वा नलिने भन्ने विषयमा सोच्नु पर्ने । आगामी आर्थिक वर्षका लागि २ देखि ३ सयसम्मको संख्यामा हस्तान्तरण गर्ने सोच बनाएको छ ।

मन्त्रालयको संरचनालाई हेर्दा हाललाई हुलाक सेवा विभागअन्तर्गतका कार्यहरु मात्र निक्षेपण गर्न सकिने देखिन्छ । सेवा प्रदायकको रुपमा विभाग अन्तर्गतका कार्यहरु सबै नै निक्षेपण गर्न सकिने भए तापनि निक्षेपण गर्दा हुलाक कार्यालयहरुलाई दिगो स्वायत्त संस्थाको रुपमा विकास गर्ने सोच राखिएको छ । निक्षेपणको सन्दर्भमा जिल्लास्तरमा कर्मचारी दरवन्दीको व्यवस्था गर्दा जिल्लास्तरीय समिति बनाई त्यसले निर्णय गर्दा बढी उपयुक्त र प्रभावकारी हुने छ । अन्यथा राजनीतिक प्रभावबाट दरवन्दी तय भएमा पछि समस्या आइपर्ने हुन्छ ।

हालसम्म अधिराज्यभरिका सबै गाविसमा अतिरिक्त हुलाक संचालन भइरहेको र उक्त हुलाक सेवा सञ्चालन गर्ने कर्मचारीको काम अनुसार सेवा र सुविधाको हकमा आंशिक रोजगारको रुपमा रहेका छन् । कामको प्रकृतिलाई हेर्दा अतिरिक्त हुलाकलाई तत्काल निक्षेपण गर्न सकिने देखिन्छ ।

अतिरिक्त हुलाकअन्तर्गत हलकाराले चिठ्ठी वितरण मात्र गर्दै आएकोमा हाल हुलाक टिकट विक्री र मनि-अर्डरको समेत कार्य थप गरिएको छ र हलकारालाई सेवा प्रदायकको रुपमा विकास गर्ने शुरुवात गरिएको छ । यसका साथै रकम रेमिट्टेन्स सेवा समेत शुरु गर्ने सोच राखिएको छ ।

थप सेवा प्रवाह गर्ने सम्बन्धमा दूर सञ्चार संस्थानसँग सम्झौता गरी डब्लु.एल.एल. टेलिफोन रिसेल गर्ने काम समेत हलकरा मार्फत गराउने र टेलिफोन सुविधा पुगेका गाविसहरुमा E-post/Fax सेवा समेत प्रदान गर्ने योजना रहेको छ । हुलाकलाई स्थानीय निकायमा पूर्णरुपमा निक्षेपण गर्दा चिठ्ठीपत्रसम्बन्धी स्वामित्व र दायित्व कानूनी रुपमै स्थानीय निकायमा हस्तान्तरण गरेमा समस्या नपर्ने देखिन्छ । जिल्लास्तरमा कर्मचारीको दरवन्दी के कति हुनुपर्ने र सोको व्यवस्था कसरी गर्दा सुव्यवस्थित हुनसक्छ भन्ने बारेमा जिल्लास्तरमा अध्ययन गरिनुपर्ने छ ।

## स्वास्थ्य मन्त्रालय

स्वास्थ्य क्षेत्रमा निक्षेपण गर्दा समेटिने पक्षहरुको बारेमा कामको विकेन्द्रीकरण, निक्षेपणमा मात्र सीमित नभई कर्मचारी, बजेट, अधिकार, कार्यक्रम, संस्थागत संयन्त्र, जवाफदेही र अनुगमन मूल्यांकनको पक्ष समेतलाई समेट्नु पर्नेछ । निक्षेपण कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन मन्त्रालयहरुले आवश्यक सहयोगहरु अभिमुखीकरण, निर्देशिकाहरु तयार पारी उपलब्ध गराउनुपर्छ । निक्षेपण गर्दा प्राविधिक पक्षबाहेक सबै हस्तान्तरण गर्नु पर्छ ।

तत्काल गरिएको निक्षेपण कर्पोरेशनको रुपमा देखिएको छ । त्यसलाई औपचारिक संरचनाको रुपमा अगाडि बढाई गाविसलाई हस्तान्तरण गर्ने र आवश्यकताअनुसार सहयोग समिति छुट्टै बनाई कार्यकारिणी निकायको रुपमा गाविसलाई स्थापित गर्नु उपयुक्त हुनेछ । अस्पताललाई स्वायत्त संस्थाको आधारमा निक्षेपण गर्नु पर्छ । यसरी निक्षेपण गर्दा लेखाको सम्बन्धमा खासै समस्या नपर्ने र गाविस वा जिविसले लेखा परीक्षक राखेर लेखा परीक्षण गराउने व्यवस्था भएमा उपयुक्त हुन्छ । बजेट बक्तव्यमा जिविसअन्तर्गत बजेट उपलब्ध गराउने उल्लेख भएबाट त्यसको सम्पूर्ण जिम्मेदारी जिविसले लिनु पर्छ, अन्य निकायलाई दोहोरो उत्तरदायित्व बहन गराउनु हुँदैन । उप-स्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरु स्थानीय निकायमा हस्तान्तरण गर्दा क्षेत्रीय निर्देशनालयमार्फत जाने विधि अपनाई सबैको पहुँच पुग्ने गरी दिनु पर्छ ।

हालसम्मको निक्षेपणबाट देखिएको समस्या, कठिनाई वा चुनौतीको रुपमा कार्यक्रमहरु सबै विकेन्द्रित भईसकेको छैन । संस्था हस्तान्तरण भयो तर कार्यक्रमहरुको विकास केही पनि भएको छैन, मात्र दैनिक आधारभूत खर्चको कार्यक्रम मात्र भयो । एकमुष्ठ कार्यक्रम निक्षेपित हुन सकेको छैन । जति निक्षेपण भयो त्यसको दिगोपन छ छैन ? भन्ने विषय सोचनीय छ । कर्मचारीहरुको सन्दर्भमा खरिदार तहको तलवमा गाविस, जिविस तथा स्वास्थ्य मन्त्रालयले पनि वेवास्ता गरेमा कर्मचारीहरु विचल्लीमा पर्ने र कार्य मनोवल घट्न सक्ने छ ।

हालसम्मको निक्षेपण प्रयासबाट देखिएको अनुभवको आधारमा थप अवसर तथा सम्भावनाहरु दृष्टिगत गरी निक्षेपण कार्य कुनै वस्तुको रुपमा हस्तान्तरण नभई यो स्वतः स्फूर्त रुपमा हुने हो । निक्षेपण गर्दा सेवा हस्तान्तरण गर्न सकिने कि नसकिने ? त्यसको परिभाषा (Terminology) के हो ? झट्ट हेर्दा जिविस प्रशासनिक निकाय जस्तो देखियो । यद्दपि त्यो एउटा स्थानीय सरकारको खाका मात्र हो । तर, त्यसरी बुझेको पाइदैन । स्थानीय विकास अधिकारी गएर बसेको कारण स्थानीय निकायको सचिवालयको रुपमा देखिने वा लिने गरेको छ । जुन स्वास्थ्य मन्त्रालयदेखि सबै मन्त्रालयहरुको साझा संस्था हो भन्ने मान्यता हुनुपर्छ । स्थानीय निकाय कुनै मन्त्रालयअर्न्तगतको निकाय होइन, यो स्वतन्त्र निकाय हो । पहिलेदेखि नै जिविसमा विषयगत शाखा भएको, विषयगत शाखा जिविस अन्तर्गतको छातामुनि रुपान्तरण हुनुपर्ने र यसको लागि योजनागत रुपमा जानुपर्ने छ । उप-स्वास्थ्य चौकी हस्तान्तरण भइसकेपछि स्वाभाविक रुपमा जिल्ला स्वास्थ्य शाखामा निक्षेपण हुन्छ ।

स्वास्थ्य क्षेत्रको नीति निर्माण, अनुसन्धान, मानव संसाधन विकास, गुणस्तर निर्धारण र सोको अनुगमन बाहेकका कार्यहरु स्थानीय निकायलाई निक्षेपण गर्ने तथा मन्त्रालयको भूमिकामा परिवर्तन गरी निर्देशन तथा अनुगमनतर्फ मन्त्रालय तथा विभागहरु सक्रिय हुनुपर्दछ ।

निक्षेपण गर्दा एकमुष्ठ आधार (package based) मा जाँदा प्रभावकारी हुने छ । शिक्षा र स्वास्थ्य क्षेत्रको निक्षेपण प्रक्रियामा रहेको विभिन्नताअनुसार हस्तान्तरण प्रक्रिया फरक हुन्छ । कुनै सिधै वा कुनै स्थानीय निकाय मार्फत हुन्छ । जस्तो, शिक्षाको सिधै हस्तान्तरण हुनसक्छ भने स्वास्थ्यको स्थानीय निकाय मार्फत । यस्तो हुनुको पछाडी सेवास्तरलाई समानरुपमा व्यवस्थित गरी अनुगमन गरेर हेर्ने भएकोले हो । तसर्थ यसलाई निक्षेपणको सिद्धान्त एवं नीति अनुकूलताभन्दा पनि सेवाका प्रभावकारितालाई जोड दिनुपर्छ । निक्षेपण कार्य सबैतिर एकैचोटी लागु नगरी नमुनाको रुपमा जाने प्रक्रियालाई सकारात्मक रुपमा लिनु पर्छ । यसरी नमुना गर्दा यसको प्रभावकारी मूल्याङ्कन गर्दै निक्षेपण गर्दा र नगर्दा वा भएको स्थान र नभएकोसँग तुलना गरेर राम्रो वा नराम्रो परीक्षण गरी अगाडि बढन वा पछाडि हट्न सकिन्छ ।

विकेन्द्रीकरण गर्दा मानवीय संसाधन, कार्यगत तथा आर्थिक क्षेत्रमा पनि विकेन्द्रीकरण गर्नुपर्छ । सेवास्तर तथा क्षमता अभिवृद्धि र निक्षेपण कार्यसँगसँगै जानुपर्छ र कुन क्षेत्रमा कमजोर छ त्यसलाई विशेष ध्यान दिएर क्षमता वृद्धि गराई निक्षेपणलाई मूर्तरुप दिनु पर्छ । निक्षेपणको सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन स्पष्ट नभएको देखिन्छ । निक्षेपण गर्दा जनशक्ति सहितको हस्तान्तरण गर्नु उचित हुनेछ ।

## वन तथा भू-संरक्षण मन्त्रालय

वन क्षेत्रको निक्षेपण सिद्धान्तलाई व्यावहारिक रुपमा उतार्न गाह्रोपर्ने देखिन्छ । कामको प्रकृति, अधिकार अहिलेसम्म गरिआएको कामले गर्दा अन्य क्षेत्रसँग तुलना गरी निक्षेपण गर्न सबै क्षेत्रका विषयहरुलाई हेर्न दृष्टिकोण, सेवा, व्यवस्थापन जस्ता पक्षहरु हेर्ने दृष्टिकोणमा भिन्नता राख्नुपर्छ ।

सन् १९५७ (२०१५-०१६) मा वनलाई राष्ट्रीयकरण गरियो र यसले गर्दा व्यक्ति विशेषका सबै जंगलहरु यो ऐन लागू भएपछि स्वतः राष्ट्रीयकरण भयो, जुन ऐन ल्याउनुपूर्व यसको स्वरुप, कार्य, संस्थाजस्ता महत्वपूर्ण विषय भएन, परिणामतः व्यक्तिगत जंगलहरु राता-रात जम्मै काटेर जंगल विनास भयो । त्यसैगरी २०२१ सालमा वन जंगललाई पनि खेती भूमिको रुपमा नापी भयो । यसले पनि नकारात्मक प्रभाव पारेको छ । वन क्षेत्र निक्षेपणको सन्दर्भमा सम्बेदनशील हुनुपर्ने छ ।

नीति निर्माण गर्दा राष्ट्रिय महत्वको विषयहरु जस्तो सरकारी वन, जैविक विधता संरक्षण, जलाधार संरक्षण, पर्यावरण पर्यटनलाई अधिराज्यभरि फाइदाको दृष्टिकोणले हेर्नु पर्दछ र यसको लागि यस्ता विषयहरु केन्द्रमा नै राख्नु उपयुक्त हुने छ । यद्यपि निक्षेपण गर्नु पर्दाको अवस्थामा स्थानीय निकायलाई सञ्चालन गदाउँदा सामुदायिक वन विपन्न वर्गको लागि पनि आउने जनाउँदै, निजी क्षेत्रको विकास नभएसम्म यसमा चाप बढ्ने र माग अनुसारको आपूर्ति हुन सक्दैन, त्यसलाई सन्तुलित बनाउनको लागि स्थानीय जनताले स्थानीय स्रोत र साधनलाई प्रभावकारी रुपमा प्रयोग तथा संचालन गर्नुपर्दछ ।

निजी सम्पत्ति भनी दावी गरी सबै रुखहरु सखाप हुने गरी काटेको उदाहरण छ । यो वन क्षेत्र भिन्नै विषय भएकोले अन्य विषय सरह सामान्यीकरण गरेर निक्षेपण गर्न नमिल्ने हुँदा पहिले नै गाविस, जिविससँग सामञ्जस्य मिलाएर स्पष्ट रुपमा व्यवस्था गर्नुपर्छ । उपलब्ध साधन र स्रोतहरु जिविस, गाविसमा दिनुपर्छ । कार्यान्वनय पक्षमा दैनिक कार्य सञ्चालन कहाँ र कसको मातहतमा राख्ने हो त्यसको स्पष्ट नियन्त्रण र सन्तुलन हुनुपर्ने छ । साथै पर्ती जग्गाको विकास र जग्गा, स्रोत साधनको स्वामित्वको पनि स्पष्ट व्यवस्था हुन आवश्यक छ । निक्षेपण गर्दा ध्यान पुऱ्याउनुपर्ने अर्को महत्वपूर्ण विषय "कार्य संयन्त्र" हो । यसको सम्बन्धमा स्थानीय विकास मन्त्रालयको दृष्टिकोण स्पष्ट हुनुपर्ने छ । कर्मचारी बाँडफाँड गर्न गाह्रो पर्ने तथा त्यति व्यवहारिक नहुने देखिन्छ ।

राष्ट्रिय महत्वको विषयहरु जस्तो सरकारी वन, सामुदायिक वन जिविस, गाविसमार्फत हस्तान्तरण गर्नु ठीकै छ । तर सेवा प्रदानको सम्बन्धमा समस्या पर्न सक्छ । प्रचलित कानूनी व्यवस्थाले गर्दा अपराध बढ्ने सम्भावना बढी हुन्छ । त्यसैले बलियो कानूनी खाका मिलाउनु अपरिहार्य छ । दण्ड सजायको अधिकार जननिर्वाचित अंगलाई दिनु हुँदैन, स्थानीय विकास अधिकारीलाई दिनुपर्छ । साइनबोर्ड परिवर्तनले मात्र निक्षेपण कार्यान्वयन कठिन हुने छ । त्यसको लागि सबैको सहभागितामा गर्नुपर्छ । कतिपय कुराहरु केन्द्रबाट मात्र गर्न सकिँदैन, स्थानीयस्तरमा गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीयस्तर वा निकाय संगठित र व्यवस्थित हुनु पर्दछ । निक्षेपण कार्य निश्चित समयावधि तोकेर ५, १०, १५ वर्ष कति अवधिभित्र निक्षेपण गरिसक्ने हो, त्यसबारे स्पष्ट हुनु जरुरी छ ।

## २.३ दातृसंस्था (DASU/DANIDA)

स्थानीय निकायलाई अधिकार निक्षेपण गर्नुअघि स्थानीय निकायको क्षमताको अध्ययन गरी उनीहरुलाई कस्तो किसिमको क्षमता चाहिएको छ, त्यसको विश्लेषण कसरी गर्नु पर्दछ भन्ने कुरामा ध्यान दिनु पर्दछ । **DASU/DANIDA** को प्रतिवेदनमा दिएको कार्ययोजनालाई हेरेर स्वास्थ्य र शिक्षालाई बढी प्राथमिकता दिनुपर्ने छ । स्थानीय निकायको क्षमता विश्लेषण गर्दा स्थानीय स्वायत्त शासन ऐनले वास्तवमा नै के कस्ता अधिकार दिएका छन ? ती अधिकारहरुमा के कस्ता अस्पष्टताहरु छन ?कस्तो किसिमको साधन र स्रोतहरु, जस्तो कि, आर्थिक, मानवीय स्रोत आदि आवश्यक रहेको छ, सोलाई विशेष महत्व दिइनु पर्दछ। स्थानीय निकायहरुको वर्तमान क्षमताको विश्लेषण गरी निक्षेपण गरिनुपर्ने विषयवस्तुको आधारमा प्रस्तावित स्थानीय निकायको क्षमता अभिवृद्धि रणनीति तयार गरिनु पर्दछ ।

विषयगत अधिकार निक्षेपण गर्दा कस्तो संरचना बनाउनु पर्दछ र त्यसको लागि कुन कुन ऐन, नियममा के कस्तो संशोधन गरिनु पर्दछ, सो पनि स्थानीय निकायहरुसँग छलफल गरिनु पर्दछ । स्थानीय निकायको क्षमता अभिवृद्धि विश्लेषणका लागि त्यसको परिधि (क्षेत्र) र विधिका सम्बन्धमा छलफल हुँदा कतिवटा जिविसमा विश्लेषण अध्ययन गर्ने त्यसको नामावली तयार पार्नु पर्दछ ।

ऐनले प्रदान गरेको अधिकारको कार्यान्वयनको अवस्था कस्तो छ हेर्नुपर्छ, जस्तो स्वास्थ्य सेवा दिएको छ छैन भन्ने विश्लेषण गर्न जाँदा कति डाक्टर चाहिन्छ भन्दा पनि स्वास्थ्य सेवा पुऱ्याएको छ छैन र जिविसले त्यसको व्यवस्थापन कसरी गरेको छ, त्यसमा विचार गरिनु पर्दछ । स्थानीय निकायहरुको क्षमता अभिवृद्धि विश्लेषणका सम्बन्धमा DASU बाट तयार पारिएको स्थानीय निकाय क्षमता सुदृढीकरण सम्बन्धी तीन वटा सूचकांकमाथि छलफल गरी ती सूचकांकलाई नेपालीमा रुपान्तरण गरी सोही अनुसार मिलान हुने किसिमबाट प्रश्नावली तयार गरी विश्लेषण गर्नु पर्दछ ।

ααααα

परिच्छेद - तीन

# क्षेत्रीय गोष्ठीको आयोजना

## ३.१ क्षेत्रीय गोष्ठीको सारांश

ग्रामीण विकास प्रतिष्ठानद्वारा आयोजित "विषयगत निक्षेपण रणनीति" विषयक क्षेत्रीय गोष्ठीहरु पूर्वाञ्चलको विराटनगर र पश्चिमाञ्चलको पोखरामा आयोजना गरिएका थिए । पहिलो गोष्ठी विराटनगरमा २०६० साल चैत्र ७ र ८ गते होटेल स्वागतममा सम्पन्न भयो । त्यसैगरी प्रतिष्ठानद्वारा तयार पारिएको विषयगत निक्षेपण रणनीति, स्थानीय निकायको क्षमता विकाससम्बन्धी रणनीतिलाई व्यवहारिक र कार्यान्वय गर्नसक्ने बनाउन प्रस्तावित खाकाको पूर्नसंरचना गर्ने उद्देश्यले पोखरामा २०६१ साल जेष्ठ ८ देखि १० गतेसम्म कार्यशालाको आयोजना सम्पन्न भयो ।

## विराटनगर गोष्ठी

पुनरावेदन अदालत विराटनगरका मुख्य न्यायाधीश शारदा प्रसाद पण्डितको प्रमुख अतिथ्यमा सम्पन्न भएको गोष्ठीको उद्घाटन सत्रको अध्यक्षता कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठले गर्नु भएको थियो । उक्त गोष्ठीमा पूर्वाञ्चल क्षेत्रका अधिकांश जिल्लाका वर्तमान तथा निवर्तमान सभापति, उपसभापति, स्थानीय निकाय महासंघ/संघका प्रतिनिधिहरु, सम्वन्धित विशेषज्ञहरु, कानून व्यावसायीहरु, सम्वन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरु समेत जम्मा ८५ जनाको सक्रिय सहभागिता रहेको थियो । गोष्ठीमा प्रस्तुत कार्यपत्र खण्ड "ख" को परिच्छेद सातमा दिइएको छ । गोष्ठीको विस्तृत कार्यक्रम र सहभागीहरुको नामावली खण्ड "ख" को परिच्छेद क्रमशः नौ र दशमा दिइएका छन् । उक्त दुई दिवसीय गोष्ठीमा भएको उद्घाटन सत्र, छलफल सत्र र समापन सत्रको संक्षिप्त विवरण निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

(क) उद्घाटन सत्र

स्वागत तथा गोष्ठीको उद्देश्यमाथि प्रकाशः

- कृष्ण मान प्रधान, सभापति, ग्रामीण विकास प्रतिष्ठान

विषयगत निक्षेपण रणनीति विषयक दुई दिने क्षेत्रीय कार्यशाला गोष्ठीमा उपस्थित सम्पूर्ण अतिथिहरु तथा सहभागीहरुलाई आयोजक संस्था ग्रामीण विकास प्रतिष्ठानका तर्फबाट सभापति कृष्णमान प्रधानले स्वागत गर्नु भएको थियो । यस गोष्ठी तथा छलफल कार्यक्रमको उद्देश्य

माथि प्रकाश पार्दै सभापति प्रधानले नेपाल अधिराज्यको संविधान २०४७ को भावनाअनुरुप विकेन्द्रीकरणको माध्यमद्धारा शासन व्यवस्थामा बढीभन्दा बढी जनताको सहभागितामा असलशासन कायम गरी सुशासनको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली ल्याइएको हो भन्नु भयो । यस ऐनले प्रत्याभूत गरेको स्थानीय निकायहरुको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्याविधि, रणनीति, अधिकार, क्षमता अभिवृद्धि विषयमा अध्ययन कार्य शुरु भैरहेको र यसको लागि विषयगत क्षेत्रको पूर्ण निक्षेपणको खाका प्रस्तुत गर्ने प्रयास भएको जनाउँदै यसलाई पूर्णता दिन ठोस सल्लाह र सुझावको आशा राखी सो क्षेत्रीय गोष्ठीको आयोजना गरेको जानकारी गराउनु भयो ।

**<u>अतिथिहरुबाट मन्तव्य</u>**

- योगन्द्र बहादुर बस्नेत, क्षेत्रीय निर्देशक, क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा

क्षेत्रीय शिक्षा निर्देशनालय धनकुटाका क्षेत्रीय निर्देशक योगेन्द्रबहादुर वस्नेतले स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा विकेन्द्रीकरणको माध्यमद्धारा विद्यालय व्यवस्थापन एवं संचालन स्थानीयस्तरबाट गर्ने उल्लेख गरेको छ । पूर्व प्राथमिक विद्यालय स्थापना, रेखदेख, संचालन व्यवस्थापन गर्ने, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा संचालन गर्ने गराउने, छात्रबृत्तिको व्यवस्था गर्ने जस्ता कार्यहरु जिविसको अधिकार क्षेत्रभित्र पर्दछ । तर शिक्षा ऐन तथा नियमावलीमा यससम्बन्धी काम कारवाहीकोबारेमा स्पष्ट व्यवस्था नभएकोले काम गर्न कठिनाई भएको औंल्याउनु भयो । शिक्षा क्षेत्रमा देखिएको समस्या तथा गर्नु पर्ने सुधारको रुपमा नेपालको विभिन्न भाषा र संस्कृति साझा फूलबारीको रुपमा रहेको साथै संविधानले समेत स्थानीय भाषा संस्कृतिको उत्थान तथा मातृभाषामा प्राथमिक शिक्षा उपलब्ध गर्ने गराउने व्यवस्था गरेको भए पनि आजको वर्तमान आधुनिक समयको आवश्यकता अनुसारको भाषा र शिक्षाको आवश्यकता रहेको छ, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा जान सक्षम बनोस, अन्यथा नेपालको शिक्षा व्यवस्थामाथि नै प्रश्न चिन्ह लाग्न सक्छ । यसको लागि शिक्षा ऐन र स्थानीय स्वायत्त शासन ऐनमा बाझिएका प्रावधानलाई मिलाई शिक्षा क्षेत्रलाई अपनत्वको भावना प्रदान गर्न स्थानीय निकायलाई अभिप्रेरित गर्नुपर्ने कुरामा श्री वस्नेतले जोड दिनुभयो ।

- मोहन प्रसाद ढुंगेल, क्षेत्रीय निर्देशक, क्षेत्रीय वन निर्देशनालय, विराटनगर

क्षेत्रीय वन निर्देशनालय विराटनगरका निर्देशक मोहनप्रसाद ढुँगेलले नेपालजस्तो भौगोलिक विभिन्नतामा हुर्केका जनताहरुलाई मध्यनजर राखी महिला तथा विपन्न वर्गलाई समावेश गरी निक्षेपण रणनीति तयार गर्नुपर्ने कुरामा जोड दिनु भयो । यस सन्दभमा दशौं योजनाले प्राथमिकता दिएको तर्फ पनि ध्यानाकर्षण गराउनु भयो ।

विषयगत निक्षेपणको सन्दर्भमा वन क्षेत्रका कार्य केही पृथक रहेको आफ्नो धारणा श्री ढुंगेलले राख्नु भयो । विगत २५ वर्ष देखि समुदायलाई वन हस्तान्तरण गरेर उनीहरु मार्फत संचालन हुदै आएको कवुलियत वनको हैसियतमा पनि संचालन भइरहेको, वन क्षेत्र विकेन्द्रित अवस्थामा नै रहेको विचार व्यक्त गर्नु भयो । साथै राष्ट्रिय निकुन्ज वरपरका जैविक विविधता (Biodiversity) लाई संरक्षण कायम गर्न विभिन्न कार्यहरु गर्दै आएको समेत उल्लेख गर्नु भयो । यसको लागि वन ऐन जस्ता अन्य विभिन्न ऐन नियमले संरक्षण गर्दै आएको जनाउदै यससम्वन्धमा विशेष ध्यान आकर्षण गराउनु भयो । विषयगत निक्षेपण गर्दा वन क्षेत्र विशेष क्षेत्र

र राजस्वको मूख्य अंग भएको हुँदा अन्य क्षेत्रको अनुपातमा प्रिथक रुपमा हेरी स्थानीय निकायको बढी सहभागिता र जिम्मेवारीमा निक्षेपण गरिनुपर्ने राय व्यक्त गर्नुभयो ।

- डिल्ली राम गुरागाई , सभापति, जिल्ला विकास समिति, मोरङ्ग

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ को भावना अनुसार स्थानीय निकायलाई शक्तिशाली र अधिकार सम्पन्न बनाउनु पर्दछ । वर्तमान अवस्थामा स्थानीय निकाय विशेष गरी जिल्ला विकास समिति अधिकार सम्पन्न नहुँदा स्थानीयवासीको समस्या अनुकूल कार्यक्रम संचालन हुन सकिरहेको छैन, जसले गर्दा विकास निर्माण र सामाजिक क्षेत्रमा स्थानीय जनताको स्वामित्व र दिगो विकासमा ठूलो प्रश्न चिन्ह देखा परिरहेको छ । स्थानीय निकाय र केन्द्र सरकारले गर्ने र गर्नुपर्ने कामको प्रष्ट व्यवस्था हुनु पर्दछ । कामको बाँडफाँडमा दोहोरोपन र प्रष्ट नहुँदा कार्यान्वयनमा समस्या देखापरेको विचार व्यक्त गर्नुभयो ।

- डा.हिक्मत विष्ट, प्रमुख सल्लाहकार, म्बकरम्बलक्षम्ब

DASU/DANIDA का प्रमुख सल्लाहकार डा. हिक्मत विष्टले विकसित र विकासोन्मुख राष्ट्रहरुको विकेन्द्रीकरण अभ्यास पद्दतिकोबारेमा उल्लेख गर्दै विगत चार दशकदेखि विकेन्दीकरणको अभ्यास प्रजातन्त्रिक पद्धतिको विकासको लागि हुँदै आएको विचार व्यक्त गर्नुभयो । संसारमा आर्थिक उन्नतिको लागि विकेन्द्रीकरणको अवधारणा आएको हो । नेपालमा विकेन्द्रीकरणले प्रभावकारिता नपाउनुमा नेपाललाई खुम्चाएर राखेको सार्वभौम राष्ट्र भएको घमण्डको मूल्य चुकाउनु परेको आफ्नो धारणा राख्नु हुदै विकेन्द्रीकरणको कुरा पाठ्य पुस्तकमा मात्र सीमित देखिएको विचार व्यक्त गर्नुभयो । विकेन्द्रीकरण अन्तर्गत राजनीतिक विकेन्द्रीकरण र प्रशासनिक विकेन्द्रीकरण अति आवश्यक भएको तर्फ औल्याउनु भयो । विकासको लागि विकेन्द्रीकरण मार्फत अधिकार स्थानीयस्तरमा निक्षेपण गर्नु अत्यन्त आवश्यक भएको जनाउँदै केही विषय वा क्षेत्रहरु राष्ट्रियकरण गर्दा परेको नकारात्मक प्रभावको समेत विवेचना गर्नुभयो ।

शक्तिपूर्ण सहभागितालाई जसहभागिता भन्न नमिल्ने जनाउदै जनतालाई आफ्नो सरोकारका विषयमा निर्णय गर्ने अधिकार, राष्ट्रिय महत्वको विषयका निर्णयमा सहभागिता गर्ने अवसर दिनु पर्ने र त्यसको लागि निक्षेपण अपरिहार्य भैसकेको हुँदा केन्द्र र स्थानीयस्तरको कार्य विभाजन जिम्मेवारी र भूमिकामा परिवर्तन गर्नु पर्नेमा जोड दिनु भयो ।

केन्द्रीय सरकारले सहजकर्ता, सुपरिवेक्षक, सहकर्मीको रुपमा काम गरी बाँकी काम स्थानीय सरकारलाई दिनुपर्ने विचार राख्दै विकेन्द्रीकरणको परिवर्तनको अवस्थामा देखिएको मुख्य समस्या भनेको केन्द्र र स्थानीय स्तरमा सहयोग र समन्वयको अभाव भएको विचार व्यक्त गर्नुभयो । तलदेखि माथिसम्मको स्पष्ट कार्य तथा दायित्व विभाजन नभएसम्म विकेन्द्रीकरण हुन सक्दैन । तसर्थ यथार्थलाई जनता सामु ल्याउनु र निर्णय प्रकृयामा जान सहभागिता बढाउनु नै विकेन्द्रीकण हो भन्नु भयो । डा. विष्टले आफ्नो भनाईको अन्तमा Think Globally But Act Locally भनेर विकेन्द्रीकरण तथा निक्षेपणको सारभूत महत्वलाई उजागर गर्नु भयो ।

- सोमलाल सुवेदी , सह सचिव, स्थानीय विकास मन्त्रालय

स्थानीय विकास मन्त्रालयका सह-सचिव सोमलाल सुवेदीले शासकीय दृष्टिकोणले विकेन्दीकरणको मुख्य उद्देश्य नै सेवामा प्रभावकारिता ल्याउनु हो भन्ने चर्चा गर्दा संविधानको भावनानुसार विकेन्द्रीकरणलाई मुर्तरुप दिन स्थानीय स्वायत्त शासन ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली तर्जुमा गरिएको उल्लेख गर्नुभयो । साथै, नवौं योजना र दशौं योजनाले समेत विकेन्द्रीकरणका प्रभावकारितालाई प्राथमिकता दिएको उल्लेख गर्नु भयो । स्थानीय स्तरमा सेवा प्रवाहीकरण गर्ने सशक्त माध्यम स्थानीय निकाय हुनुपर्ने र त्यसको लागि निक्षेपण अपरिहार्य

छ। विषयगत कार्यालय/निकायले पेशागत दक्षता अभिवृद्धि गर्छ र यसको लागि स्थानीयस्तरबाट पहुँच पुऱ्याउनु पर्छ। एकद्वार प्रणालीबाट कसरी सेवा प्रवाह गर्न सकिन्छ भन्ने सोच बनाउनु पर्नेमा जोड दिनु हुदै निक्षेपणको सन्दर्भमा ऐन कानूनको सवल पक्ष र दुर्वल पक्षका साथै व्यावहारिक पक्ष लगायतका सुझावहरु गोष्ठीबाट आउने अपेक्षा राख्नु भयो।

भगवतीकुमार काफ्ले, सह सचिव, राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोगका सहसचिव भगवतीकुमार काफ्लेले नेपालको बजेटमा समाविष्ट योजनाहरु सत्तरी प्रतिशत भन्दा बढी बैदेशिक ऋण लगानीमा निर्भर रहेको जनाउदै कुल गार्हस्थ्य उत्पादन दर माओवादी र सरकारबीचको द्वन्दको कारण घट्दै गई चार प्रतिशतमा झर्ने अवस्था रहेको उल्लेख गर्नु भयो। दशौं योजनाले पाँचवर्षको अवधिमा गरिबीको रेखा मुनि रहेकाको संख्या ३८ प्रतिशतबाट ३० प्रतिशतमा झार्ने लक्ष्य राखेको र यसको लागि विकेन्द्रीकरण र निक्षेपण अत्यावश्यक भएको जनाउनु भयो। विकेन्द्रीकरण तथा निक्षेपणको सन्दर्भमा केन्द्रले गर्नु पर्ने अत्यावश्यक कामबाहेक अन्य सम्पूर्ण कार्यहरु स्थानीय स्तरबाट नै गर्नु पर्छ भन्ने धारणा राख्दै यस सम्वन्धमा योजना आयोगले निर्णय समेत गरेको जानकारी दिनुहुँदै निक्षेपण कार्यलाई ढिलाई गर्न नहुनेमा जोड दिनु भयो।

## प्रमुख अतिथिबाट मन्तव्य

माननीय मुख्य न्यायाधीश शारदा प्रसाद पण्डित, पुनरावेदन अदालत, विराटनगर

पुनरावेदन अदालत विराटनगरका मुख्य न्यायाधीश शारदा प्रसाद पण्डितले उद्घाटन मन्तव्य व्यक्त गर्ने क्रममा कार्यक्रमको महत्व र यसबाट हुनसक्ने उपलब्धिको बारेमा प्रकाश पार्नुभयो। न्यायाधीश श्री पण्डितले विषयवस्तुमा प्रकाश पार्दै नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ को "राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु" अन्तर्गत धारा २५ को उपधारा (४) मा "समाजमा शान्ति र व्यवस्था कायम गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुनेछ" भन्ने प्रावधानहरु व्यवस्थित भएको छ। यसैअनुरुप स्थानीय स्वायत्त शासन ऐन, २०५५ निर्माण भएको पाइन्छ। उक्त ऐनमा व्यवस्था गरेको न्यायिक अधिकार गाउँ विकास समिति र नगरपालिकाले हालसम्म कानूनी रुपमा कार्यान्वयन गर्न पाइरहेको छैन। यस तर्फ श्री ५ को सरकारले तत्काल राजपत्रमा सूचना प्रकाशित गरी कार्यान्वयनमा ल्याउन अति आवश्यक भएको छ। व्यवहारमा स्थानीय निकायले न्यायिक अधिकारको प्रयोग गरे तापनि कानूनी रुपमा नभएको हुँदा स्थानीय निकायले पहल गरेको न्यायिक विवाद अदालतमा आउँदा कुनै अर्थ नहुने हुँदा न्यायाधीशहरुले कुनै सहयोग गर्न नसक्ने अवस्था श्री ५ को सरकारले सृजना गरेको छ। स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायलाई विकासको निकाय बनाए तापनि व्यवहारमा विवाद समाधान गर्ने प्रमुख निकाय भएको कुरा कसैले नकार्न नसक्ने विचार प्रकट गर्नुभयो।

## अध्यक्षको मन्तव्य तथा धन्यवाद ज्ञापन

उदय नेपाली श्रेष्ठ, उपाध्यक्ष, कानून सुधार आयोग

उद्घाटन सत्रको अध्यक्षता गर्नु भएका कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठले ग्रामीण विकास प्रतिष्ठानले विषयगत निक्षेपण रणनीति विषयक गोष्ठी आयोजना गरी सम्वन्धित

क्षेत्रका विज्ञ, सेवाग्राही तथा सेवादाता गरी सरोकारवालाहरुको सहभागिता गराई ठोस सल्लाह सुझावबाट निक्षेपण रणनीतिको खाका तयार गर्ने अभिप्रायले राखेको सो प्रयासको प्रसंशा गर्दै स्थानीय स्वायत्त शासन ऐनको पूर्ण कार्यान्वयन पक्ष तथा निक्षेपण कार्यमा ढिलाई भइरहेको अवस्थामा यसको प्रभावकारिताको लागि स्थानीय जनताको भनाइ महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास व्यक्त गर्नु भयो । गोष्ठी उद्घाटन सत्रका प्रमुख अतिथि पुनरावेदन अदालतका मुख्य न्यायाधीश, सम्वन्धित क्षेत्रका वरिष्ठ कर्मचारीहरु, वर्तमान तथा निवर्तमान सभापति, स्थानीय निकाय महासंघ/संघका पदाधिकारीहरु, DASU/DANIDA का प्रमुख सल्लाहकार लगायतका सम्पूर्ण सहभागीहरुलाई आयोजक संस्था ग्रामीण विकास प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

**(ख) कार्यपत्र प्रस्तुति सत्र**

अध्यक्षता (पहिलो सत्र)

- सोमलाल सुवेदी, सह सचिव, स्थानीय विकास मन्त्रालय

कार्यपत्र प्रस्तुति सत्रको अध्यक्षता स्थानीय विकास मन्त्रालयका सह सचिव सोमलाल सुवेदीले गर्नु भयो । राज्यको निर्देशक सिद्धान्तहरु लागू गर्न सात वर्ष लागेको जनाउदै २०५५ सालमा मात्र स्थानीय स्वायत्त शासन ऐन आएको र त्यसको पनि कार्यान्वयन पक्ष फितलो भएको औलाउदै न्यायिक अधिकार स्थानीय निकायबाट संचालन गर्ने अवधारणा सफल नभएको अवस्थामा, निक्षेपण भनेको के हो ? त्यसमा स्पष्ट हुन पर्नेमा जोड दिनु भयो । स्थानीय स्तरबाट नै जिम्मेवारी, उत्तरदायी जवाफदेही वहन गराई अधिक जनसहभागिता बढाउन निक्षेपण मार्फत स्थानीय निकाय अधिकार सम्पन्न गराउन अति आवश्यक भएको, जुन कार्य कहाँ, कहिले र कसरी शुरु गर्दा प्रभावकारी हुन्छ भन्ने विषयमा कार्यपत्र प्रस्तुति पछि सहभागीहरुबाट सल्लाह सुझाव आउने अपेक्षा राख्दै कार्यपत्र प्रस्तोताहरुलाई बुँदागत रुपमा कार्यपत्र प्रस्तुत गर्न आग्रह गर्नु भयो ।

**कार्यपत्रको प्रस्तुति**

कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठ, स्थानीय विकास मन्त्रालयका उप-सचिव त्रय महेश प्रसाद दहाल, दिनेश थपलिया र रेश्मीराज पाण्डेले ग्रामीण विकास प्रतिष्ठानद्वारा तयार पारिएको "विषयगत निक्षेपण रणनीति" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन प्रणालीमा विषयगत निक्षेपणको महत्व र सान्दर्भिकतालाई प्रकाश पार्दै क्षेत्रगत निक्षेपण रणनीतिको खाका पालै-पालो गरी प्रस्तुत गरिएको थियो । छलफलको लागि प्रस्तुत कार्यपत्रको संसोधित पूर्ण विवरण खण्ड (ख) को परिच्छेद सातमा प्रस्तुत गरिएको छ । कार्यपत्र प्रस्तोताले प्रस्तुत गरे पश्चात सहभागीहरुलाई कार्यपत्रउपर बुँदागत रुपमा छलफल कार्यक्रम अगाडि बढाइयो ।

**(ग) कार्यपत्रमाथि टिप्पणी तथा छलफल सत्र**

दोस्रो सत्र

**अध्यक्षता**

छलफल कार्यक्रमको दोस्रो सत्रको अध्यक्षता राष्ट्रिय योजना आयोगका सह-सचिव भगवतीकुमार काफ्लेले गर्नुभएको थियो । पहिलो सत्रमा प्रस्तुत कार्यपत्र उपर छलफल गर्न सम्पूर्ण सहभागीहरुलाई आमन्त्रण गर्दै विषयवस्तुमा केन्द्रित भई छोटकरीमा विषय बस्तु राख्न अनुरोध गर्नुभयो ।

दुर्गा खरेल, क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा

श्री ५ को सरकारले शिक्षा क्षेत्रलाई समूह समूहमा पुऱ्याउने काम गरे तापनि स्थानीय निकाय, गाविस र नगरपालिकाको सहयोग नमिलेको विचार व्यक्त गर्नुभयो । शिक्षा क्षेत्रमा गरेको निक्षेपणमा स्थानीय जनताको सहभागिता नभएसम्म पूर्ण र दिगो हुन नसक्ने हुँदा यसतर्फ श्री ५ को सरकार सजग हुनुपर्ने राय व्यक्त गर्नुभयो ।

जीवच्छ शाह, फुलवारिया गाविस, सिराह

स्थानीय स्वायत्त शासन ऐनमा तोकिएको वा उल्लेख भए अनुसार यो ऐन अन्य २६ वटा ऐनहरुसंग बाझिएको अवस्थामा कसरी पूर्ण निक्षेपण हुन सक्दछ भन्ने विषयमा ध्यान आकर्षण गराउनु भयो । चारवटा क्षेत्र वा निकाय निक्षेपणको क्रममा रहेको तर भई नसकेको अवस्थामा सरकारबाट स्थानीय निकायहरु सक्षम नभएको भन्ने भनाई तर्फ पनि औंल्याउनु भयो । सेवा गाविस, जिल्ला वा केन्द्र कहाँबाट पाउने ? सेवा सुविधा पाउन जिल्ला वा केन्द्रमा पुग्न पर्ने अवस्था सान्दर्भिक नभएको जनाउदै सेवा कसले दिनेभन्दा पनि के दिने र कहाँबाट दिने भन्ने विषयमा बढी केन्द्रीत हुनुपर्ने विचार व्यक्त गर्नुभयो । स्थानीय निकायको क्षमताको सर्न्दभमा उपयुक्त तालिम प्राप्त भएमा पाएको जिम्मेवारी निर्वाह गर्न सक्षम हुने विश्वास व्यक्त गर्नु भयो ।

रमेश श्रेष्ठ , सभापति, जिल्ला विकास समिति, सुनसरी

निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरुले विकास क्षेत्रमा धेरै महत्वपूर्ण कार्यहरु गर्ने वा सक्ने अवस्था भैसकेको बताउनु भयो । स्थानीय निकायलाई अधिकार सम्पन्न गर्दा उक्त निकायले निर्माण कार्यमा बोलपत्र भिक्न वा  आवह्वान गर्न सक्ने नसक्ने के हुने हो ? यस सम्वन्धमा श्री ५ को सरकारको दृष्टिकोण स्पष्ट नभएको जनाउनु भयो । त्यसै गरी कुनै पनि योजनाको सम्वन्धमा योजना आयोगसंग मात्र माग राख्नुपर्ने हो कि ? आफैं क्षमता विकास गरी गर्ने हो ? भन्ने जिज्ञासा राख्नु भयो । राष्ट्रिय योजना आयोगले सिद्धान्ततः तहगत प्रक्रिया पुरा गरी आएको योजनालाई मात्र कार्यान्वयनमा ल्याउन निर्णय गर्ने भए तापनि व्यवहारमा त्यसो हुन सकिरहेको छैन । योजना आयोग स्वयम पनि संस्थागत विकास तर्फ अगाडि बढ्नुपर्ने विचार राख्नु भयो ।

भीम प्रसाद अधिकारी, सुरङ्गा गाविस, झापा

स्थानीय निकायका क्षमता विकासको सन्दर्भमा ऐन कानून संसोधन मात्र पर्याप्त नभएर निर्वाचन प्रद्धति तथा प्रक्रियामा पनि परिमार्जन गर्नु आवश्यक रहेको तर्फ जोड दिनु भयो । स्थानीय निकायहरुमा प्रतिनिधिहरु स्वाभाविक रुपमा वडाप्रति जिम्मेवारी रहने र उपलब्ध स्रोत साधनहरु बाँडफाँड आवश्यकतामा आधारित नभई दामासाही बाँडेर लाने प्रचलन थियो । विभागीय प्रमुख, शिक्षा, स्वास्थ्य जस्ता महत्वपूर्ण विषयहरु गाविस भरिको जिम्मेवारी तोकिदिए राम्रो हुने आफ्नो धारणा राख्नु हुदै श्री अधिकारीले गाविस अध्यक्ष अन्य मुलुकमा हुने निर्वाचन राष्ट्रपतिय प्रणाली अनुसार गर्ने र तीन सदस्य मनोनीत गरी २१  वटा वडाको गाविसको निर्माण हुनु पर्ने, यसले

गाविसको आकार सानो हुने समयमै स्रोत र साधन जुटाउन सजिलो हुने, वडामा मात्र नभई सिङ्गै गाविस प्रति नै जिम्मेवार वनाउने, जसको लागि निर्वाचनको माध्यमबाट जानु पर्ने विचार व्यक्त गर्नु भयो ।

स्थानीय निकाय सक्षमताको विषयमा स्थानीय निकाय श्री ५ को सरकारको कर्मचारीले संचालन गर्दा कै समयमा निक्षेपण गरी क्रियाशील गराएको भए हेर्न र अनुभव गर्न पाउने तथा जननिर्वाचित व्यक्ति र कर्मचारीबीचको क्षमताको जाँच गर्न अवसर मिल्ने थियो भन्नुभयो । स्थानीयतहका जनप्रतिनिधिले गर्ने सिफारीस माथिबाट मोलतोल गर्ने, वैधानिक वा अवैधानिक घोषणा गर्ने चलन रहेको र सिफारीस गर्नेलाई कारवाही गर्ने प्रक्रिया उपयुक्त नभएको धारणा व्यक्त गर्नुभयो । नीति निर्माण कार्यमा, ऐनहरु पटक पटक निर्माण तथा संशोधन गर्दा घातक हुन्छ , यस बारेमा जनतालाई थाहा नै हुँदैन । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने तर जनतालाई वास्तवमै कानूनको परिवर्तनबारे थाहा नै हुँदैन तसर्थ ऐन कानूनहरु कम्तीमा पाँच वर्ष सम्म संसोधन गर्न नपाउने व्यवस्था गर्नु पर्ने जोड दिनु भयो । स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था भएको न्यायिक अधिकार कार्यान्वयन नगरी निस्कृय राखेकोमा श्री ५ को सरकारप्रति दुःख व्यक्त गर्दै आगामी दिनमा यस्तो समस्या नदोहोरिन कानून निर्माता सचेत हुनुपर्ने बताउनु भयो ।

पुष्प भट्टराई, संयोजक, गैर सरकारी संस्था, सुनसरी

गैरसरकारी संस्थाहरुले पनि स्थानीय निकाय मार्फत महत्वपूर्ण कार्यक्रम र योजनाहरु संचालन गरी स्थानीय जनताको समस्याको पहिचान गरी समाधान गर्न पहल गरेको हुँदा यसको उचित कदर हुनुपर्ने राय व्यक्त गर्नुभयो ।

डा. हिक्मत विष्ट, प्रमुख सल्लाहकार, म्बकारम्बलक्ष्म

नेपालमा विकेन्द्रीकरण असफल हुनाका प्रमुख कारणहरुमध्ये स्थानीय निकायलाई साधन र स्रोतबिनाको जिम्मेवारी र जिम्मेवारीबिनाको साधन र स्रोत भएको विचार डा. विष्टले व्यक्त गर्नुभयो । आजको परिप्रेक्षमा केन्द्रीय सरकारको नै क्षमतामा प्रश्न चिन्ह उठेको अवस्थामा स्थानीय निकायको क्षमतामा प्रश्न गरी सम्पूर्ण अधिकार केन्द्रीयकरण गर्नु कति सान्दर्भिक हुन्छ भनी प्रतिप्रश्न गर्नुभयो । यसै सन्दर्भमा एउटा उदाहरण दिदैं डा. विष्टले भन्नुभयो- वंगलादेशमा गैरसरकारी संस्था बढी सक्रिय हुनाले देशको अवस्था नाजुक हुन गयो भने नेपालमा सरकारी निकाय बढी सक्रिय हुनाले विकास, निर्माण, र सुशासनमा ठूलो असर पर्न गएको विचार व्यक्त गर्नु भयो ।

तिलकराम शर्मा, कार्यकारी अधिकृत, विराटनगर उप-महानगरपालिका

विषयगत निक्षेपणअन्तर्गत शिक्षा, स्थास्थ्य, हुलाकको स्पष्ट व्यवस्था हुनुपर्ने जनाउनु भयो । कृषि क्षेत्रको व्यावहारिक रुपमा गरिएको निक्षेपण र आएको व्यावहारिक कठिनाईको बारेमा कार्यपत्रमा समावेश गर्नुका साथै छुट्टाछुट्टै खाका आएमा अझ बढी प्रभावकारी हुने विचार व्यक्त गर्नुभयो ।

रमेश चन्द्र पौडेल, पूर्व मेयर, विराटनगर उप-महानगरपालिका

संविधानमा नै स्थानीय निकायको सञ्चालनसम्वन्धी स्पष्ट व्यवस्था गरिनुपर्ने आफ्नो राय व्यक्त गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को पहिलो र अन्तिम पाना राम्रो रहेको, कार्यान्वयन भए नभएको अनुगमन गर्ने व्यवस्था भए पनि यो ऐन जस्तो दरिद्र रुपमा कार्यान्वयन अन्य

ऐनहरु नभएको उल्लेख गर्नु भयो । ऐन अनुसार पूर्ण निक्षेपणमा जान राष्ट्रिय संकटको रुपमा आउन सक्ने आशंका व्यक्त गर्नु भयो । गरिवी निवारण, विकासभन्दा पनि सुशासन महत्वपूर्ण रहेको जनाउँदै स्थानीय स्वायत्त शासन मन्त्रालयको स्थापना आवश्यक रहेकोमा जोड दिनु भयो । द्वन्दको कारण शहरीकरणको तीव्रता शहरी क्षेत्रमा जनसंख्याको चापलाई ध्यानमा राखी अतिरिक्त स्रोत परिचालनको लागि स्पष्ट कानूनी आधारको आवश्यकता भएको, नागरिक ऋण, विकासपत्र जारी गर्ने अधिकार समेत स्थानीय निकायलाई प्रदान गर्नुपर्ने सुझाव श्री पौडेलले दिनु भयो ।

- विष्णुदत्त गौतम, कार्यकारी अधिकृत, मेची नगरपालिका, झापा

पूर्ण निक्षेपणको सन्दर्भमा देखिएको प्रमुख सवालहरु र कार्यान्वयन चरणमा स्थानीय निकायले गर्न नसक्ने भन्ने भनाईले विरोधाभासपूर्ण भएको, यस विषयमा स्पष्ट हुनुपर्ने तर्फ ध्यान आकर्षण गराउनु भयो । स्वास्थ्य क्षेत्र झापा नगरपालिकामा निक्षेपण भएको भनिए तापनि व्यवहारमा त्यस्तो केही पनि नभएको समेत जानकारी गराउनु भयो ।

- सुशीला कार्की, कानून व्यवसायी, विराटनगर

विकेन्द्रीकरणको अवधारणाबारे उल्लेख गर्दै विकेन्द्रीकरणमा स्थानीय जनताको हरेक स्रोत र साधनहरुमा पहुँचको अधिकार हुन्छ । राजनीति, तथा सामाजिक क्रियाकलापमा केन्द्रबाट नियन्त्रण हुदैन । निक्षेपणको प्रभावकारिताको लागि सबैको मानसिकस्तरमै परिवर्तन हुनुपर्ने, अधिकार दिने र पाउनेबीचको मानसिकस्तरमा व्यापक परिवर्तन आउनुपर्ने जनाउँदै वर्तमान अवस्थामा अधिकार दिनुपर्नेले दिन नचाहने र लिनुपर्ने निकाय वा पाएको जिम्मेवारीलाई पूर्ण बहन गर्न गम्भीर हुन नसकेको अवस्थाबारे प्रष्ट पार्नु भयो । निक्षेपणको प्रभावकारिताका लागि अधिकार सन्तुलन हुन आवश्यक छ र त्यसको लागि व्यवस्थित कार्य प्रणाली बसाल्नु पर्छ ।

- रामबाबु दाहाल, सचिव, ट्रान्सपरेन्सी इन्टरनेसनल, नेपाल

कार्यपत्रले बुँदागत रुपमा सम्पूर्ण क्षेत्र समेटेको हुँदा कार्यपत्र ज्यादै अध्ययनमूलक र प्रभावकारी भएको विचार व्यक्त गर्दै कार्यपत्रले प्रस्ताव गरेको पूर्ण निक्षेपणको खाका र जिम्मेवारी, काम, कर्तव्य बाँडफाँड गर्दा सम्पूर्ण निकायको दायित्व दोहोरो राख्न नहुने र त्यसलाई पारदर्शी गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

- रमेश पोखरेल, संचालक, राष्ट्रिय सहकारी बैंक लि., विराटनगर

निक्षेपण अत्यावश्यक रहेको जनाउँदै कार्यपत्रमा संचालन पद्धतिकोबारे स्थानीय निकाय, कर्मचारीको मात्र उल्लेख गरिएको र अन्य विषयमा उल्लेख नभएको टिप्पणी गर्नुभयो । नेपालमा २०१० सालदेखि “सहकारी” को व्यवस्था भए पनि सफल नभएको, उत्साहजनक कार्यान्वयन नभएको तर्फ सबैको ध्यानाकर्षण गराउनु हुदै कृषिक्षेत्र सँग-सगै सहकारी सम्वन्धी पनि बुँदागत उल्लेख वा व्यवस्था गर्नु उपयुक्त हुने सुझाव प्रस्तुत गर्नुभयो ।

- मीनराज पन्थी, एक्सन एड, विराटनगर

निक्षेपणको सन्दर्भमा प्रस्तुत कार्यपत्र ज्यादै उपयोगी भएको विचार व्यक्त गर्दै निक्षेपण कार्य पूर्ण रुपमा सफल हुन सरकार आफै सक्रिय हुनुपर्ने तर आजको अवस्थामा त्यस्तो नभएको हुँदा

गैरसरकारी संस्था लगायत नागरिक समाज र स्थानीय निकायहरु पनि बढी क्रियाशील हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

- आनन्द सागर तिमिल्सिना, सामुदायिक वन उपभोक्ता महासंघ, मोरङ

वन उपभोक्ता समूहले आफ्नो उद्देश्यअनुसार वनको संरक्षण गरी राष्ट्रको राजस्व र वातावरणको जगेर्ना गरेको छ। उक्त अनुभवलाई विचार गरी अन्य क्षेत्रमा पनि अधिकार र स्रोत तल्लो निकायलाई दिई काम गरेमा बढी प्रभावकारी र जनताले चाहेको सुविधा पाउने विचार व्यक्त गर्नुभयो ।

🗣 दुर्गा बराल, महिला विकास अधिकृत, सुनसरी

स्थानीय निकायमा अधिकार निक्षेपण सबैको चासोको विषय हो कार्यपत्रमा महिला विकाससम्वन्धमा खासै जानकारी नदिएको देखिएकोले महिला विकास शाखाको समस्या उठाइ दिन हुन अनुरोध गर्नु भयो । श्री ५ को सरकारले आगामी दुई वर्ष भित्रमा विषयगत शाखा खोली सम्पूर्ण अधिकार निक्षेपण गर्ने कार्य योजना अनुसार महिलाको अधिकार र उत्थानको लागि विशेष व्यवस्था गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**अध्यक्षबाट मन्तव्य**

🗣 भगवतीकुमार काफ्ले, सह-सचिव, राष्ट्रिय योजना आयोग

छलफल सत्रको अध्यक्षता गर्नु भएका राष्ट्रिय योजना आयोगका सह-सचिव भगवतीकुमार काफ्लेले छलफलको क्रममा आएका सल्लाह, सुझाव, टीका-टिप्पणी उपयोगी र मननयोग्य भएको विचार व्यक्त गर्नुभयो । प्रस्तावित निक्षेपण पद्धति जिम्मेवारी पन्छाउन होइन, जनताको आवश्यकताअनुसार हामीले गरेको कुरा ठीक हो होइन हेर्ने मात्रै हो । सरकारको सोचको खाका मात्र दिएको छ । वास्तवमा सरोकारवालाहरुले के भन्छन् वा के रुपमा अगाडि बढाउन आवश्यक छ, सोही अनुसार गर्नुपर्छ । त्यसको लागि सल्लाह, सुझावको आवश्यकता भएको जनाउनु भयो । अवको नीति भनेको माथिबाट तल निक्षेप (Top to Bottom) नभई तलबाट माथि प्रेषित (Bottom to Top) को नीति अवलम्बन गरिनुपर्ने धारणा व्यक्त गर्नु भयो । सरकार पूर्ण निक्षेपणको पक्षमा प्रतिबद्ध छ र कुनै न कुनै रुपमा निक्षेपण हुनै पर्छ र हुन्छ भन्ने आफ्नो विश्वास व्यक्त गर्नु भयो । निक्षेपणमा शाखा प्रशाखाभन्दा पनि सेवा प्रवाहलाई विशेष जोड दिनुपर्ने बताउनु भयो । माग र आपूर्तिको पक्षलाई समेट्न नसक्नुलाई स्वीकार्दै उपलब्ध स्रोत र साधनलाई दामासाही रुपमा भागबण्डा गर्नु उपयुक्त नभए पनि हालको अवस्थामा त्योदेखि बाहेक अन्य उपाय पनि नभएको सरकारको बाध्यता पनि प्रष्ट पार्नुभयो ।

**(घ) समूहगत छलफलसत्र**

विषयगत निक्षेपण रणनीतिको खाका तयार गर्ने क्रममा ठोस सल्लाह र सुझावको लागि सहभागीहरुलाई चार समूहमा विभाजन गरियो । प्रत्येक समूहमा संयोजक, प्रतिवेदक, समूह नेता र सहयोगी चयन गरी समूहगत छलफल तथा प्रस्तुति जिम्मा दिइयो । प्रत्येक समूहलाई छुट्टा छुट्टै विषय दिइएको थियो र उक्त विषयमा पूर्व तयारी चरण र कार्यान्वयन चरणको खाका तयार गराइयो । जस अनुसार निम्न बमोजिम चारवटा समूह विभाजन गरियो:-

- समूह "क" : महिला तथा समाज कल्याण क्षेत्र
- समूह "ख" : आर्थिक विकास
- समूह "ग" : पूर्वाधार विकास
- समूह "घ" : संस्थागत विकास

समूह विभाजन गरी सहभागीहरुबाट आ-आफ्नो समूहमा विस्तृत रुपमा छलफल गरी निम्न बमोजिम पूर्ण सत्रमा समूहगत प्रतिवेदन प्रस्तुत गरियो ।

समूह "क"

## महिला तथा समाज कल्याण क्षेत्र

(क) पूर्व तयारी चरण

१. महिला तथा समाज कल्याण क्षेत्र

कार्यपत्रमा प्रस्तावित निकायहरुमा स्थानीय विकास मन्त्रालय, मन्त्रिपरिषद् र संसद थप गर्ने ।

२. शिक्षा क्षेत्र

कार्यपत्रमा प्रस्तावित निकाय अलावा दातृसंस्था, समाजकल्याण मन्त्रालय थप गर्ने,

स्थानीय स्तर

कार्यपत्रमा महिला तथा समाज कल्याण मन्त्रालयअन्तर्गत महिला विकास शाखा र सहयोगी निकाय अर्न्तगत गै.स.सं. र स्थानीय समूदाय थप गर्ने ।

(ख) कार्यान्वयन चरण

| क्र.सं. | स्थानीय निकायको भूमिका | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| 1 | जनचेतना अभिवृद्धि सम्वन्धी कार्य | निरन्तर | स्थानीय निकाय | • महिला विकास शाखा<br>• गै.स.स., संघ/महासंघ |
| 2 | सीप विकास तथा आय आर्जन सम्वन्धी लक्षित समूह विशेष कार्यक्रम संचालन | निरन्तर | स्थानीय निकाय | • महिला विकास शाखा<br>• वित्तीय संस्था, गै.स.सं.<br>• विषयगत शाखाहरु |
| 3 | संस्थागत विकाससम्वन्धी कार्य | निरन्तर | स्थानीय निकाय | • महिला विकास शाखा<br>• NGO's/INGO's |
| 4 | सामुदायिक विकाससम्वन्धी कार्य | निरन्तर | स्थानीय निकाय | • महिला विकास शाखा<br>• गै.स.स.<br>• विषयगत शाखाहरु |
| 5 | स्थानीयस्तरबाट गरिने समन्वय अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्यहरु | निरन्तर | स्थानीय निकाय | • संघ/महासंघ |
| 6 | केन्द्रले गर्ने भनी तोकिए बाहेकका महिला वालवालिका समाज कल्याण क्षेत्र सम्वन्धी अन्य कार्यहरु | निरन्तर | स्थानीय निकाय | • गै.स.स.<br>• वित्तीय संस्था<br>• दातृ संस्था<br>• विषयगत शाखाहरु |

३.        महिला विकास, वालवालिका तथा समाज कल्याण

| क्र.सं. | केन्द्रीय स्तरको भूमिका | | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | महिला बालवालिका तथा समाज कल्याणसम्वन्धी राष्ट्रिय नीति तर्जुमा | १ वर्ष | • महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग | • राष्ट्रिय महिला आयोग<br>• स्थानीय विकास मन्त्रालय<br>• स्थानीय निकाय संघ/महासंघ |
| २ | महिला वालवालिका तथा समाज कल्याणसम्बन्धी दीर्घकालीन योजना तर्जुमा र लक्ष्य तथा उद्देश्य निर्धारण | निरन्तर | • महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग | • अर्थ मन्त्रालय<br>• स्थानीय विकास मन्त्रालय<br>• स्थानीय निकाय संघ/महासंघ |
| ३ | स्थानीयस्तरले मात्र गर्न नसक्ने महिला वालवालिका तथा समाज कल्याणसम्वन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षण सम्वन्धी कार्यहरु | निरन्तर | • राष्ट्रिय महिला आयोग<br>• महिला वालवालिका तथा समाज कल्याण मन्त्राय | • अर्थ मन्त्रालय<br>• स्थानीय विकास मन्त्रालय |
| ४ | महिला वालवालिका तथा समाज कल्याण क्षेत्रमा प्रवाह हुने वैदेशिक सहायताको समन्वय | निरन्तर | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग<br>• महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय | • स्थानीय विकास मन्त्रालय |
| ५ | केन्द्रीयस्तरबाट हुने अनुगमन र मूल्यांकन सम्वन्धी कार्यहरु | निरन्तर | • महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय | • स्थानीय विकास मन्त्रालय<br>• स्थानीय निकाय संघ/महासंघ |
| ६ | स्थानीयस्तरले मात्र गर्न नसक्ने एवं विशिष्ट प्रकृतिका महिला वालवालिका तथा समाज कल्याणसम्वन्धी संरचनाहरुको निर्माण, | निरन्तर | • महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• राष्ट्रिय योजना | • स्थानीय विकास मन्त्रालय<br>• स्थानीय निकाय संघ/महासंघ |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालन र व्यवस्थापन सम्वन्धी कार्यहरु | | आयोग | |
| ७ | वैदेशिक अध्ययन र छात्रवृत्ति सम्वन्धी कार्यहरु | निरन्तर | • महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय | • अर्थ मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग |

ख) कार्यान्वयन चरण

१. स्वास्थ्य क्षेत्र

कार्यपत्रमा प्रस्तावित निकायको अलावा महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय, दातृ संस्था, गृह मन्त्रालय र गैर-सरकारी संस्था थप गर्ने ।

## समूह "ख"
### आर्थिक विकास

कृषि तथा सहकारी विकास, पशुसेवा, उद्योग, वन, वातावरण र पर्यटन

(क) पूर्व तयारी चरण

| क्र.सं. | गर्नुपर्ने कामको विवरण | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| 1 | कार्यपत्रअनुसार | २ वर्ष | संसद | खानी तथा भूगर्भ विभाग |
| 2 | कार्यपत्रअनुसार | २ वर्ष | संसद | संघ/महासंघ |
| 3 | कार्यपत्रअनुसार | २ वर्ष | संसद | सामान्य प्रशासन मन्त्रालय |
| 4 | कार्यपत्रअनुसार | २ वर्ष | स्थानीय निकायका संघ/महासंघका प्रतिनिधिहरु | सामान्य प्रशासन मन्त्रालय |
| 5 | कार्यपत्रअनुसार | निर्वाचन पछिको ६ महिनाभित्र | | |
| 6 | कार्यपत्रअनुसार | १ वर्ष | | |
| 7 | कार्यपत्रअनुसार | १ वर्ष | | स्थानीय निकायका संघ/महासंघ<br>उद्योग वाणिज्य संघ/महासंघ |
| 8 | कार्यपत्रअनुसार | १ वर्ष | | |
| 9 | कार्यपत्रअनुसार | | | |
| 10 | कार्यपत्रअनुसार | | | अर्थ मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | | | | सामान्य प्रशासन मन्त्रालय |

(ख) कार्यान्वयन चरण

१. कृषि तथा पशु सेवा र सहकारी क्षेत्र - (सहकारी क्षेत्र थप गरिएको) केन्द्रीयस्तर

| क्र.सं. | गर्नुपर्ने कामको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | कार्यपत्रअनुसार | | | • राष्ट्रिय सहकारी महासंघ |
| २ | | | | • स्थानीय निकाय र सहकारी संघ/महासंघहरु |
| ३ | कार्यपत्रअनुसार | | | • स्थानीय निकाय र सहकारी संघ/महासंघहरु |
| ४ | कार्यपत्रअनुसार | | | |
| ५ | कार्यपत्रअनुसार | | | • स्थानीय निकाय र सहकारी कार्यालय संघ/महासंघहरु |
| ६ | कार्यपत्रअनुसार | | | |
| ७ | कार्यपत्रअनुसार | | | • स्थानीय निकाय र सहकारी संघ/ महासंघहरु |
| ८ | राष्ट्रिय सहकारी वैंक ऐन ल्याउने | ५ महिना | नेपाल राष्ट्र बैंक<br>अर्थ मन्त्रालय | • कृषि तथा सहकारी मन्त्रालय<br>• राष्ट्रिय सहकारी बैंक |

२. वन तथा वातावरण

| क्र.सं. | गर्नुपर्ने कामको विवरण | समय | जिम्मेवारी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. | प्राकृतिक स्रोत व्यवस्थापन तथा वातावरण संरक्षण निम्ति स्थानीय उपभोक्तालाई नै प्राथमिकता दिई समूह निर्माण गर्ने र निर्माणाधीन स्वायत्त रुपमा काम गरिरहेका समूहहरुको निरन्तरताको लागि अनुगमन, मूल्याङ्कन गरी सक्षम र सुदृढ गर्न समन्वय गर्ने व्यवस्था गर्ने | १ वर्ष | • स्थानीय निकाय<br>• सम्बन्धित मन्त्रालय तथा विभाग | • स्थानीय निकाय संघ/महासंघ<br>• सामुदायिक वन उपभोक्ता महासंघ<br>• वन वातावरणसँग सरोकार राख्ने संघ/संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| २ | प्राकृतिक स्रोत व्यवस्थापनबाट प्राप्त आम्दानी वाँडफाँड गर्न स्थानीयस्तरमै प्राथमिकता प्राप्त योजना संचालन गर्ने क्रममा सम्बन्धित विभाग मन्त्रालय, समूह, संघ/महासंघबीच स्थानीय तथा राष्ट्रियस्तरमै छलफल चलाई निर्धारण गर्ने । | १ वर्ष | • संसद<br>• सम्बन्धित विभाग, मन्त्रालय | • स्थानीय निकाय र संघ महासंघ<br>• सामुदायिक वन उपभोक्ता महासंघ<br>• सरकारी तथा गैर सरकारी संघ संस्थाहरु |
| ३ | निजी वनको वन पैदावर विना वर्गीकरण रोकतोक नलाई सम्पूर्ण निजी वनधनीलाई प्रयोग तथा विक्री वितरण गर्न दिने व्यवस्था गर्ने निजी वन लगाउने कार्यका लागि प्रोत्साहन गर्न थप कार्यक्रमको व्यवस्था गर्ने । | ६ महिना | • मन्त्रिपरिषद सचिवालय<br>• वन मन्त्रालय | • जनसंख्या तथा वातावरण मन्त्रालय<br>• स्थानीय विकास मन्त्रालय<br>• निजी वन उपभोक्ता महासंघ |
| ४. | निजीवन, वनक्षेत्र वाहिरका ऐलानी पर्ति नदी किनारमा लगाईने वनलाई पनि सामुदायिक वनको रुपमा विकास गर्न र कृषकलाई समेत वन वातावरणको कार्यक्रममा संलग्न गराउन प्रचार प्रसार गर्ने र प्राविधिक तयार गर्ने कार्यसम्बन्धी नीति वनाउने | १ वर्ष | • वन मन्त्रालय<br>• अर्थ मन्त्रालय | • सामान्य प्रशासन मन्त्रालय<br>• स्थानीय निकाय<br>• संघ महासंघ सामुदायिक वन उपभाक्ता महासंघ<br>• वन वातावरणको क्षेत्रमा सरोकार राख्ने संघ/संस्थाहरु |

३. उद्योग

| क्र.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. | खनिज पदार्थ उत्खनन् सम्वन्धी उद्योगहरुको इजाजत प्रदान गर्ने, सो बापत प्राप्त हुने राजस्व वाँडफाँड र विकाससम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • स्थानीय विकास<br>• उद्योग मन्त्रालय<br>• वन मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• संघ/महासंघ |
| २ | घरेलु उद्योग दर्ता, नविकरण बापत प्राप्त हुने राजस्व बाँडफाँडसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • स्थानीय विकास<br>• उद्योग मन्त्रालय<br>• वन मन्तालय<br>• अर्थ मन्त्रालय<br>• संघ/महासंघ |

| | | | | |
|---|---|---|---|---|
| ३ | धुम्रपान, मदिराजन्य वस्तु उत्पादन उद्योगहरुले बुझाउने राजस्व बाँडफाँडसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • स्थानीय विकास<br>• अर्थ मन्त्रालय<br>• उद्योग मन्त्रालय<br>• वन मन्त्रालय<br>• संघ/महासंघ |
| ४ | वातावरणलाई प्रभावपार्ने उद्योगहरुको स्थापना, संचालन र त्यस्ता उद्योगहरुले बुझाउने राजस्व बाँडफाँडसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • उद्योग मन्त्रालय<br>• स्थानीय विकास<br>• सहयोगी संघ/संस्था |

## ४. पर्यटन

| क.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | पर्यटन क्षेत्रको विकास विस्तार र संरक्षणसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • पर्यटन मन्त्रालय<br>• स्थानीय विकास<br>• सहयोगी संघ/महासंघ |
| २ | पर्यटन क्षेत्रबाट प्राप्त हुने राजस्व रकम बाँडफाँडसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• संसद | • पर्यटन मन्त्रालय<br>• स्थानीय विकास<br>• सहयोगी संघ/महासंघ<br>• अर्थ मन्त्रालय |

## ५. विद्युत

| क.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | विद्युत उत्पादन, विस्तार, उपभोगबाट प्राप्त हुने राजस्व बाँडफाँडसम्वन्धी नीती | १ वर्ष | • मन्त्रिपरिषद्<br>• सांसद | • स्थानीय विकास मन्त्रालय<br>• जलस्रोत मन्त्रालय<br>• संघ/महासंघ |
| २ | विद्युत विस्तार, उत्पादन र खोला नदीको उपयोगसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• सांसद | • स्थानीय विकास मन्त्रालय<br>• जलस्रोत मन्त्रालय<br>• संघ/महासंघ |

६. यातायात

| क्र.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | यातायात साधनहरुको दर्ता नविकरणबाट प्राप्त हुने राजस्व बाँडफाँडसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• सांसद | • स्थानीय विकास मन्त्रालय<br>• भौतिक योजना<br>• अर्थ मन्त्रालय<br>• संघ/महासंघ |
| २. | निजी क्षेत्रसँगको साझेदारीमा करारबाट मर्मत सम्भार गर्ने नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• सांसद | • स्थानीय विकास मन्त्रालय<br>• भौतिक योजना<br>• अर्थ मन्त्रालय<br>• संघ/महासंघ |

७. राहदानी

| क्र.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | राहदानी उपलब्ध गराउँदा प्राप्त हुने राजस्वसम्वन्धी नीति | १ वर्ष | • मन्त्रिपरिषद्<br>• सांसद | • गृह मन्त्रालय<br>• स्थानीय विकास मन्त्रालय<br>• अर्थ मन्त्रालय |

८. स्थानीयस्तर

| क्र.सं | गर्नुपर्ने कार्यको विवरण | समय अवधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | केन्द्रले गर्ने नीति, नियम सम्वन्धी कार्य बाहेक बाँकी कार्य स्थानीयस्तरबाट हुने । | निरन्तर | • जिविस<br>• नपा<br>• गाविस | • विषयगत कार्यालय<br>• साझेदारहरु<br>• गैर सरकारी संघहरु<br>• संघ/महासंघ |
| २ | कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा कार्ययोजना तयार गर्ने | निरन्तर | • जिविस<br>• नपा<br>• गाविस | • विषयगत कार्यालय<br>• साझेदारहरु<br>• गैर सरकारी संघहरु |

| | | | | |
|---|---|---|---|---|
| | | | | • संघ/महासंघ |

समूह "ग"

## पूर्वाधार विकास

१. पूर्वाधार विकास

पूर्व तयारी चरणमा संसोधन

कार्यपत्रमा प्रस्तावित समयावधि र सम्बन्धित निकायमा स्थानीय विकास ऋणपत्र जारी गर्दा एकवर्ष गरिनुपर्ने र विषयगत मन्त्रालय, महालेखा परिक्षकलाई निकायमा थप गरिनुपर्ने ।

२. केन्द्रीय निकायको भूमिका

| क्र.सं | क्रियाकलाप | सयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास कार्यक्रम सम्बन्धी दीर्घकालिन र आवधिक नीति तय गर्ने | निरन्तर | • विषयगत मन्त्रालयहरु<br>• राष्ट्रिय योजना आयोग | • दातृ संस्थाहरु<br>• संघ/महासंघ |
| २. | विषयगत शाखाहरु संचालनको लागि स्थानीय निकायलाई आवश्यक स्रोत र साधन उपलब्ध गराउने | निरन्तर | • विषयगत मन्त्रालयहरु | • राष्ट्रिय योजना आयोग |
| ३. | प्रभावकारी अनुगमन, मूल्याङ्कनको संस्थागत व्यवस्था, कार्यान्वयन र सहजीकरण | निरन्तर | • विषयगत मन्त्रालयहरु | • राष्ट्रिय योजना आयोग<br>• दातृ संस्थाहरु |
| ४. | प्रशंसनीय कार्यको लागि पुरस्कृत गर्ने व्यवस्था | निरन्तर | • विषयगत मन्त्रालयहरु<br>• मन्त्रिपरिषद सचिवालय | • संघ/महासंघ<br>• स्थानीय निकायहरु |
| ५. | मानव संसाधन विकास तथा प्रविधि हस्तान्तरण अध्ययन अनुसन्धान गर्ने गराउने | निरन्तर | • विषयगत मन्त्रालयहरु<br>• राष्ट्रिय योजना आयोग | • दातृ संस्थाहरु<br>• संघ/संस्थाहरु |
| ६ | दातृ संघ संस्थासँग समन्वय गर्ने गराउने | निरन्तर | • विषयगत मन्त्रालयहरु | • दातृ संस्थाहरु<br>• राष्ट्रिय योजना आयोग |
| ७ | पूर्वाधार विकास सम्वन्धी पूरा भएका आयोजनाहरु हस्तान्तरण गर्ने गराउने | निरन्तर | • विषयगत मन्त्रालयहरु | • स्थानीय निकायहरु |

हुलाक सेवा

| क.सं | क्रियाकलाप | सयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | ऐन, नियम, राष्ट्रिय नीति तर्जुमा र कार्यान्वयन | निरन्तर | • सूचना तथा सञ्चार मन्त्रालय<br>• संसद | • दातृ संस्था<br>• कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| २. | अन्तराष्ट्रिय सम्झौता र कार्यान्वयन | निरन्तर | • हुलाक सेवा विभाग<br>• सूचना तथा सञ्चार मन्त्रालय | • दातृ संस्थाहरु |
| ३ | नेटवर्किङ्ग/ अनुगमन निजी क्षेत्र प्रतिस्पर्धामा आएको अवस्थामा श्री ५ को सरकारले छाडने | निरन्तर | • हुलाक सेवा विभाग | • सञ्चार मन्त्रालय<br>• संघ/संस्था |
| ४ | जिल्लाभित्र संचालन हुने भौतिक पूर्वाधारका सम्पूर्ण कार्यक्रमहरु सहभागितात्मक जिल्ला विकास योत्रजना तर्जुमा प्रक्रिया पूरा गरी कार्यान्वयन गर्ने कानूनी व्यवस्था गरिनुपर्ने | १ वर्ष | • स्थानीय विकास मन्त्रालय<br>• विषयगत मन्त्रालयहरु<br>• राष्ट्रिय योजना आयोग<br>• संसद स्थानीय निकायहरु | • दातृ संस्थाहरु<br>• संघ/महासंघहरु |
| ५ | जिल्लाभित्र संचालन हुने जतिसुकै लगतको कार्यक्रम भए पनि जिल्लैबाट संचालन गरिनुपर्ने | १ वर्ष | • विषयगत मन्त्रालयहरु<br>• स्थानीय निकायहरु<br>• राष्ट्रिय योजना आयोग | • दातृ संस्थाहरु<br>• संघ/महासंघहरु |

३. कार्यान्वयन चरण: स्थानीय निकायहरुको भूमिका

| क.सं | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवार | सहयोगी |
|---|---|---|---|---|
| १ | जिल्लाभित्र संचालन हुने भौतिक पूर्वाधार र सम्बन्धित कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, नियमन सम्वन्धी | निरन्तर | • जिविस, नपा र गाविसहरु | • विषयगत मन्त्रालयहरु |

| | | | | |
|---|---|---|---|---|
| | कार्य | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | राष्ट्रिय नीतिमा आधारित भई दीर्घकालीन, आवधिक, र वार्षिक योजना तर्जुमा स्वीकृति र कार्यान्वयन | निरन्तर | • स्थानीय निकायहरु | • विषयगत मन्त्रालयहरु<br>• राष्ट्रिय योजना आयोग<br>• दातृ संस्थाहरु<br>• संघ/महासंघहरु |
| ३ | नियमित मर्मत संभारको व्यवस्था गर्ने | निरन्तर | • स्थानीय निकायहरु | • विषयगत मन्त्रालयहरु<br>• दातृ संस्थाहरु |
| ४ | भौतिक पूर्वाधारका आधारभूत तथ्याङ्क संकलन, अध्यावधिक र व्यवस्थापन गर्ने | निरन्तर | • स्थानीय निकाय | • दातृ संस्थाहरु<br>• गैर सरकारी संस्थाहरु |

## समूह "घ"

## संस्थागत विकास

**१) संरचना**

कार्यगत इकाइको रुपमा विकास

भौगोलिकता जात जाती, वर्ग, सेवा प्रवाहमा सहजता, स्रोत साधनको स्थिति, भौतिक पूर्वधारलाई मध्यनजर राखिनुपर्ने पक्षहरु:

- प्रतिनिधित्व
- वालिग मताधिकार
- समानुपातिक प्रतिनिधित्व
- चक्र प्रणाली
- आरक्षण (महिला ३० % अन्य दलित उपेक्षित र अल्पसंख्यक विषेश १०%)
- इकाइ
- जनसंख्या, भौगोलिकता र सेवा प्रवाहमा सहजताजस्ता अनुकूल इकाइमा विषयगत परिषद् समेत रहनु पर्ने
- जिम्मेवार निकाय : स्थानीय विकास मन्त्रालय
- समयावधि : ३ वर्ष

२)	तहगत अधिकारको स्पष्टता

सरल , सहज पहुँच , लागत प्रभावी र कार्य दक्षताको आधारमा तहगत अधिकार निर्धारण हुनु पर्ने

क) गाविस /नगरपालिका

- अधिकार
- जनसरोकारका सेवा प्रवाह कार्य
- स्थानीयस्तरका विकास निर्माण
- स्थानीय स्रोत पहिचान, संकलन, उपयोग

<u>नगरपालिका</u>

विद्युत संचार , सडक, खानेपानी , सहरीकरण (थप गर्ने)

<u>जिविस</u>

- केन्द्रसँग सम्पर्क समन्वय
- स्थानीय स्तरको मूल्याङ्कन अनुगमन
- विकास र सेवाको उपयुक्त बाँडफाँड
- जिम्मेवार निकाय : स्थानीय विकास मन्त्रालय
- समायवधि : २ वर्ष भित्र

३)	सेवा प्रवाह

- सेवा प्रवाहको गुणस्तरीयता र मापदण्ड निर्धारण, प्रतिस्पर्धात्मक वातावरणको सृजना, आवश्यकताको पहिचान
- जिम्मेवार निकाय : सम्वन्धित विषयतगत निकायहरु
- समयावधि : निरन्तर

४)	अनुगमन

सहभागितामूलक अनुगमन (सूचकांकको आधारमा निजी क्षेत्र, नागरिक समाज, गैर सरकारी संघ संस्था)

- जिम्मेवारी निकाय : स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग , सम्वन्धित निकाय
- समयावधि : निरन्तर

५)	पारदर्शिता  र उत्तरदायित्व प्रणाली

आवश्यक तत्वहरु:

- नागरिक वडापत्र
- वार्षिक प्रतिवेदन प्रकाशन
- नागरिक समाजबाट समीक्षा
- प्रेससँग समन्वय र सहकार्य
- सार्वजनिक लेखापरीक्षण
- खुल्ला वैठक प्रणाली (जिविस र नपा)
- सार्वजनिक सुनुवाइ
- निर्णय सार्वजनिक
- जिम्मेवार निकाय : सम्बन्धित निकाय
- सयावधि : निरन्तर

६)	संगठन विकास : कार्य विवरण, दरवन्दी व्यवस्था

- निक्षेपित कार्य र उद्देश्यका आधारमा पूर्ण संरचना
- पदाधिकारी र कर्मचारीको कार्य विवरण व्यवस्था
- संरचना अनुरुप दरवन्दी
- दक्षता विकास
- संवन्धित निकाय : स्थानीय विकास मन्त्रालय, अन्य सम्वन्धित निकायहरु
- समयावधि : दुई वर्षभित्र प्ररम्भिक कार्य सम्पन्न गरी निरन्तरता

७)	सहभागितामूलक योजना पद्धति र सो को अवलम्वन

- साधान स्रोत संकलन, पहिचान र व्यवस्थापन
- साधन स्रोतको उपयोगको योजना
- स्रोतमा आधारित योजना तर्जुमा
- आवधिक योजना तर्जुमा
- तथ्याङ्क र सूचनामा आधारित पद्धति - प्रोफाइल, गरिबीमापन, भौगोलिक सूचना प्रणाली
- सम्वन्धित निकाय : स्थानीय निकाय
- समयावधि : निरन्तर

८)	सूचना प्रविधिको प्रयोग

- स्थानीय स्तरको नीति
- आवश्यक आधुनिक उपकरणको उपलब्धता
- सम्वन्धित निकाय : स्थानीय निकाय
- समायवधि : निरन्तर

९)	मानव संसाधान विकास

- आवश्यकता पहिचान
- जिल्लास्तरीय मानव संशाधान विकास योजना
- मानव संसाधन विकासको सूचीकरण
- परिचालन रणनीती
- तालिम सामाग्री, संयन्त्र, र उपकरण उपलब्धता
- अन्तरनिकाय समन्वय, सम्पर्क र सहकार्य
- सम्वन्धित निकाय : स्थानीय विकास मन्त्रालय र सम्वन्धित स्थानीय निकाय
- समयावधि : निरन्तर

१०)	प्राविधिक तथा वित्तीय स्रोत

- भवन, फर्निचर उपकरण, यातायात साधन
- आन्तरिक स्रोतको सम्भाव्यता अध्ययन र परिचालन वार्षिक योजना तर्जुमा
- स्रोतको विनियोजन र खर्चको स्वतन्त्र अनुगमन मूल्याङ्कन
- कम्प्युटराइज लेखा प्रणालीको उपयोग
- अन्तरिक लेखाप्रणालीको स्थापना कार्यान्वयन र लेखापरीक्षणमा नियमितता
- वेरुजु बक्यौता पेश्की फछ्र्यौटसम्वन्धी स्थानीय स्तरको संयन्त्र विकास
- स्वतन्त्र स्थानीय लेखापरीक्षण बोर्डको स्थापना र संचालन
- आन्तरिक स्रोतका लागि निजी क्षेत्र, दातृ संस्थासँगको परिचालनसम्वन्धी रणनीती
- स्थानीय कर र राजस्व संकलन व्यवस्थापन प्रणालीको हस्तारन्तरण र आन्तरिकीकरण निति
- सम्वन्धित निकाय : स्थानीय विकास मन्त्रालय , सम्वन्धित स्थानीय निकाय
- समावधि : २ वर्ष

११) कार्यविधि र कार्य प्रणाली

- स्थानीय निकायको अन्तरिक कार्य संचालन निर्देशिका तर्जुमा
- उपभोक्ता समिति संचालन परिचालन निर्देशिका तर्जुमा
- गैसस र निजी क्षेत्र परिचालन रणनीति तर्जुमा
- अनुगमन र मूल्याङ्कन
- अन्य निकायसंग साझेदारी र सहकार्य
- अन्य कार्यविधि र निर्देशिका
- अभिलेख प्रतिवेदन प्रणाली विकास र व्यवस्थापन
- अध्ययन र अनुसन्धानलाई नियमित प्रकृयाका रुपमा अवलम्वन गरिनु पर्ने
- निक्षेपित कार्य संचालन र व्यवस्थापनसम्वन्धी विषयगत निर्देशिका तर्जुमा
- सम्वन्धित निकाय : स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्वन्धित स्थानीय निकाय
- समायवधि २ वर्ष प्रारम्भिक कार्य गरिसक्ने र निरन्तर

१२ ) कार्य वातावरण

- स्थानीय निकाय र निक्षेपित कार्यको कार्यालय व्यवस्थापन कार्यमूलक बनाउने
- जनसम्पर्क शाखा प्रशाखा र गुनासो सुनुवाईको व्यवस्था गर्ने
- स्थानीय निकाय र निक्षेपित कार्यलयहरुको सम्पर्क र कम्प्युटर नेटवर्किङ्ग, कम दूरीमा कार्यालय स्थापना गर्ने
- निक्षेपित कार्यालय र कर्मचारीको स्थानीय निकायप्रतिको समन्वय र निर्देशनको व्यवस्था हुनपर्ने
- स्थानीय स्तरमा निक्षेपणसम्वन्धी राजनीतिक सहमतिको रणनीति विकास
- मानव ससांधनको क्षेत्रमा बजेट तथा प्राविधिकको सहयोग केन्द्रबाट उपलब्ध गराइनुपर्ने ।
- निक्षेपणका लागि केन्द्रीय निकायबाट आवश्यक वातावरण कानूनी आधार तथा प्रशासनिक व्यवस्थापन गरिनु पर्ने
- निक्षेपित कार्य सम्पादनका लागि आवश्यक वजेट केन्द्रबाट स्थानीय स्तरमा उपलब्ध गराइनु पर्ने
- स्थानीय निकायको क्षमताबारे विस्तृत अध्ययन विश्लेषण र सुधारका क्षेत्र पहिचान
- क्षमता विकास लागि सरोकारवालाहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता

- क्षमताको समष्टिगत उद्देश्य र लक्ष्य सहितको दीर्घकालीन नीति र कार्य योजना
- कार्ययोजनाको कार्यान्वयन र संयन्त्र र वित्तीय व्यवस्था
- क्षमता अभिवृद्धिको मूल्याङ्कन र दिघोपनको सुनिश्चित गर्ने संयन्त्रको विकास
- सम्वन्धित निकाय : स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्वन्धित मन्त्रालय
- समयावधि : निरन्तर
- क्षमता अभिवृद्धि, संस्थागत विकास र व्यवस्थापन क्षमता, मानव संसाधन, प्राविधिक तथा वित्तीय स्रोत व्यवस्थापन, कार्यविधि, कार्य प्रणाली र कार्यवातावरण ।

**(ङ) समापन समारोह सत्र**

इन्दु सन्जेल, महिला विकास अधिकृत, मोरङ

गोष्ठी ज्यादै उपयोगी र सान्दर्भिक भएको विचार व्यक्त गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ को प्रावधान अनुसार स्थानीय निकायलाई केन्द्रको अधिकार निक्षेपण गरी स्थानीय निकायलाई सक्षम बनाउनुपर्छ भन्नु भयो । गोष्ठीबाट प्राप्त सुझावअनुसार कार्यान्वयन चरणसम्म पुग्नुपर्ने र महिलाहरुको उत्थानको लागि विशेष कार्यक्रम संचालन गरिनुपर्ने कुरामा जोड दिनुभयो ।

अर्जुन राई, निवर्तमान सभापति, झापा

वर्तमान परिस्थितिलाई लक्षित गर्दै प्रजातन्त्रमा सार्वभौमशक्ति जनतामा हुनुपर्ने मान्यता रहे तापनि हाल अप्रत्यक्ष रुपमा पनि पुग्न नसकेको गुनासो आशा व्यक्त गर्नु भयो । यसै क्रममा तल्लोस्तर सम्म पुगी स्रोत र साधनको उचित परिचालनको क्षमता विकास गर्न आवश्यक भएको र निक्षेपण कार्य एकै पटक गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

रमेश श्रेष्ठ, सभापति जिविस, मोरङ

वर्तमान अवस्थामा स्थानीय निकाय संस्थागत रुपमा विकास हुँदै आएको र स्थानीय स्वायत्त शासन ऐनको प्रावधान अनुसार कार्यान्वयन गर्न सक्षम भएको हुँदा निक्षेपण गर्न ढिलाई गर्न नहुने विचार राख्नु भयो । केन्द्र सरकारले स्थानीय निकायलाई अविश्वासको दृष्टिले मात्र हेर्न नहुने हुदा काम र अधिकार दिएर मात्र मूल्याङ्कन गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

डा. हिकमत विष्ट, प्रुमख सल्लाहकार, DASU/ DANIDA

शासन व्यक्तिको होइन विधिको हुनुपर्ने मान्यता राख्ने हो भने प्रजातान्त्रिक शासन पद्धतिलाई नेपालीले पनि कुनै पनि तहमा हुने निर्णयले त्यो व्यक्ति, समाज, समुदायलाई प्रभाव पार्ने हुँदा त्यस्तो निर्णयमा वारिस नै राखेर भए पनि समावेश हुनै पर्छ, हुन पाउनै पर्छ । निर्णय प्रक्रिया, जसमाथि निर्णय हुन्छ त्यसको सहभागिता छ छैन भन्ने विषय नै महत्वपूर्ण हो । स्थानीय सरकार र वैंकिङ कारोवारको विषयमा विवाद रहेको स्वीकार गर्नु हुदै सरकार नियन्त्रित बैंक, निजी बैंक र विदेशी लगानीको बैंकको उदाहरण दिनु हुदै स्थानीय सरकारको वित्तीय कारोवार सरकारद्वारा संचालित बैंकभन्दा निजी क्षेत्रद्वारा संचालित राम्रो भएको बताउदै हाललाई मापदण्ड नभएको

उल्लेख गर्नु भयो । अधिकारको विकेन्द्रीकरण तथा निक्षेपणसँग सँगै भ्रष्टाचार पनि विकेन्द्रीकरण हुने जनाउँदै हामी नेपालीहरु कार्यमा कहिले प्रतिबद्ध, बचनबद्ध नभएको गुनासो गर्दै सबैलाई निक्षेपणको कार्यान्वयन प्रभावकारी वनाउन प्रतिबद्ध हुन आग्रह गर्नु भयो ।

- उदय नेपाली श्रेष्ठ, उपाध्यक्ष, कानून सुधार आयोग

विकेन्द्रीकरण र निक्षेपणसम्वन्धी पक्षमा प्रतिबद्धता जाहेर गर्दै विकेन्द्रित शासन प्रणालीलाई संस्थागत रुपमा विकास गर्न संविधानतः स्थानीय स्वायत्त शासन ऐन, नियमावली आएको उल्लेख गर्नु भयो । संविधान तथा ऐनले स्थानीय निकायहरुलाई अधिकार सम्पन्न, जिम्मेवार, जवाफदेही, स्रोत र साधन सम्पन्न गराउने उद्देश्य रहे तापनि श्री ५ को सरकारको प्रतिबद्धतामा कमीको कारण यसले मूर्तरुप लिन नसकेको धारणा व्यक्त गर्नुभयो ।

**धन्यवाद ज्ञापन**

- कृष्णमान प्रधान, सभापति, ग्रामीण विकास प्रतिष्ठान

विषयगत निक्षेपण रणनीति विषयक अध्ययनले निक्षेपण रणनीति तयार गर्ने, स्थानीय निकायको आवश्यक पूर्वाधार तथा क्षमता के हुनुपर्ने भन्ने पक्षमा अध्ययन र स्थानीय स्वायत्त शासन प्रणालीमा बाँझिएको ऐन मस्यौदा समेत तयार गर्ने लक्ष्य राखी पूर्वाञ्चल क्षेत्रीय गोष्ठी आयोजना गरेको उल्लेख गर्दै, यस गोष्ठीमा नीति निर्माण, कार्यान्वयन र सेवा प्राप्त गर्ने समूह समेतको समुस्थिति, सक्रिय सहभागिताको लागि खुशी व्यक्त गर्नु भयो । गोष्ठीको उद्घाटन समारोहका अध्यक्ष, प्रमुख अतिथि, कार्यपत्र प्रस्तुतसत्र र छलफल सत्रका अध्यक्षता गर्नु हुने र यो संवेदनशील तथा जटिल विषयको कार्यपत्र अत्यन्त मेहनतका साथ तयार पार्ने प्रस्तोतात्रय उदयनेपाली श्रेष्ठ, महेश दहाल, दिनेश थपलिया एवं उपस्थिति सम्पूर्ण सहभागीहरुलाई धन्यवाद दिनुभयो ।

**अध्यक्षबाट मन्तव्य**

- काशीराज दाहाल, सचिव, न्याय परिषद्

समापन समारोहका अध्यक्षता गर्नु भएका न्याय परिषद्का सचिव काशीराज दाहालले सुशासन भन्नाले विधिको शासन, जिम्मेवारी, उत्तरदायी, पारदर्शिता, भ्रष्टाचाररहित शासन व्यवस्थालाई जनाउँछ । जसको लागि शक्ति निक्षेपण हुनै पर्छ, स्थानीय समस्या स्थानीय निकायबाट सुल्झाउन नसकेसम्म सुशासन हुन सक्दैन । राज्यका तीन शक्तिहरु विधायिका, कार्यपालिका र न्यायपालिकाको कुनै न कुनै रुपमा यी तीनै अंगहरुको शक्ति निक्षेपण हुनै पर्छ र त्यस्ता कार्य हुनेमा विश्वास व्यक्त गर्नु हुदै त्यसको लागि मनोविज्ञानको सिद्धान्त मस्तिष्कमा, कार्य जिम्मेवारी र हृदयमा समझदारी सधैं मनन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

## पोखरा गोष्ठी

ग्रामीण विकास प्रतिष्ठानद्वारा तयारपारिएको विषयगत निक्षेपण रणनीति, स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीति र प्रस्तावित कानूनी संशोधनको खाकामा विस्तृत छलफल गरी भावि कार्यक्रममा प्रस्तुत गर्ने खाका र विषयवस्तुमा छलफल गर्ने उद्देश्यले पोखरामा २०६१ साल जेष्ठ ८ देखि १० गतेसम्म तीन दिनको विस्तृत रुपमा कार्यशाला संचालन गरियो । विभिन्न सरोकारवाला मन्त्रालयका उच्च पदाधिकारी, विशेषज्ञ, स्थानीय पदाधिकारी र

प्रतिष्ठानका कार्यटोली समेतको सहभागितामा आयोजित उक्त कार्यक्रममा प्रस्तावित विषयगत निक्षेपणको रणनीति, कार्यपत्रका खाका छलफलको लागि उदयनेपाली श्रेष्ठ र महेश दहालबाट प्रस्तुत गरियो । प्रस्तुत कार्यपत्रउपर विस्तृत रुपमा छलफल भई रणनीतिको प्रस्तुति खाकामा संसोधन गरी नयाँ खाकाको तर्जुमा गरियो र विषयवस्तुको विस्तृत खाकाको तयारी गरियो । प्रस्तावित नयाँ खाकामा सम्बन्धित मन्त्रालय र निकायहरुले तयार गरेको खाकामा छलफल गरी अन्तिम रुप दिइयो ।

छलफल गर्ने र रणनीतिको खाकालाई अन्तिम रुप दिने क्रममा प्रतिष्ठानको तर्फबाट तयार पारिएको स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीतिको खाका दिनेश थपलिया र रेश्मिराज पाण्डेबाट प्रस्तुत गरियो । उक्त खाकामा विस्तृत छलफल गरी सम्बन्धित निकायका प्रतिनिधिहरुबाट छलफल गरी अन्तिम रुप दिइयो ।

कार्यक्रमको अन्तमा सम्पूर्ण सहभागीहरुले आ-आफ्नो धारणा व्यक्त गर्दै तयार पारिएको रणनीतिलाई विभिन्न सरोकारवालाहरुसँग भिन्दा भिन्दै छलफल कार्यक्रमको आयोजना गरी अन्तिम रुप दिनुपर्ने सुझाव दिनुभयो ।

(छलफलबाट तयार गरिएको विषयगत निक्षेपण रणनीतिको पूर्ण विवरण खण्ड (ख) को परिच्छेद सात र स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीतिको पूर्ण विवरण, खण्ड (ख) को परिच्छेद आठमा प्रस्तुत गरिएको छ । साथै, कार्यक्रमको विस्तृत विवरण खण्ड (ख) को परिच्छेद नौंमा दिइएको छ ।

## ३.२ क्षेत्रीय गोष्ठीको निष्कर्ष:

कार्यपत्रमाथि समूहगत रुपमा छलफल भई निक्षेपणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहभागीहरुबाट प्रस्तुत विचार तथा छलफलको आधारमा तयार पारिएको निष्कर्ष निम्नानुसार छन्:

१. विगतमा निक्षेपण प्रारम्भ भैसकेका विषयगत क्षेत्रहरुमा थप निक्षेपण गर्नुपर्ने कार्यहरु:

(क) कृषि/पशु सेवा :

- सेवाकेन्द्र/उपकेन्द्र स्थानीय निकायलाई हस्तान्तरण गर्ने,
- जिविस/गाविसप्रति जिम्मेवार हुने गरी कर्मचारी काजमा पठाउने,
- बजेट सशर्त अनुदानको रुपमा जिविसमा पठाउने,
- कार्यक्रम बजेट विनियोजन जिविसले गर्ने,
- अनुगमन/मूल्यांकन स्थानीय निकायले गर्ने ।

(ख) शिक्षा :

- गाउँ/नगर/जिल्ला शिक्षा समितिहरुलाई स्थानीय निकाय प्रति जिम्मेवार र जवाफदेही हुने व्यवस्था मिलाउने,

- पूर्ण निक्षेपणका लागि प्रस्तावित ५ जिल्लामा माध्यमिक विद्यालयसम्मको शिक्षा स्थानीय निकायमा हस्तान्तरण गर्ने, क्षमता अभिवृद्धि शिक्षा मन्त्रालयले गर्ने, यसरी हस्तान्तरण गर्दा विद्यालयको संचालन स्वायत्तता कायम राख्ने,
- अन्य जिल्लाको हकमा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, माध्यमिक विद्यालयस्तर शिक्षालाई स्थानीय निकायको मागबमोजिम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने,
- स्थानीय स्तरको बालशिक्षा, अनौपचारिक शिक्षा (प्रौढ र साक्षरता कार्यक्रम समेत) तथा विशेष शिक्षा (सक्षम भएको स्थानमा) स्थानीय निकाय मार्फत संचालन गर्ने ।

(ग) स्वास्थ्यः

- सबै उपस्वास्थ्य चौकीहरु स्थानीय निकायलाई हस्तान्तरण गर्ने,
- प्रतिकारात्मक सेवाहरु स्थानीय निकायमार्फत संचालन गर्ने,
- स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेदिक औषधालयलाई स्थानीय निकायप्रति जिम्मेवार बनाई संचालन गर्ने,
- पूर्ण निक्षेपणका प्रस्तावित पाँच जिल्लाका उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालहरु स्थानीय निकायमार्फत संचालन गर्ने,
- जिल्ला जनस्वास्थ्य कार्यालयलाई जिविसप्रति पूर्ण उत्तरदायी बनाउने ।

(घ) ग्रामीण पूर्वाधारः

- सडक : राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र भीआईपी सडकबाहेक अन्य सडकहरु स्थानीय निकायलाई हस्तान्तरण गर्ने,
- खानेपानी : सबै ग्रामीण खानेपानी कार्यक्रम स्थानीय निकायमार्फत संचालन गर्ने,
- सिंचाई/नदी नियन्त्रण : स्थानीय स्तरका सिंचाई, नदी नियन्त्रण कार्य स्थानीय निकाय मार्फत संचालन गर्ने,
- पुलहरु : सडकको मापदण्ड र विशेषता उपयोग गरी स्थानीय निकायलाई पुल समेत निर्माण गर्ने अधिकार निक्षेपण गर्ने ।
- विद्युत : विद्युत, खानेपानीजस्ता सेवा क्षमता र दक्षताको आधारमा स्थानीय निकायमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ङ) सहकारी :

- जिल्ला सहकारी कार्यालय र सबै सहकारी सम्बन्धी कार्यहरु हस्तान्तरण गर्ने,

(च) घरेलु तथा साना उद्योगः

- घरेलु तथा साना उद्योगसम्बन्धी सबै कार्यहरु जिविसमार्फत संचालन गर्ने,

(छ) पर्यटनः

- ग्रामीण तथा शहरी पर्यटन प्रवर्द्धनका कार्यहरु स्थानीय निकाय मार्फत संचालन गर्ने,

(ज) जनसंख्या र वातावरणः

- जनसंख्या व्यवस्थापन र वातावरणीय चेतना अभिवृद्धि तथा यसका लागि सामाजिक परिचालनका कार्यहरु सम्बन्धित स्थानीय निकायमार्फत संचालन गर्ने,

(झ) महिला विकासः

- महिला विकासका सबै कार्यहरु स्थानीय निकायअन्तर्गत संचालन गर्ने

२. एकमुष्ठ निक्षेपण गर्नुपर्ने क्षेत्रहरु

निक्षेपण गर्दा एकमुष्ट (Package) का रुपमा दिनुपर्ने तथा त्यसको निक्षेपण गर्दा निम्न कुराहरु समाविष्ट एवं स्पष्ट गरी दिनुपर्नेः

- कार्य (Function)
- वित्त (Finance)
- कर्मचारी (Staff)
- क्षमता अभिवद्धि (Capacity)
- अनुगमन र मूल्यांकन (Monitoring and Evalutation)
- जवाफदेहिता (Accountability)

ααααα

परिच्छेद - चार

# लक्षित समूह छलफल

## ४.१ छलफलको सारांश

ग्रामीण विकास प्रतिष्ठानले स्थानीय निकायका महासंघ/संघ, सरोकारवाला विषयगत मन्त्रालयहरु र दातृसंस्थासँग छलफल, क्षेत्रीय गोष्ठीहरुमा व्यक्त सल्लाह र सुझावको आधारमा परिमार्जन गरेको "विषयगत निक्षेपण रणनीति" र "स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीति" को आधारपत्रका सम्बन्धमा अन्तिम मस्यौदा तयार पारियो । उक्त मस्यौदा उपर विस्तृत रुपमा बुँदागत छलफल गर्ने उद्देश्यले समूहगत छलफल कार्यक्रम (Focus group discussions) २०६१ असार ५ र ६ गते गोदावरीमा, २०६१ साउन २४ र ३१ गते काठमाडौंमा आयोजना गरियो । सहभागीको नामावली खण्ड (ख) को परिच्छेद दशमा प्रस्तुत गरिएको छ ।

## ४.२ सरोकारवालाबीच छलफल

दुई दिवसीय लक्षित समूह छलफल मिति २०६१ असार ५ र ६ गते गोदावरी रिसोर्ट, गोदावरीमा सम्पन्न भयो । उक्त छलफल कार्यक्रममा सम्बन्धित विषयगत मन्त्रालयका वरिष्ठ कर्मचारीहरु, कानून सुधार आयोग, राष्ट्रिय योजना आयोग र न्यायपरिषद्समेत जम्मा ४० जनाको सहभागिता रहेको थियो । उक्त छलफल कार्यक्रमको संक्षिप्त विवरण निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

<u>स्वागत तथा उद्देश्यमाथि प्रकाश</u>

छलफल कार्यक्रमको प्रारम्भमा ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानले उपस्थित सबैको स्वागत गर्नुहुँदै केही आधारभूत विषयगत कार्यको निक्षेपण भइसकेको पृष्ठभूमिमा समग्र रुपमा निक्षेपणको कार्यलाई अघि बढाउन अवलम्बन गरिनुपर्ने रणनीति, स्थानीय निकायको क्षमता अभिवृद्धि र कानूनमा संशोधनका पक्षमा सम्बन्धित सरोकारवाला तथा विज्ञ महानुभावहरुबाट महत्वपूर्ण सुझाव प्राप्त गरी पूर्णता दिने उद्देश्यबाट कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

पहिलो सत्रको अध्यक्षता- उदय नेपाली श्रेष्ठ, उपाध्यक्ष, कानून सुधार आयोग

प्रथम सत्रको अध्यक्षता कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठले गर्नु भएको थियो । उहाँले विकेन्द्रीकरणको कार्यलाई एउटा अभियानको रुपमा लिई स्थानीय निकायलाई

अधिकार निक्षेपण गर्ने भनिए तापनि त्यसको लागि एकातिर स्रोत साधन लगायत कुनै पनि आवश्यक तयारी नभएको अवस्थामा रहेको छ भने अर्कोतिर कानूनले के व्यवस्था गरेको छ, स्थानीय निकायको अवस्था के छ त्यसमा हामी आफै अन्यौलमा छौं भन्नु भयो । साथै, उहाँले अधिकारको निक्षेपण के कसरी गर्ने भन्ने सम्बन्धमा विभिन्न व्यक्ति संघ/संस्था एवं सम्बन्धित निकायहरुसँग छलफल गर्नुको साथै पोखरामा विस्तृत छलफल भई विषयगत निक्षेपण रणनीतिको खाका तयार पारिएको र सोही खाकामाथि यहाँ छलफल गरी महत्वपूर्ण सुझावहरु प्राप्त गरी यस रणनीतिलाई पूर्णता प्रदान गर्न सबैबाट सहयोग प्राप्त हुने विचार व्यक्त गर्नुभयो ।

## कार्यपत्र प्रस्तुति

DASU/DANIDA का प्रमुख सल्लाहकार डा. हिक्मत विष्टले Concept and Principles of the Decentralization and Local Governanace कार्यपत्र प्रस्तुत गर्नुभयो । डा. विष्टले आफ्नो कार्यपत्र प्रस्तुत गर्ने क्रममा विकेन्द्रीकरणको सैद्धान्तिक पक्ष, अवधारण र हाल नेपालमा विकेन्द्रीकरणको व्यवहारिक पक्षको बारेमा विस्तृत रुपमा प्रस्तुत गर्नुभयो । कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरु श्री ५ को सरकारका उच्च पदाधिकारीहरु भएको अवस्थामा सैदान्तिक र व्यवहारिक रुपमा विकेन्द्रीकरण र निक्षेपणको प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा चर्चा गर्नुभयो । स्थानीय निकायमा केन्द्रीयस्तरबाट राजनीतिक विकेन्द्रीकरण, प्रशासनिक विकेन्द्रीकरण, वित्तीय विकेन्द्रीकरण, बजार विकेन्द्रीकरण नभएसम्म विकेन्द्रीकरण हुन नसक्ने र सुशासन कायम हुन नसक्ने धारणा राख्नुभयो ।

## छलफल

कार्यपत्रको प्रस्तुतिपछि सहभागीहरुद्वारा व्यक्त विचारलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

काशीराज दाहाल, सचिव, न्याय परिषद्

- विकेन्द्रीकरणलाई ऐन, नियमले नै संरक्षण दिएको छ र नागरिक समाज अन्तर्गत विभिन्न संघ, संस्था, समूहलाई समेटेको छ तर न्यायिक क्षेत्रका कतिपय नागरिक समाजका विधानलाई मान्यता नदिइएको वर्तमान अवस्थामा जटिलता आउन सक्छ ।

दीपबहादुर स्वाँर, महानिर्देशक, कृषि विभाग

- सानोभन्दा सानो प्रशासनिक इकाई भएका ठाउँमा सबै क्षेत्रलाई व्यवस्थापन गर्न सजिलो नहुने कुरातर्फ विचार पुऱ्याउनुपर्छ ।
- स्थानीय हितका कुरामा स्पष्टता र पारदर्शिता आउन सक्छ तर राष्ट्रिय र क्षेत्रीयस्तरका कुराहरुमा समन्वय र कार्यान्वयन गर्न कठिन हुन्छ ।

टंकमणि शर्मा, उप-सचिव, स्वास्थ्य मन्त्रालय

- वैधानिकता (Legitimacy) लाई सुशासनको विशेषतामा राख्नु उचित हुनेछ ।
- कार्यलाई सहयोगी र निकायगत दृष्टिकोणबाट हेरिनुपर्छ ।
- स्थानीय विकास मन्त्रालयले स्थानीय विकास अधिकृत पठाएपछि जिविसभनेको सो मन्त्रालयको मात्र शाखा हो भन्ने मान्यता त्याग्नुपर्छ । जिविस सबै विषयगत मन्त्रालयहरुको सम्पर्क इकाई हो भन्ने जनभावना वृद्धि गरिनु पर्दछ ।

- योगेन्द्र कार्की, उप-सचिव, कृषि तथा सहकारी मन्त्रालय

- o विकेन्द्रीकरणको परिभाषामा निक्षेपणलाई मात्र सीमित गरिइनु हुँदैन ।
- o विकेन्द्रीकरणका तीन खुट्टा भएकोमा बजार विकेन्द्रीकरणलाई चौथो खुट्टा, कानूनलाई पाँचौ र मूल्याङ्कनलाई छैठौंमा राख्नुपर्छ ।

**कार्यपत्र प्रस्तोताबाट जवाफ**

कार्यपत्रमाथि भएको टिप्पणी तथा जिज्ञासाहरु उपर डा. हिक्मत विष्टले जवाफ दिनु हुँदै सुशासन, विकेन्द्रीकरण र निक्षेपणलाई प्रभावकारी तथा मूर्तरुप दिन क्षेत्रीय संरचनामा नै परिवर्तन गर्नुपर्ने धारणा प्रकट गर्नुभयो । वर्तमान स्थानीय निकायको संरचनाले जनताप्रति आवश्यकता अनुसार सेवा प्रदान गर्न सक्षम छैन भनी प्रमाणित भइसकेको अवस्थामा यसको संरचना परिवर्तन गरिनु पर्दछ । राष्ट्रिय स्वार्थ, क्षेत्रीय स्वार्थ र स्थानीय स्वार्थका विषयहरुको तालिका बनाइएमा सरलता आउने छ भन्नुभयो ।

**दोस्रो कार्यपत्र प्रस्तुति**

कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठ, स्थानीय विकास मन्त्रालयका उप-सचिवद्वय महेश दहाल तथा दिनेश थपलियाले "विषयगत निक्षेपण रणनीति" सम्बन्धी कार्यपत्र संयुक्त रुपमा प्रस्तुत गर्नुभयो । स्थानीय निकायमा निक्षेपित अधिकारलाई व्यवहारिक रुपमा लागू गर्न के कस्ता रणनीति अपनाउनु पर्दछ र त्यसका लागि जिम्मेवार निकायहरु र निश्चित समयावधिको साथै पूर्वतयारी चरण तथा कार्यान्वयन चरण समेतको व्यवहारिक कुराहरुमाथि प्रकाश पार्नु भयो । कार्यपत्रलाई बुँदागत रुपमा प्रस्तोताहरुबाट पालैपालोसँग प्रस्तुत गर्नुभयो ।

उक्त कार्यपत्रको प्रस्तुतिकरणपछि स्थानीय विकास मन्त्रालयका उप-सचिव रेश्मिराज पाण्डेले स्थानीय निकायको संरचनाबारेमा गठित समितिले तयार गरी पेश गरेको सिफारिससम्बन्धमा छलफल भएकोमा हालको स्थानीय निकायको संरचना (आकार र संख्या) मा परिवर्तन गरेर स्थानीय निकायको संख्या घटाउने र ३ वटा वडालाई १ वडा मानेर गाउँ समिति र ५ वटा गाउँ समिति मिलाएर एउटा गाउँपालिका बनाउने जसबाट हालको ४००० गाविसको संख्या घटेर ८५३ वटा गाउँपालिका, नपा एक सय वटा बनाउने र सोही अनुसार जिल्लापालिका बनाउने अवधारणा ल्याएको उल्लेख गर्नु भयो । त्यस्तै जिविसमा ७ सदस्यीय क्याविनेट बनाउने जसमा परिषद्बाट मनोनित हुनेमा एक जना महिला हुनैपर्ने, अध्यक्ष वा उपाध्यक्षमा एक जना महिला अनिवार्य अवधारणा ल्याएको जानकारी समेत दिनुभयो ।

- तेस्रो कार्यपत्र प्रस्तुति

दोस्रो दिन स्थानीय विकास मन्त्रालयका उप-सचिव रेश्मिराज पाण्डेले "स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीति" विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । स्थानीय निकायको क्षमता अभिवृद्धि विश्लेषण सम्बन्धी खाका एवं प्रश्नावलीहरुमाथि समेत प्रकाश पार्नुभयो ।

**संशोधित कानूनको खाका**

न्याय परिषद्का सचिव काशीराज दाहाल, अधिवक्ता शिवकुमार श्रेष्ठ तथा अधिवक्ता उषा मल्ल पाठकले "आवश्यक कानूनहरुको संशोधन" सम्बन्धी कार्यपत्र संयुक्त रुपमा प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रमा स्थानीय निकायलाई विषयगत अधिकार निक्षेपण गरेपछि त्यसको

प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित विषयका कानूनहरुमा संशोधन गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्दै कार्यपत्रमा सम्बन्धित विषयको कानूनी व्यवस्था र त्यसमा प्रस्ताव गरिएको संशोधनका बारेमा चर्चा गर्नु भएको थियो । तर विकेन्द्रीकरण एवं निक्षेपणका विषयहरुको सैद्धान्तिक तथा नीतिगत रुपमा रणनीतिस्पष्ट रुपमा आएपछि मात्र कानूनी प्रकृयाको संशोधनमा चर्चा गर्नु सान्दर्भिक हुने हुनाले कानूनमा हाल छलफल गर्न नपर्ने धारणा प्रस्तोताले राख्नु भयो ।

**सहभागीहरुबाट छलफल**

छलफल सत्रमा सहभागीहरुले व्यक्त गरेका विचार एवं सुझावहरुलाई संक्षिप्त रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ-

- टंकमणी शर्मा, उप-सचिव, स्वास्थ्य मन्त्रालय

- स्थानीय निकायको व्यवस्थालाई संविधानमा नै उल्लेख गरिनुपर्ने ।
- निक्षेपित अधिकारको ग्रहण र हस्तान्तरणको काम एकैपटक गर्न उपयुक्त नहुने हुँदा किस्तावन्दीको रुपमा हस्तान्तरण गर्नु उचित हुनेछ ।
- स्थानीय निकायको संरचनामा परिवर्तन गरिनु पर्छ ।
- वित्तीय विकेन्द्रीकरण सम्बन्धमा आधार परिवर्तन हुँदैन, दरहरु मात्र परिवर्तन हुनसक्छ ।
- क्षमता विकासका कुरा "फुल पहिला कि चल्ला" भने जस्तो भयो । विकेन्द्रीकरण पहिला गर्ने कि कार्य पहिला दिने स्पष्ट हुनुपर्‍यो र केन्द्रले आफ्नो कार्य निक्षेपण गर्न कन्जुस्याई गर्नु भएन ।
- स्वास्थ्य क्षेत्रको सेवा प्रवाहको स्तरका कुराहरु पनि पहिचान गर्नु पर्दछ र त्यसको लागि स्वास्थ्यका सरोकारवालाहरुसँग बसेर छुट्टै छलफल गर्नु पर्दछ ।
- भेटेरिनरी र स्वास्थ्य फरक कुरा हो । स्वास्थ्यको समग्र कार्यक्रमलाई पनि विस्तृत रुपमा हेर्नु पर्दछ ।
- कार्यपत्रमा स्वास्थ्य क्षेत्रको लागि आवश्यक स्रोतको सम्बन्धमा बोलेको छैन । स्थानीयस्तरको स्रोत जुटाउने कुरालाई पनि विचार गर्नु पर्दछ ।
- अन्य क्षेत्रहरुसँगको आपसी सम्बन्धको कुरा पनि मिलाइनु पर्दछ ।
- अनुगमनको कार्य तथा सम्पूर्ण ठाउँमा कस्तो प्रभाव पर्‍यो भन्ने कुराको अभिलेख केन्द्रमा पनि राख्नु पर्छ, साथै क्वारेनटाइन (कृषि क्षेत्रको) स्थानीय तहले हेर्ने होइन, केन्द्रको हुनु पर्ने ।
- श्रमका सम्बन्धमा बेरोजगार निवारण तथा आम रोजगारीको कुरा पनि ल्याउनु पर्दछ ।
- उपस्वास्थ्य चौकी हरेक गाविसमा भएकोले समस्या भएन । तर, स्वास्थ्य चौकी सबै ठाउँमा नभएकोले त्यसलाई कसरी व्यवस्थापन गर्ने, सोच्नुपर्छ ।
- शिक्षा र स्वास्थ्य सामाजिक क्षेत्र भएकोले यसका यसमा निजी क्षेत्र (प्राइभेट हस्पिटल आदि) स्थानीयस्तर र केन्द्रीय स्तरमा के के हुने स्पष्ट गरिनुपर्छ ।

- सहकारी कृषिसँग मात्र आवद्ध नगरेर सबैसँग आवद्ध गर्ने गरी सहकारी, कृषि, भेटेरिनरीलाई छुट्याएर राख्नु पर्दछ ।

☛ ताना गौतम, सह-सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

- विकेन्द्रीकरण भनेको तल्लोतहबाट हुनु पर्दछ । यसप्रति केन्द्रमा इच्छा शक्ति सिर्जना गरिनु पर्दछ ।
- निक्षेपणमा निर्णय गर्ने र कार्य तथा संयन्त्र दुबै हुनुपर्दछ ।
- कार्य, योजना र कार्यान्वयनका पक्ष हेर्ने निकाय छुट्टै हुनु पर्दछ ।
- वास्तविक रुपमा निक्षेपण गर्न रणनीतिमा नै परिवर्तन गरिनु आवश्यक छ ।
- क्षमता अभिवृद्धि सम्बन्धी प्रश्नावलीको सम्बन्धमा प्रश्नावली बढी विषयगत भयो । यसलाई अझ बस्तुगत बनाई नतिजासँग आवद्ध गरिनुपर्ने थियो ।

☛ सोमलाल सुवेदी, सह-सचिव, स्थानीय विकास मन्त्रालय

- अधिकार निक्षेपण गर्दा विषयगत शाखा, पूर्ण निक्षेपण क्षमता, स्थानीय सेवा आदि सबैलाई एकै ठाउँमा राख्नु पर्दछ ।
- हाल कर लगाउन दिइएको आधारमा परिवर्तन गरिनु पर्दछ ।
- अधिकार दिइसकेपछि केन्द्रको भूमिका र त्यसमा गरिने पुनर्सरचना आदि सबै कुरामा ध्यान दिनु पर्दछ र कार्य विभाजन नियमावलीलाई सँगै राखेर हेर्नु पर्दछ ।
- अहिले भैरहेको काम कारवाही, बजेट आदिलाई स्थानीय निकायले आफ्नै तरिकाले प्रयोग गर्ने भन्ने रणनीति तयार पारेर दिइनुपर्छ ।
- हुलाकलाई हालकै अवस्थामा स्थानीय निकायलाई दियो भने स्थानीय निकायले कर्मचारी पाल्न सक्दैन । भौगोलिक परिस्थिति अनुसार हुलाकको भार फरक हुन्छ । तसर्थ कानून बनाउँदा हुलाकलाई करार वा अन्य व्यवस्थाबाट सञ्चालन गरिनु पर्दछ र केन्द्र सहजकर्ता मात्र बन्नु पर्दछ ।
- स्रोत व्यवस्थापन र परिचालन सम्बन्धमा संभाव्यता हेर्नु पर्दछ र बाँडफाँडको व्यवस्था मिलाउनु पर्दछ ।

☛ सुशिल घिमिरे, सह-सचिव, सूचना तथा संचार मन्त्रालय

- स्थानीय निकायको अनुदान बाहेकका आन्तरिक स्रोत परिचालन, अनुदान आदिको प्रक्रियालाई पनि ध्यान दिनुपर्ने देखिन्छ ।
- रेडियो ऐनलाई स्थानीय निकायमा लान सकिन्न, अनुगमनको अधिकारसम्म दिन सकिन्छ ।
- पत्रपत्रिका दर्ता, केवल टी.भी. रोदीघर आदि संचारमा राख्न मिल्दैन ।
- स्थानीय निकायमा कार्य निक्षेपण गर्दा सम्भावित अध्ययन गरी स्रोत, अधिकार र दायित्वसहित कानूनद्वारा निक्षेपण गरिनु पर्दछ ।

☛ विद्याधर मल्लिक, सचिव, शिक्षा तथा खेलकूद मन्त्रालय

- कुनै पनि संघ/संस्था सम्बन्धित निकायमा दर्ता नभई वा राज्यले मान्यता नदिई कार्य संचालन गर्नु हुँदैन जुन आज भइरहेको छ ।

- नागरिक समाजलाई समायोजन गर्ने रणनीति बनाउनु आवश्यक भइसकेको छ ।
- दलित, जनजाति र पिछडिएको समूहमा रहेको वौद्धिक वर्ग वा व्यक्तिलाई स्थानीय निकायको निर्णायक पद वा तहमा ल्याउन विशेष व्यवस्था गरिनु पर्दछ ।
- नागरिक र नागरिक समाजको प्रष्ट कानूनी व्याख्या गरिनु आजको अवस्थामा अपरिहार्य भएको छ ।
- प्रत्येक इकाईमा नागरिक समूहको भाषा, संरचना र विविधतालाई विचार गरेर औपचारिकता दिनु पर्दछ । सीमान्तवर्गलाई सोच्नु पर्दछ ।
- कर्मचारीको नियुक्ति तथा आयस्रोतमा पनि विचार गर्नुपर्छ ।

मुक्ति प्रसाद शर्मा, महा-निर्देशक, भूमि सुधार तथा व्यवस्था विभाग

- स्थानीय निकायको पुनः संरचना गर्नु पर्दछ । वर्तमान स्थानीय निकायबाट हामीले चाहेकोजस्तो निक्षेपित कार्य हुन सक्दैन ।
- आवास क्षेत्रको भू-सूचना प्रणालीको स्थापनालाई भूमि सुधारमा ल्याउनुपर्छ ।
- केन्द्रले स्थानीय निकायमा जनशक्तिको प्रबन्ध गर्न सक्छ, आर्थिक सहयोग गर्न सकिँदैन, स्थानीय निकाय आफैले गर्नु पर्दछ ।

डा. हिक्मत विष्ट, प्रमुख सल्लाहकार, DASU/DANIDA

- विकेन्द्रीकरणको कार्यान्वयन पक्षमा अनुगमन नभएकोले प्रभाकारिता आएको छैन ।
- सञ्चारको कमी, सूचना प्रवाह नगरिदिने, क्षेत्रगत तवरमा विश्वासको संकट आदिले चालिस वर्षदेखि विकेन्द्रीकरणका कुरा लागू हुन नसकेको देखिन्छ ।
- क्षमता भनेको अधिकार सँगसँगै बढदै जाने विषय हो ।
- निक्षेपणबाट स्वाभाविक रुपमा व्यवस्थापकीय विकास होइन कि उत्प्रेरित विकास गर्न खोज्दै छौं ।
- नागरिक समाजको हकमा समय र आवश्यकता अनुसार फरक हुने हुनाले त्यसलाई विचार गरेर कुन स्तरमा संरचना परिवर्तन गर्ने हो, विचार गरिनु पर्दछ ।
- महिलालाई अन्य विषय वा वस्तु जस्तो छुट्टै गर्नु हुँदैन । सबै क्षेत्रमा सहभागीको रुपमा राख्नु पर्दछ ।
- स्थानीय निकायले माग गरेन भनेर सोच्नु र बस्नु भएन । मागले आपूर्ति मात्र सिर्जना गर्ने होइन, आपूर्तिबाट माग आउँछ । तसर्थ आपूर्ति गर्नु पर्दछ ।
- कर्मचारी चयन सम्बन्धमा पनि स्थानीय निकाय स्वयंलाई निर्णयको अधिकार दिनु पर्दछ । उसले चाहे आफ्नो क्षेत्रको मात्र राख्नु पर्छ भनेर बाध्य गर्नु हुँदैन ।
- स्थानीय निकायको क्षमता अभिवृद्धिका सम्बन्धमा क्षमता के का लागि वृद्धि गर्ने भन्ने कुराको आवद्धता गर्नु पर्दछ । उदाहरणका लागि यदि स्थानीय निकायले कर उठाउँछ भने के का लागि उठाउने भन्ने कुरा उल्लेख हुनु पर्दछ ।

- ठाउँ र परिवेशअनुसार क्षमता फरक हुने हुँदा सर्वग्राह्य क्षमता मूल्याङ्कन गरेर मात्र हुँदैन, भौगोलिक संरचना र परिवेश अनुसार आवद्ध भएको छ, छैन हेर्नुपर्छ ।

डा. हरिनाथ आचार्य, सह-सचिव, स्वास्थ्य मन्त्रालय

- हाल अधिराज्यभर ३१९२ उपस्वास्थ्य चौकी र १ सयभन्दा बढी स्वास्थ्य चौकी रहेका छन् ।
- जुन जिल्लामा स्वास्थ्य सुविधा सवल र स्थानीय जनता सक्षम छ, त्यस्तो जिल्लाको कार्य सन्तोषजनक छ ।
- स्वास्थ्य सम्बन्धी अधिकार निक्षेपण गर्दा इच्छा शक्ति हुनु पर्छ र लिनेले चासो देखाउनु पर्छ । प्राथमिक स्वास्थ्य हेरचाह जुन जिल्ला अस्पतालसम्म पर्दछ, सो स्थानीय निकायलाई दिनुपर्छ । तर माध्यमिक स्वास्थ्य सुविधा जुन अंञ्चल अस्पतालसम्म पर्छ त्यो दिने कि नदिने भन्ने प्रश्न आउँछ । साथै जिल्ला अस्पतालबारे पुनः छलफल गरी तय गरिनु पर्दछ ।
- औषधी व्यवस्थापन हेर्ने र खाद्य हेर्ने निकाय एउटै गर्ने किछुट्टा छुट्टै राख्ने विचार गरिनु पर्दछ ।
- स्वास्थ्य क्षेत्र हस्तान्तरणपछि यसको संरचनामा प्रतिनिधित्व हेर्दा महिला, दलित सबै परेकोले पूर्ण प्रजातान्त्रिक देखिन्छ । तर प्रतिनिधित्वमा जो टाठाबाठा हो, उसैको बोलवाला हुन्छ । जस्तो प्रधानाध्यापक दलित छ भने प्रधानाध्यापकको बोलवाला हुन्छ । तसर्थ शिक्षाको विस्तार अति आवश्यक छ ।
- केन्द्रीय र अञ्चल अस्पतालको भावि रुप तय गरिनुपर्नेवेला आइसकेको छ । त्यस्तै केन्द्रमा मेडिकल कलेजको गुणस्तरको मापदण्ड कसले हेर्ने ? शिक्षा क्षेत्रले वा स्वास्थ्यले स्पष्ट गरी, मेडिकल कलेजलाई स्वास्थ्य मन्त्रालय अन्तरर्गत राखिनु पर्दछ ।
- खाद्य पदार्थसम्बन्धी कुरा कृषिमा पनि उल्लेख भएकोमा कसको जिम्मेवारी हो स्पष्ट गरिनुपर्छ ।

जनार्दन नेपाल, निर्देशक, शिक्षा विभाग

- जिल्लास्तरका निकायहरु तत्काल स्थानीय निकायमा निक्षेपण गरिनुका साथै स्रोत बाँडफाँडको स्पष्ट व्यवस्था गरिनु पर्दछ ।
- दलित, पिछडिएका, अपाङ्ग आदिको प्रतिनिधिमूलक व्यवस्था हुनुपर्छ । वौद्धिकवर्गको हावी हुनु नहुने नीति हुनु पर्छ ।
- शिक्षक सेवाको वर्तमान नीतिमा सुधार गरी स्थानीय निकायमा हस्तान्तरण गर्ने व्यवस्था हुनु पर्दछ ।
- विद्यालय व्यवस्थापन र संचालन स्थानीय निकायमार्फत समुदायलाई नै दिनुपर्छ ।
- अनुमति र स्वीकृति फरक फरक कुरा हुन । अनुमतिमा केवल कार्य संचालन र स्वीकृतिमा वित्तीय उत्तदायित्व समेत पर्नेहुँदा पुनर्विचार गरिनुपर्छ ।
- विद्यालय व्यवस्थापनको गठन स्थानीय निकायको पहलमा गरिनु पर्दछ ।

- प्राविधिक शिक्षालय जस्तो भक्तपुरको इन्जीनियरिङ कलेजका सम्बन्धमा पनि त्यस्तो शिक्षालय खोल्ने स्वीकृति दिने हैन, संचालन मात्र गर्ने अधिकार दिनु पर्दछ ।
- दलित, जनजाति जस्ता जातिय आधारमा विशेष शिक्षा लागु गर्नु हुँदैन । अन्धा, बहिरा जस्ता अपाङ्गको मात्र विशेष शिक्षा हुन्छ ।
- विद्यार्थीको हित सम्बन्धी कार्य हेर्ने शाखालाई छुट्टै निकायको रुपमा व्यवस्था गर्नुपर्छ ।
- विभिन्न दातृ संस्थासँग सम्झौता भैसकेको अवस्थामा सोही अनुसार समय तालिका मिलाउनुपर्छ ।

डा. मोहन वाग्ले, सह-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय

- सामुदायिक वनको अवधारणा २५ वर्षअघि आएको र सोही समयमा नै वनको विकेन्द्रीकरण भैसकेको छ ।
- स्थानीय समूहलाई नै व्यवस्थापनको हस्तान्तरण गरिसकेको अवस्थामा फेरि स्थानीय निकायलाई दिनेभन्दा अलि अप्ठयारो देखिन्छ ।
- स्थानीय निकायको क्षमता मजबुत नभैकन वन क्षेत्र हस्तान्तरण गर्ने कुरा आउँदैन ।
- जिल्लास्तरको वन व्यवस्थापन गर्न जिल्ला वन समन्वय समिति गठन गरी कार्यप्रारम्भ गरिसकेको छ ।

भगवती कुमार काफ्ले, सह-सचिव, राष्ट्रिय योजना आयोग

- अधिकार निक्षेपण भन्नाले केन्द्रले गर्दै आएको कुरालाई स्थानीय निकायमा केवल हस्तान्तरण मात्र गर्न खोजिएको हो । त्यसपछि जिल्लामा गैसकेपछि सो अधिकारको प्रयोग के कसरी, कसलाई, कसले गर्ने भन्ने कुरा दोश्रो हो ।
- जिल्लालाई अधिकार दिइसकेपछि सम्बन्धित जिल्लामा के कस्ता कामहरु क-कसले कसरी गरी आएको छ सो यथावत राख्ने वा परिवर्तन गर्ने भने कुरा जिल्लामा हालसम्म गरिआएको कार्यबाट सच्याउन सकिन्छ (जस्तोः हाल समुदायलाई स्कुल संचालन गर्न दिएको छ यदि त्यो ठीक छ भने यथावत राख्ने ठीक छैन भने फरक गर्ने) केवल केन्द्रले लिने जिम्मेवारी अब जिल्लाले लिने मात्र हो ।
- क्षमता मूल्याङ्कनका सम्बन्धमा हालको प्रक्रिया एउटै भैरहेको छ । जिल्लाहरुले आफ्नो हितअनुसार मात्र गर्छु भन्यो वा यो चाहिन्छ, यो चाहिंदैन भन्यो भने कसरी मिलान गर्ने सो उल्लेख हुनुपर्छ ।
- राष्ट्रिय योजना आयोगले खानेपानी लगायतका ४ वटा विषयमा सशर्तमा अनुदान दिने तयारी गरिरहेको छ ।

उदय नेपाली श्रेष्ठ, उपाध्यक्ष, कानून सुधार आयोग

- स्थानीय स्वायत्त शासन ऐनले नै स्थानीय निकायलाई पूर्ण अधिकार दिइएको अवस्थामा केन्द्रले के गर्ने र स्थानीय निकायले के गर्ने भनेर विवाद वढाउन उचित हुँदैन ।
- स्थानीय निकायलाई अधिकार निक्षेपण गर्न सम्पूर्ण क्षेत्रवाट सहयोगको आवश्यकता पर्छ ।

- आफू र आफ्नो कार्यालय नहेरी भविष्य र देशको अवस्थालाई ख्याल गर्नुपर्छ ।

डा. दीप बहादुर स्वाँर, महानिर्देशक, कृषि विभाग

- गत दुई वर्षदेखि जिविस मार्फत कृषिका कार्यहरु भै आएको र जिल्लाले सहमति नगरेकोमा केन्द्रबाट नै हेर्ने गरेको छ ।
- सुदूर पश्चिममा जिविसमात्र नभएर निजी क्षेत्रलाई पनि समावेश गर्ने गराएको छ ।
- विषयगत मन्त्रालयहरुले आ-आफ्नो क्षेत्रको कार्यविधि तयार नगरी निक्षेपण गर्दा गाह्रो हुने छ ।
- महिला र वालवालिका सम्बन्धमा जिविस र सम्बन्धित निकायलाई गएको अधिकारहरु कसरी समायोजन गर्ने ? जस्तो महिला विकासलाई जिविस अन्तर्गत राख्दा महिला विकासको अधिकारको जवाफदेही को हुने ?

आशेश्वर झा, नि. सचिव, कृषि तथा सहकारी मन्त्रालय

- गाउँ विकास समितिमा रहेको कृषि उप केन्द्र सम्पूर्ण गाउँ विकास समितिलाई दिन मन्त्रालय तयार भएको तर त्यसको व्यवस्थापन, आर्थिक पक्ष, कर्मचारी पक्ष प्रष्टसंग तोकिनु पर्नेछ ।
- इलाका स्तरको कृषि कार्यालयहरु हालको स्थानीय निकायको संरचनामा हस्तान्तरण गर्न सजिलो देखिंदैन ।

योगेन्द्र कार्की, उप-सचिव, कृषि तथा सहकारी मन्त्रालय

- गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिले कृषिसम्बन्धी कार्य र जनशक्तिको काम कर्तव्य र दायित्व लिन स्वीकार गरेमा स्थानीयस्तरको सेवा र कार्यालय हस्तान्तरण गरिनु पर्दछ ।
- वर्तमान स्थानीय निकायको संरचनाबाट कृषि सेवा प्रदान गर्न सम्भव नभएको हुँदा त्यसतर्फ सम्बन्धित निकायले सोचिनु पर्दछ ।

पूर्ण प्रसाद कडरिया, महा-निर्देशक, आवास तथा शहरी विकास विभाग

- शहरी क्षेत्रको विकासको महत्वपूर्ण पक्ष जग्गा हो, जसलाई बढाउन नसकिनुका साथै ती जग्गा जमिन सबै सरकार र स्थानीय निकायको स्वामित्वमा छैन ।
- शहरको भौतिक विकास भनेको भौतिक विकास योजनाले लक्षित गरेको हुन्छ । शहरी विकास अन्तरगत भौतिक पूर्वाधार मात्र पर्दछ ।
- आवधिक योजनासम्म स्थानीय निकायले तर्जुमा गर्न सक्छ तर भौतिक विकास योजना स्थानीय निकायले गर्न सक्दैन, मिल्दैन । जस्तै पानीको मुहान एउटा गाविसमा भए पनि त्यसको आपूर्ति अर्को गाविसमा हुन्छ । त्यस्तो फोहर उत्पादन एउटा क्षेत्रले गर्छ त्यसको व्यवस्थापन अर्को क्षेत्रमा हुन्छ । तसर्थ यस्ता कुराहरुमा केन्द्रले अग्रसरता लिनै पर्दछ ।
- कार्य विभाजन नियमावलीको अधीनमा रहेर निक्षेपण रणनीति बनाउनु पर्दछ ।

- पूर्वाधारको वर्गीकरण हुनु पर्दछ । जस्तै सडक मात्र भनेर हुँदैन कस्तो खालको सडक छुट्याउनु पर्दछ ।

श्रीधर गौतम, महा-निर्देशक, हुलाक सेवा विभाग

- हुलाक तथा संचार क्षेत्रको निक्षेपण गर्दा चरणवद्धरुपमा गरी अनुभवको आधारमा सम्पूर्ण जिल्लामा गरिनु पर्दछ ।
- हुलाक सम्बन्धमा शुरुमा अतिरिक्त हुलाक मात्र दिने र त्यसपछि अन्य हुलाक सेवा दिनुपर्छ । हाल हुलाकले करारमा कर्मचारी लिने गरेको छ । अन्य क्षेत्रमा पनि त्यस्तै गर्दा राम्रो हुने छ ।
- हुलाकले आर्थिक सेवा पनि दिइ रहेको हुँदा त्यसको जिम्मेवारी लिनसक्ने गरी स्थानीय निकाय तयार हुनुपर्छ, जुन हालको अवस्थामा छैन ।

मातृका प्रसाद मरासिनी, उप-सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

- स्थानीय सेवा ऐन तर्जुमा गर्दा कर्मचारी नियुक्तिमा स्थानीय क्षेत्रकालाई प्राथमिकता दिने व्यवस्था हुनु पर्दछ । संक्रामक अधिकार स्थानीय निकायलाई दिए पनि गाविसले गर्न सक्दैन ।

लक्ष्मण भट्टराई, उप-सचिव, महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय

- कार्यपत्रमा सुस्त मनस्थितिका सम्बन्धमा कार्य र द्वन्दपिडित वालबालिकासम्बन्धी कार्य थप्नु पर्दछ ।
- वालवालिकाको अधिकारसम्बन्धी महासन्धीको प्रावधान अनुसार बालबालिकासँग पनि बसेर छलफल गर्दा राम्रो हुन्छ ।
- स्थानीय निकायमा पनि अपाङ्ग महिला आदिको आरक्षणको  व्यवस्था गरिनु पर्छ ।
- बृद्धाश्रमहरु पनि स्थानीय निकायलाई दिनु उचित हुनेछ ।
- कार्यालय हस्तान्तरणका सम्बन्धमा बाल कल्याण केन्द्र, बृद्धाश्रमहरु हस्तान्तरण गर्न सकिन्छ ।

**समापन सत्र**

**धन्यवाद ज्ञापन**

दुई दिने लक्षित समूह छलफलमा सहभागी भै आफ्नो अमूल्य सुझाव दिएर “विषयगत निक्षेपण रणनीति” को मस्यौदालाई पूर्णता दिन सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण सहभागीलाई ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानले हार्दिक धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

समापन कार्यक्रमको अध्यक्षता स्थानीय विकास मन्त्रालयका निमित्त सचिव हरिप्रसाद रिमालले गर्नु भएको थियो । उहाँले समापन मन्तव्य दिनुहुँदै कार्यपत्र ज्यादै मेहनत गरेर तयार पार्नु भएकोमा हार्दिक धन्यवाद दिनु भयो । उक्त कार्यपत्र निक्षेपणको भावी दिशाका लागि कोशेढुङ्गा सावित भएको बताउनु हुँदै नकारात्मक र सकारात्मक चिन्तनबाट सही बाटो देखाउने हुँदा सबैभन्दा पहिले स्थानीय विकास मन्त्रालय दृष्टान्त हुनु पर्छ भन्ने कुरामा हामीले तयार

गरिसकेको छौं र छिटो भन्दा छिटो पूर्ण निक्षेपण गर्ने प्रयासमा छौं भन्नुभयो । साथै, निक्षेपणका लागि राष्ट्रिय योजना आयोगले प्रमुख भूमिका लिनु उचित हुने सुझाव दिनुभयो ।

श्री रिमालले निक्षेपणको अर्को विकल्प छैन यसैलाई अंगालेर जानु पर्छ र स्थानीय विकास मन्त्रालय आफ्नो कार्य स्थानीय निकायमा हस्तान्तरण गर्न र निक्षेपण गर्दा सहजकर्ताको भूमिका निर्वाह गर्न सदैव तत्पर रहेको जानकारी गराउनु भयो । स्थानीय विकास मन्त्रालय लगायतका अन्य मन्त्रालयले गर्नुपर्ने काम ग्रामीण विकास प्रतिष्ठाले गरेकोमा र यस प्रकारको कार्य गराउन सहयोग गरेकोमा DASU/DANIDA का डा. हिक्मत विष्ट तथा ग्रामीण विकास प्रतिष्ठानलाई धन्यवाद दिनु भयो ।

## ४.३ मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल

ग्रामीण विकास प्रतिष्ठानद्धारा तयार पारेको "विषयगत निक्षेपण रणानीति" विषयमा सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल गर्न एक दिवसीय लक्षित समूह छलफल २०६१साउन २४ गते होटल एभरेष्ट, काठमाडौंमा सम्पन्न भयो । उक्त छलफलमा सम्बन्धित मन्त्रालयहरुका वरिष्ठ कर्मचारीहरु, न्याय परिषद्, कानून सुधार आयोग, DASU/DANIDA का प्रतिनिधि, सम्बन्धित विषयका विशेषज्ञहरु तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरु र ग्रामीण विकास प्रतिष्ठानका सदस्यहरु समेत करिव ५० जनाको सहभागिता रहेको थियो । सहभागीहरुको नामावली खण्ड (ख) को परिच्छेद दशमा दिइएको छ । उक्त छलफल कार्यक्रम तीन सत्रमा संचालन गरिएको थियो ।

<u>पहिलो सत्र</u>

उद्देश्यमाथि प्रकाश : कृष्णमान प्रधान, सभापति, ग्रामीण विकास प्रतिष्ठान

ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानले छलफल कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै प्रतिष्ठानले विगत एक दशकदेखि स्थानीय निकायहरुलाई सशक्तीकरण गर्ने प्रयास स्वरुप विभिन्न गतिविधि सञ्चालन गरेको जानकारी दिनुभयो । हाल DASU/DANIDA को सहयोगमा विषयगत निक्षेपण रणनीतिका खाका तयार पार्न लागिएको र यस क्रममा सम्बन्धित विषयगत सरकारी निकायहरुको भूमिका र जिम्मेवारी विषयमा छलफल गरी उपयोगी सुझाव प्राप्त हुने आशा व्यक्त गर्नुभयो ।

**<u>अध्यक्षता</u>**

पहिलो सत्रको अध्यक्षता कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठले गर्नु भएको थियो । उहाँले परम्परागत सोचमा परिवर्तन ल्याउने किसिमबाट सुझाव दिन आग्रह गर्नुभयो ।

**<u>कार्यक्रम प्रस्तुति</u>**

DASU/DANIDA का प्रमुख सल्लाहकार डा. हिक्मत विष्टले "Concept and Principles of the Decentralization and Local-Self Governance" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिकै क्रममा उहाँले मुलुकको सर्वाङ्गीण विकासका लागि तीन वटा विषयहरु मानवअधिकार, सुसाशन र विकेन्द्रीकरणका पक्षहरुमाथि विस्तृत रुपमा चर्चा गर्नुभयो । सुशासनका लागि सहभागिता, पारदर्शिता र उत्तरदायित्वको तत्व रहनु आवश्यक भएको दर्शाउनु

भयो । उहाँले राजनीतिक, प्रशासनिक र आर्थिक गरी तीन किसिमका विकेन्द्रीकरण हुने सैद्धान्तिक पक्ष उल्लेख गर्दै प्रशासनिक विकेन्द्रीकरणलाई शक्ति हस्तान्तरण (Deconcentration), अधिकार प्रत्यायोजन (Delegation) र निक्षेपण (Devolution) गरी तीन श्रेणीमा विभाजन गर्ने गरिएको व्याख्या गर्नुभयो । पूर्ण निक्षेपणमा केन्द्र र स्थानीय निकायका कार्य ऐनद्वारा नै बाँडफाँड गरी एकले अर्काको क्षेत्रमा हस्तक्षेप गर्न नपाउने तथा जिम्मेवारीमूलक बनाइने हुँदा यसको महत्व ज्यादै रहेको बताउनु भयो ।

## 5nkmn

पहिलो सत्रमा भाग लिने सहभागीहरुबाट उल्लिखित कार्यपत्रमाथि व्यक्त विचार निम्नानुसार दर्शाइएको छः

- शशिकुमार उपाध्याय, अधिवक्ता

  o विभिन्न ऐनमा रहेका विरोधाभासपूर्ण प्रावधानहरुले गर्दा विकेन्द्रीकरणको भावनालाई मूर्तरुप दिन सकिएको छैन ।

- महेश प्रसाद दहाल, उप-सचिव, स्थानीय विकास मन्त्रालय

  o स्थानीय निकायका विषयगत शाखा र स्थानीय निकाय महासंघ/संघको भूमिकालाई पनि स्पष्ट हुने गरी कार्यपत्रमा उल्लेख गरिएको भए राम्रो हुने थियो ।

- धनराज ज्ञवाली, उद्योग विभाग

  o विकेन्द्रीकरणलाई कार्यान्वयनमा ल्याइन स्थानीय निकायहरु सक्षम छन्, छैनन् भन्ने पक्षमा विचार गर्नुपर्छ ।

- गंगादत्त अवस्थी, सह-सचिव, स्थानीय विकास मन्त्रालय

  o अधिकारको हस्तान्तरण (transfer) शब्दले सीमित अधिकार जनाउँछ । यो जुनसुकै समयमा पनि फिर्ता लिन सकिन्छ । तसर्थ, स्थानीय तवरमा राजनीतिक, प्रशासनिक र आर्थिक स्रोतको व्यवस्थापन गर्ने किसिमबाट अधिकार दिइनु आवश्यक छ ।

## cWolfsf] dGtJo

पहिलो सत्रका अध्यक्ष कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठले मन्तव्य दिने क्रममा डा. हिक्मत विष्टका प्रस्तुत कार्यपत्र विश्वव्यापी रुपमा विचार गर्ने र स्थानीयतवरमा काम गर्नेको अवधारणामा केन्द्रित रहेको बताउँदै कार्यपत्र ज्यादै प्राज्ञिक रहेको विचार प्रकट गर्नुभयो । वर्तमान समयमा हामी सन्देश र विचार केन्द्रबाट संम्प्रेषण गर्छौं र अधिकार केन्द्रित छौं भन्नु हुँदै यो विकेन्द्रीकरणको अवधारणा विपरीत रहेको बताउनु भयो । सर्वप्रथम हाम्रो मानसिकतामा नै परिवर्तन गरी अधिकार कार्यान्वयन गर्ने व्यक्तिले जहिले पनि नागरिक भएर सोचि दिएमा समस्या आफै घटेर जानेछ । तसर्थ, यस्तो बौद्धिक समर्थन र पृष्ठपोषणबाट लक्ष्य हासिल गर्न मद्दत मिल्नेछ ।

<u>दोस्रो सत्र</u>

दोस्रो सत्रका अध्यक्षता राष्ट्रिय योजना आयोगका सचिव भोजराज घिमिरेले गर्नु भएको थियो । उहाँले सरकारी कर्मचारीहरुकै बीच विकेन्द्रीकरणको सम्बन्धमा स्पष्ट जानकारी हुन आवश्यक रहेको बताउँदै कार्यपत्र प्रस्तुत गर्न आग्रह गर्नुभयो ।

## कार्यपत्र प्रस्तुति

कानून सुधार आयोगका उपाध्यक्ष उदय नेपाली श्रेष्ठ र स्थानीय विकास मन्त्रालयका उपसचिवद्वय महेश प्रसाद दहाल तथा दिनेश थपलियाद्वारा “विषयगत निक्षेपण रणनीति अवधारणापत्र” विषयक कार्यपत्र निम्न बमोजिम संक्षिप्त रुपमा प्रस्तुत गरिएको थियो ।

उदय नेपाली श्रेष्ठ, संयोजक, कार्यपत्र लेखन समूह

- विकेन्द्रीकरणको विश्व परिवेशलाई नेपालको परिवेशमा रुपान्तरण गर्ने प्रयास यो अवधारणा पत्रमा समावेश छ ।
- रणनीतिपत्रले केही विशेष प्रकृतिका कार्यहरु स्थानीय निकायहरुलाई निक्षेपण गर्ने सोच राखेको छ ।
- निक्षेपणमा स्वामित्व, समता, पारदर्शिता, उत्तरदायित्व र प्रभावकारिताजस्ता तत्वहरु रहनु अत्यावश्यक छ ।
- निक्षेपण केन्द्रीय सरकारको विकल्प होइन, बरु यो केन्द्रीय शासनको परिपूरक पद्धति हो ।
- विषयगत निक्षेपण रणनीतिको खाका तयार पार्ने सिलसिलामा स्थानीय निकायहरुको विद्यमान क्षमताको मूल्याङ्कन गरी त्यसमा सुधार ल्याउन आवश्यक उपायहरु र स्थानीय स्वायत्त शासन ऐन, नियममा बाझिएका अन्य कानूनका प्रावधानहरुमा गर्नुपर्ने संशोधनका व्यवस्थाहरुलाई पनि दृष्टि दिइएको छ ।

महेश दहाल, सदस्य, कार्यपत्र लेखन समूह

- विषयगत निक्षेपणका लागि विशेष प्रयास हुनथालेको तीन-चार वर्ष मात्र भयो ।
- केन्द्रले मात्र गर्नुपर्ने र विभिन्न स्थानीय निकायहरुले गर्नुपर्ने कामका सम्बन्धमा अझै स्पष्टता छैन ।
- विषयगत निक्षेपण रणनीतिको खाकामा केन्द्रले नै गर्नुपर्ने केही कार्यहरु पहिचान गरी अरु सबै कार्यहरु स्थानीय निकायलाई सुम्पिन प्रस्ताव गरिएको छ ।
- स्थानीयस्तरमा जनशक्ति व्यवस्थापनका लागि स्थानीय सेवा ऐन/नियमको प्रस्ताव गरिएको छ ।
- स्थानीय निकायको संरचनामा पुनरावलोकन गर्न आवश्यक रहेको औंल्याइएको छ ।
- समावेशीकरण प्रजातन्त्रका लागि स्थानीय निकायहरुमा महिला, दलित, जनजाति र पिछडिएका वर्गको प्रतिनिधित्व गराइनुपर्छ ।

दिनेश थपलिया, सदस्य, कार्यपत्र लेखन समूह

- प्रस्तावित निक्षेपण रणनीतिको खाकाले १३ वटा क्षेत्रमा निक्षेपण गरिनुपर्ने पहिचान गरेको छ ।
- केन्द्र र स्थानीय निकायले गर्नुपर्ने कार्य र जिम्मेवारी स्पष्ट किसिमले छुट्याइएको छ । साथै, विषयगत निक्षेपणका कार्य सम्पन्न गर्नुपर्ने समयावधि र जिम्मेवार निकायसमेत तोकिएका छन् ।

## 5nkmn

उल्लेखित कार्यपत्रमाथिको छलफलमा सहभागी हुनेहरुबाट व्यक्त विचार:

**भरत बहादुर थापा, महानिर्देशक, उद्योग विभाग**

- कार्यपत्रले देशको वर्तमान परिस्थितिमाथि प्रकाश पारेको देखिएन ।
- वर्तमान समयमा कार्यमा प्रभावकारिता आउन नसक्नुमा पूर्ण निक्षेपणको अभाव हो ।

**शशिकुमार उपाध्याय, अधिवक्ता**

- गाउँ विकास समितिको संख्या कम गर्न ज्यादै विचार पुऱ्याउनु पर्छ ।
- सबै समुदायबाट समावेशीकरणको कुरा गर्दा कुनै स्थानीय निकायहरुमा विशेष जातजाति, समुदायका प्रतिनिधि उपलब्ध नहुनसक्छ ।
- कुनै स्थानीय निकायमा प्रशस्त आर्थिक स्रोत छ भने कुनैमा यस्तो नहुन सक्छ । तसर्थ, स्रोत नभएका स्थानीय निकायहरुको क्षमता बढाउने प्रयास गरिनुपर्छ ।
- स्थानीय निकायहरुमा कार्यरत जानशक्तिमाथि कुनै राजनीतिक हस्तक्षेप गरिनु हुन्न ।

**नारायणबहादुर थापा, स्थानीय विकास मन्त्रालय**

- विषयगत निक्षेपणसम्बन्धी रणनीति पहिले पनि नभएका होइनन्, तर तिनको कार्यान्वयन भएन । हामीमा कार्यान्वयन क्षमताको कमी छ ।
- विकेन्द्रीकरणसम्बन्धी जिम्मेवारी स्थानीय विकास मन्त्रालयको मात्र हो भन्ने मानसिकतामा परिवर्तन ल्याउनुपर्छ ।
- स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायहरुलाई प्रशस्त अधिकार दिइए तापनि अझै केन्द्रीय तहको भूमिका ज्यादै बढी नै रहेको छ ।
- स्थानीय निकायका इकाईहरु उपयुक्त आकारका संभाव्य हुनुपर्छ ।

**सुरेन्द्र सुवेदी, कृषि तथा सहकारी मन्त्रालय**

- विषयगत निक्षेपण रणनीतिको साथसाथै रणनीतिको कार्ययोजना पनि बनाइनु पर्दछ ।
- कृषि क्षेत्रमा पनि लैंगिक समानताको व्यवस्था हुनुपर्छ ।
- समयावधि तोक्दा व्यवहारिक र सम्भाव्यतालाई हेरिनु पर्दछ ।

**महेश आचार्य, वन तथा भू-संरक्षण मन्त्रालय**

- हालसम्म विकेन्द्रीकरण पूर्णरुपमा किन हुनसकेन भनेर विश्लेषण गर्नुपर्छ ।
- सरोकारवालाहरु सबैको भूमिका र उत्तरदायित्वलाई पनि विश्लेषण गर्न आवश्यक छ ।
- रणनीति तयार गर्दा स्थानीय निकायहरुको सक्षमता र असक्षमतालाई दर्शाउने मामिला अध्ययन (Case Study) प्रस्तुत गरेको भए राम्रो हुनेथियो ।

🗣 पुरुषोतम नेपाल, स्थानीय निकाय वित्त आयोग

- स्थानीय निकायको संख्या पुनरावलोकन गर्दा तिनमा जनताको पहुँचको दृष्टिकोणबाट पनि हेर्नुपर्छ ।
- ग्रामीण पूर्वाधार भन्नुभन्दा स्थानीय पूर्वाधार नामाकरण गर्नुपर्छ ।
- मूल्याङ्कनको कार्य गर्दा राष्ट्रिय आधारमापन (bench mark) निर्धारण गरिनु आवश्यक छ ।

🗣 कृष्ण प्रसाद ढुंगाना, आवास तथा भौतिक योजना मन्त्रालय

- स्थानीय निकायहरुलाई स्थानीय स्वायत्त सरकारको रुपमा विकसित गर्नुपर्छ ।
- राजधानीलाई विकास गर्न छुट्टै संस्थागत संयन्त्र खडा गरिनुपर्छ । कुनै शहरी क्षेत्रमा विशेष समस्याहरु देखिन्छन ।

🗣 डा. हिक्मत विष्ट, प्रमुख सल्लाहकार, डासु/डेनिडा

- हामीले आफ्ना सकारात्मक पक्षहरुलाई भुल्न हुँदैन । नेपालमात्र दक्षिण एसियामा यस्तो राष्ट्र हो, जहाँ सन् १९६० देखि स्थानीय सरकार अस्तित्वमा छ । यो क्षेत्रमा नेपालले आफ्नो अग्रणी भूमिका कायम गरेको छ । पछि आएर हामीले संरचनाहरु बिगार्दै गयौं ।
- २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन आउँदा दक्षिण एसियाकै राम्रो र प्रगतिशील मानिएको थियो ।
- विकेन्द्रीकरण कहिल्यै अन्त्यै नहुने प्रक्रिया हो । डेनमार्कजस्तो विश्वको ज्यादै विकेन्द्रीत देशमा पनि अहिलेसम्म विकेन्द्रीकरणको क्षेत्रमा काम हुन रोकिएको छैन ।

🗣 सोमलाल सुवेदी, सह-सचिव, स्थानीय विकास मन्त्रालय

- स्थानीय निकायलाई आवश्यक चालू खर्च जुटाउने दृष्टिकोणबाट स्थानीय विकास बैंकको स्थापना गरिनु उचित हुनेछ ।
- पीरमर्का, गुनासा सुन्ने संयन्त्र विकास गरिनु आवश्यक छ ।
- शक्तिको निक्षेपणकासाथै जनशक्ति विकासको अधिकार पनि दिइनुपर्छ ।

## अध्यक्षको मन्तव्य

अध्यक्षको आसनबाट राष्ट्रिय योजना आयोगका सचिव भोजराज घिमिरेले सहभागीहरुद्वारा व्यक्त सुझावहरुलाई दृष्टि दिन आग्रह गर्नुभयो । हामीले कुरामाभन्दा काममा बढी जोड दिनुपर्ने विचार राख्दै कार्यहरु सम्पन्न गर्न समयावधि निश्चित गरेपछि त्यसको पालना गर्नैपर्ने प्रतिबद्धता हुनुपर्ने बताउनु भयो । सरकारले तत्काल निक्षेपण गर्नसक्ने र केही समय प्रतीक्षा गरेर अध्ययन पश्चात् निक्षेपण गर्ने कार्य छुट्याउन आवश्यक छ । स्थानीय निकायहरुलाई कर उठाउने अधिकार पनि वृहत् संरचनाभित्र दिन सकिन्छ । केन्द्रको भूमिका उचित वातावरण बनाइदिने र जनशक्ति तथा पूर्वाधार विकास एवं क्षमता अभिवृद्धिका कार्यमा सीमित रहनुपर्छ ।

## तेस्रो सत्र

तेस्रो सत्रको अध्यक्षता न्याय परिषद्का सचिव काशीराज दाहालले गर्नु भएको थियो ।

### कार्यपत्र प्रस्तुति

स्थानीय विकास मन्त्रालयका उपसचिवद्वय महेश दहाल र रेश्मिराज पाण्डेले संयुक्त रुपमा तयार पार्नु भएको “स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीति” विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा अवधारणा एवं क्षमता अभिवृद्धि विश्लेषण सम्बन्धी सैद्धान्तिक कुराहरु दर्शाइएको थियो । साथै, क्षमता अभिवृद्धि सम्बन्धी प्रश्नावलीको खाकाको जानकारी एवं ३ वटा जिल्ला (तनहुँ, दोलखा र सप्तरी) मा गरिएको अध्ययनबाट प्राप्त तथ्यांक र कार्यान्वयनको अवस्था प्रस्तुत गरियो ।

सहभागीहरुले छलफलमा व्यक्त सुझावहरु निम्न बमोजिम रहेका छन्:-

डा. हिक्मत विष्ट, प्रमुख सल्लाहकार, डासु/डानिडा

- कार्यपत्र विशेष किसिमका सवालहरुको चर्चा नगरी सामान्य देखियो ।
- केन्द्रीय निकाय र राष्ट्रिय योजना आयोगले तर्जुमा गरेका योजना समेत कार्यान्वयनमा आउन नसकेको अवस्थामा स्थानीय निकायहरुले योजना कार्यान्वयनमा ल्याउलान भनेर औचित्य पुष्टि गर्ने आधार दखिदैन ।

पूर्ण कडरिया, महानिर्देशक, शहरीविकास विभाग

- कार्यपत्रले गाविस र जिविसको सम्बन्धमा मात्र चर्चा गरेको छ, जवकि शहरी विकास विभागको कार्यक्षेत्र नगरपालिकाहरुसँग छ ।

भगवती कुमार काफ्ले, सह-सचिव, राष्ट्रिय योजना आयोग

- क्षमता अभिवृद्धिका लागि कर्मचारीमा उत्प्रेरणा जागरण ज्यादै आवश्यक छ ।
- कर्मचारीहरुबाट सम्पादन गरिने कार्यहरुको स्पष्ट कार्यविवरण तयार गरिनुपर्छ ।

डा. गोविन्द ढकाल, निर्देशक, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

- भारतमा भन्दा पनि नेपालमा स्थानीय सरकारको आवश्यकताप्रति जनचेतना छ ।
- स्थानीय निकायमा काम गर्न विशेष योग्यताका कर्मचारीहरु पठाउनुपर्छ र तिनलाई प्रशिक्षण दिनुपर्छ ।

नारायणबहादुर थापा, स्थानीय विकास मन्त्रालय

- तीनवटा जिल्लाहरुमात्र गरिएको मूल्याङ्कनबाट सबै जिल्लाको प्रतिनिधित्व हुनसक्दैन ।
- नगरपालिकाका समस्यालाई समावेश नगरिएको उचित भएन ।
- कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रथा कायम गरिनुपर्छ ।

महेश आचार्य, वन तथा भू-संरक्षण मन्त्रालय

- क्षमता अभिवृद्धिसम्बन्धमा नकारात्मक जवाफहरु नै बढी आएकाले स्थानीय निकायहरु अधिकार प्रयोग गर्न सक्षम भइनसकेको देखियो ।

- क्षमता भन्ने कुरा अवसर पाएपछि विकास हुन्छ ।

  सोमलाल सुवेदी, सह-सचिव, स्थानीय विकास मन्त्रालय

- स्थानीय निकायहरुको वर्गीकरण अनुसार जनशक्तिको आवश्यकता फरक हुनसक्छ, तर कार्यपत्रले सामान्यरुपमा हेरेको पाइयो ।
- स्थानीय निकायहरुले योग्य जनशक्तिलाई कसरी आफूकहाँ राखिरहने भन्ने पनि समस्या छ ।

  गंगादत्त अवस्थी, सह-सचिव, स्थानीय विकास मन्त्रालय

- कार्य जिम्मेवारी निर्धारण नगरिकन क्षमता मूल्याङ्कन गर्न सकिदैन ।
- कतिपय स्थानीय निकायहरु ज्यादै सक्षम छन् । ५२ वटा जिविसले आफ्ना आवधिक योजना तर्जुमा गरेका छन् ।
- पहिले हामी निक्षेपणमा जाऔं र त्यसपछि क्षमता विकास हुँदै जान्छ ।

  पुरुषोतम नेपाल, स्थानीय निकाय वित्त आयोग

- शासक र सेवक, संरक्षक र संरक्षितको मानसिकतामा परिवर्तन ल्याउनुपर्छ ।
- स्थानीय निकायहरु सक्षम छैनन् भन्ने पूर्व सोचाई राख्न हुन्न ।
- कार्यमा आधारित क्षमता विकास रणनीति तर्जुमा गर्नुपर्छ ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको भूमिका स्पष्ट पारिनुपर्छ ।

  उदय नेपाली श्रेष्ठ, उपाध्यक्ष, कानून सुधार आयोग

- स्थानीय निकायलाई सशक्तीकरण गरिनुपर्ने आवश्यकतामाथि प्रश्न उठाउन सकिंदैन ।
- स्थानीय स्वायत्त शासन ऐनका प्रावधानलाई लागू गरेर देखाउन प्रतिवद्ध हुनुपर्छ ।

## धन्यवाद ज्ञापन

कृष्णमान प्रधान, सभापति, ग्रामीण विकास प्रतिष्ठानले कार्यपत्रको अध्यक्षता गर्नुहुने, कार्यपत्र प्रस्तोता लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुहुँदै सहभागीहरुबाट व्यक्त सुझावहरुलाई कार्यपत्र परिमार्जन गर्दा समावेश गरिने बताउनु भयो ।

## अध्यक्षको मन्तव्य

अध्यक्षको आसनबाट न्यायपरिषदका सचिव काशीराज दाहालले विकेन्द्रीकरणको नतिजा सबै जिल्लामा एकै किसिमको हुन नसक्ने बताउँदै निक्षेपणको आवश्यकतालाई नकार्न नसकिने विचार प्रकट गर्नुभयो । निक्षेपणको सफताका लागि संरचनागत परिवर्तन, संस्थागत क्षमता विकास, व्यवस्थापन पक्षमा सुधार र जनशक्ति विकासका पक्षमा ध्यान पुऱ्याउनुपर्छ । केन्द्रमाथि निर्भर रहने मानसिकतामा परिवर्तन ल्याउनु सर्वथा जरुरी छ । साथै, सम्भव भएसम्म गैर-सरकारी क्षेत्रलाई पनि समावेश गर्नुपर्छ । विकेद्रीकरण प्रक्रियालाई सरलताकासाथ अघि बढाउन बाझिएका कानूनमा पनि संशोधन गर्नु आवश्यक छ । साँचो अर्थमा विकेन्द्रीकरण गरिए अहिलेका धेरै समस्याहरु निराकरण हुन सक्छन् ।

## ४.४ राजनीतिक दल र नागरिक समाजबीच छलफल

“विषयगत निक्षेपण रणनीति” तयारीको सिलसिलामा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु र गैरसरकारी संस्था तथा INGO का प्रतिनिधिहरुकाबीच २०६१ साउन ३१ गते होटल एभरेष्ट काठमाडौंमा एक लक्षित समूह छलफल कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा ६५ जनाको सहभागिता थियो । सहभागीहरुको सूची खण्ड (ख) को परिच्छेद दशमा दिइएको छ ।

### स्वागत तथा उद्देश्यमाथि प्रकाश

ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानले सहभागीहरु सबैलाई स्वागत गर्दै छलफल कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । उहाँले स्थानीय स्वायत्त शासन ऐन, २०५५ कार्यान्वयनमा ल्याए तापनि यथार्थ दृष्टिकोणबाट विकेन्द्रीकरणको कार्य हुन नसकेको उल्लेख गर्दै प्रतिष्ठानले विषयगत निक्षेपण रणनीति तयार पार्न लागेकोले सो क्रममा भएका गतिविधि प्रकाश पार्दै उपयोगी सुझावहरुको अपेक्षा गर्नुभयो ।

पहिलो सत्र

### कार्यपत्र प्रस्तुति

पहिलो सत्रमा DASU/DANIDA का प्रमुख सल्लाहकार डा. हिम्मत विष्टले "Concept and Principles of Decentralization & Local Self Governance" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतिकै क्रममा उहाँ मुलुकको सर्वाङ्गीण विकासका लागि ३ वटा विषयहरु मानव अधिकार, सुशासन र विकेन्द्रीकरणलाई महत्वपूर्ण रुपमा हेरिन्छ । सरकारका प्रमुख नायकहरुमा राज्य, नागरिक समाज र गैर-सरकारी क्षेत्र पर्दछन् भनुभयो । राजनैतिक विकेन्द्रीकरण र आर्थिक विकेन्द्रीकरण भएपछि मात्र प्रशासनिक विकेन्द्रीकरणको प्रभावकारिता रहन्छ र जनताले वास्तविक सेवा प्राप्त गर्दछन् भन्नुहुंदै विकेन्द्रीकरण, अधिकार प्रत्यायोजन र निक्षेपण अवधारणा र चरणलाई प्रस्ट्याउनु भयो ।

### छलफल

उक्त कार्यपत्रमाथि भएको छलफलमा सहभागीहरुबाट निम्नानुसारका विचार व्यक्त गरिएका थिए:

राजेन्द्र पाण्डे, पूर्व सांसद तथा नेकपा (एमाले)

- सुशासनका लागि विकेन्द्रीकरण राष्ट्रिय अभियानकै रुपमा लिइनु पर्छ ।
- विकेन्द्रीकरणका विषयमा सम्पूर्ण राजनीतिक दलहरुकाबीच राष्ट्रिय सहमति सिर्जना गरिनुपर्छ ।
- अझै पनि कतिपय सरकारी कर्मचारीहरुको धारणामा स्थानीय निकायहरु सक्षम छैनन् भन्ने सोचाई छ ।
- प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय विकेन्द्रीकरण अनुगमन समितिको बैठक नियमित तवरमा बस्दैन । यो समिति निक्षेपणका लागि सशक्त संयन्त्र बन्न सक्नेथियो ।
- हाल स्थानीय निकायहरुमा जननिर्वाचित प्रतिनिधिहरु नरहनु नै प्रमुख समस्या हो ।

- जीवच्छ शाह, पूर्व अध्यक्ष, फूलवरिया गाविस, सिराहा

- स्थानीय स्वायत्त शासन ऐनमा रहेका प्रावधानहरु विरोधाभासपूर्ण भएकोले सोतर्फ स्थानीय विकास मन्त्रालय सजक रहनु पर्दछ ।
- स्थानीय निकायहरुलाई स्थानीय सरकारको संज्ञा दिनुपर्छ ।
- स्थानीय निकायहरुलाई कर लगाउने र स्रोत परिचालन गर्ने अधिकार दिइनुपर्छ ।
- स्कूल र स्वास्थ्य केन्द्रहरु समुदायलाई हस्तान्तरण गरिए तापनि तिनीहरु जिल्ला शिक्षा कार्यालय र जिल्ला स्वास्थ्य कार्यालयप्रति उत्तरदायी छन्, किनकि स्रोतको व्यवस्था अझै ती कार्यालयहरुबाट हुन्छ ।
- राजनीतिक दलहरुले विकेन्द्रीकरण सवल बनाउनुपर्ने भन्ने गरे तापनि संसदमा निर्वाचित भएपछि संसद विकास कोष लिनेतर्फ लाग्दछन् ।
- स्थानीय निकायका अध्यक्षहरुमा पनि अधिकार आफैमा केन्द्रीत गर्ने मानसिकता छ ।
- स्थानीय निकायका पदाधिकारीहरुलाई नियमित प्रशिक्षण दिइनुपर्छ ।

- विन्दु पोखरेल, ग्रामीण विकास विभाग, त्रिवि

- प्रस्तुत कार्यपत्रले सैद्धान्तिक रुपबाट धेरै विषयको जानकारी दिन खोजिएको छ ।
- कार्यपत्रले विकेन्द्रीकरणमा महिलाको भूमिकासम्बन्धमा चर्चा गरेको पाइएन ।
- विकेन्द्रीकरण सेवा प्रवाहमा मात्र होइन, नीति निर्माणको तहमा पनि हुनुपर्छ ।

- कृष्णप्रसाद जैसी, पूर्व सभापति, जिविस, अछाम

- स्थानीय निकायहरुलाई कुन कुन क्षेत्रमा क्षमता विकास गर्ने भन्ने कुरामा केन्द्रले ध्यान पुऱ्याउनुपर्छ ।
- मध्य युरोपलगायत विश्वका अन्य भागहरुमा विकेन्द्रीकरणको प्रभाव कस्तो परेको छ भनेर कार्यपत्रमा उदाहरण दिइएको भए राम्रो हुनेथियो ।

- घनश्याम खतिवडा, पूर्व अध्यक्ष, लेटांग गाविस, मोरङ्ग

- माओवादीहरुले हालसम्म १७०० गाविस ध्वस्त पारेका छन्, १३०० गाविस सचिव रिक्त छन् र पूर्व र वर्तमान निर्वाचित स्थानीय निकायका पदाधिकारीहरुलाई हत्या गरिरहेको भयावह स्थिति छ । साथै, आधाभन्दा बढी गाविसका संरचना नष्ट पारिएका छन् ।
- विकेन्द्रीकरणलाई निजी स्वार्थको रुपमा प्रयोग गरिएको छ ।
- नेताहरु सत्तामा रहँदा एउटा र सत्ता बाहिर गएपछि अर्का कुरा गर्छन् ।
- गाविसका पदाधिकारीहरु सक्षम छैनन् भनेर आलोचना गरिन्छ, जबकि सांसदमा निर्वाचित हुनासाथ रातारात सक्षम ठहरिन्छन् ।

- गोविन्द बहादुर श्रेष्ठ, साप नेपाल ९क्बए(ल्भउबा० का प्रतिनिधि

- राजनीतिक, प्रशासनिक र आर्थिक विकेन्द्रीकरणको गतिमा तीव्रता ल्याउनुपर्छ ।
- हाल केन्द्रीय निकायका कार्यहरुप्रति व्यापक जनगुनासो रहेकोलाई विचार पुऱ्याउनु पर्छ ।

भुवन पाठक, केन्द्रीय सदस्य, राप्रपा

- ज्यादै संकटपूर्ण घडीमा हामी विकेन्द्रीकरणका कुरा गरिरहेका छौं ।
- चार दशक अघिदेखि विकेन्द्रीकरणका विषयमा चर्चा गर्दै विभिन्न प्रतिवेदन पेस र ऐनहरु तर्जुमा गरिए तापनि तिनको कार्यान्वयन पक्ष सुदृढ हुन सकेको छैन ।
- दोहोरो मापदण्डबाट पीडित छौं । शक्तिमा रहँदा एउटा र बाहिर आएपछि अर्का कुरा गर्छौं ।
- हाम्रो राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी आदर्श विकेन्द्रीकरणको ढाँचा निश्चित गरिनुपर्छ ।

कृष्णप्रसाद सापकोटा, अध्यक्ष, जिविस महासंघ

- वर्तमान समयमा सबै पक्षले परिवर्तन खोजेको अवस्थामा निक्षेपण रणनीति विषयमा चर्चा गर्नु उपयुक्त हो ।
- विषयगत निक्षेपण र स्थानीय निकायको क्षमतासम्बन्धी रणनीतिको पूर्व खाकाको साथ-साथै कार्ययोजना पनि सँग-सँगै बनाएर कार्यान्वयनमा तत्काल जानुपर्ने अवस्था भैसकेको छ ।
- पहिले महिला विकास शाखालाई जिविस मातहत राखिएको थियो, हाल यसलाई छुट्टै अस्तित्व दिइएको छ, यसबाट केन्द्रीकरणको दिशातर्फ गएको प्रतीत हुन्छ ।
- अस्पताललाई जिविस मातहत राखिएको भए त्यहाँको डाक्टरलाई केन्द्रले अन्यत्र सरुवा गर्ने समस्या पर्ने थिएन ।

भक्त खड्का, पूर्व जिविस सभापति, डोटी

- स्थानीय निकायहरुबाट कस्ता उद्देश्य हासिल गर्ने भनेर सरकार पहिले स्पष्ट हुनुपर्छ ।
- स्थानीय निकायलाई संवैधानिक मान्यता दिइनुपर्छ ।

सुरेन्द्र महतो, कार्यकारी सदस्य, ग्रामीण विकास प्रतिष्ठान

- स्थानीय निकायहरुको पुनर्संरचना उपयुक्त किसिमबाट गर्न क्षेत्रीय आधारमा सुधार गरिनुपर्छ ।
- स्थानीय निकायलाई स्थानीय सरकारको रुपमा परिवर्तन गर्न स्थानीय स्वायत्त शासन ऐन र नियमावली नै नयाँ ल्याउनु पर्दछ ।

कलानिधि देवकोटा, नेपाल नगरपालिका संघका प्रतिनिधि

- स्थानीय तहमा रहेका जातजाति र विभिन्न समुदायहरुलाई विकेन्द्रित व्यवस्थामा कसरी एकतावद्ध गर्ने भन्ने सम्बन्धमा अझै अस्पष्टता छ ।
- कैयौं कानूनी प्रावधान गरिए तापनि विकेन्द्रीकरणमा अझै प्रभावकारिता आएको छैन ।

गंगालाल तुलाधर, पूर्व सांसद, नेकपा (एमाले)

- विकेन्द्रीकरणलाई जीवन पद्धतिकै रुपमा विकास गरी निरन्तरता दिनु पर्दछ ।
- विकेन्द्रीकरणको लाभ जनताले अनुभूत गर्न सक्नुपर्छ ।
- जिल्ला विकास समितिले बनाएको पाँचवर्षे योजना कार्यान्वयनमा ल्याउनु पर्दछ ।

- टेकबहादुर बस्याल, पूर्व जिविस सभापति

- परम्परागत ढंगबाट कार्य गरेर अब समस्या समाधान हुँदैन ।
- केन्द्रले ग्रामीण जनतालाई सेवा पुऱ्याउन नसकेपछि विद्रोहीहरु जन्मेका स्वकिार गर्नुपर्छ ।
- राजनीतिक दलका केन्द्रीयस्तरका सदस्यहरुलाई विकेन्द्रीकरणसम्बन्धी जानकारी दिनुपर्ने ।

- चित्रलेखा यादव, उप-सभामूख, प्रतिनिधि सभा, केन्द्रीय सदस्य, नेकाँ (प्रजातान्त्रिक)

- हामीले शासन व्यवस्था भन्नुभन्दा व्यवस्थापन भन्नु उचित हुनेछ ।
- द्वन्द्वको अवस्थामा पनि विकास निर्माण काम र सेवा प्रदान सजिलोसँग गर्ने व्यवस्थाको तय गरिनु पर्दछ ।
- स्थानीय निकायहरु दरिलो नभइकन केन्द्र बलियो हुन सक्दैन ।
- राष्ट्रिय योजना आयोगले मात्र ग्रामीण विकासका लागि योजना बनाउन सक्दैन । गाविसले आफ्नै आवश्यकताअनुसार योजना तर्जुमा गर्नुपर्छ ।

- अध्यक्षको मन्तव्य

अध्यक्षको आसनबाट पूर्व स्थानीय विकास मन्त्री कमल थापाले डा. हिक्मत विष्टको कार्यपत्र ज्यादै प्रशंसायोग्य रहेको बताउनु भयो । उहाँको कार्यपत्रमा सैद्धान्तिक पक्षको मात्र चर्चा नगरी नेपालको बस्तुस्थितिअनुसार व्यवहारिक धरातल पनि दर्शाउनु भएको भए उत्तम हुने थियो भन्नु हुँदै हाल नेपालमा गरिबी निवारण र विकेन्द्रीकरणका पक्षमाथि वृहत् चर्चा हुने गरेकाबाट हामी टाढा रहन नसक्ने जनाउनु भयो । हाम्रा स्थानीय निकायहरु दक्षिण एसियाका मुलुकहरुका, खासगरी भारतकाभन्दा पनि बढी अधिकारसम्पन्न छन् भन्ने उदाहरण दिनुभयो ।अनुभवले के देखाएको छ भने वित्तीय विकेन्द्रीकरण नगरिकन कुनै कार्य हुन सक्दैन । तसर्थ, स्थानीय निकाय वित्तीय आयोगले प्रस्तुत गरेको प्रतिवेदन कार्यान्वयनमा ल्याइनु उपयोगी हुनेछ । यसैगरी विषयगत निक्षेपणका लागि विकेन्द्रीकरण कार्ययोजनामा निर्दिष्ट कार्यहरु लागू गरिनुपर्छ । हामी समयवद्ध निश्चित कार्ययोजना बनाएर कार्यान्वयनमा जानुपर्छ । वास्तवमा विकेद्रीकरणलाई कार्यरुपमा परिवर्तन गर्न राजनीतिक प्रतिवद्धताको कमी छ । आफू सरकारमा रहेको समयमा स्थानीय निकायमा महिलाहरुको प्रतिनिधित्वको निम्ति गाविसमा ३३ प्रतिशत आरक्षण गरिनुपर्ने प्रस्ताव गरेको पनि उल्लेख गर्नुभयो ।

## दोस्रो सत्र

### अध्यक्षता

दोस्रो सत्रको अध्यक्षता पूर्व सांसद तथा नेकपा (एमाले) स्थानीय निकाय विभागका संयोजक राजेन्द्र पाण्डेले गर्नु भएको थियो ।

### कार्यपत्र प्रस्तुति

ग्रामीण विकास प्रतिष्ठानद्वारा तयार पारिएको विषयगत निक्षेपण रणनीति विषयक कार्यपत्र उदयनेपाली श्रेष्ठ, महेश दहाल र दिनेश थपलियाले छलफलको लागि प्रस्तुत गर्नुभयो । कार्यपत्र

प्रस्तुत गर्ने क्रममा विषयगत निक्षेपण गर्दा अपनाउनुपर्ने प्रकृयाहरु र स्थानीय निकायमा काम, कर्तव्य र अधिकार निक्षेपण भएपछि केन्द्रीय सरकारले गर्नुपर्ने काम र अधिकारको विषयमा प्रत्येक मन्त्रालयको काम, कर्तव्य र अधिकारको विषयमा विस्तृत चर्चा गरिएको थियो ।

<u>छलफल</u>

उक्त कार्यपत्रमाथि भएको छलफलमा सहभागीहरुले व्यक्त गर्नु भएका विचार निम्नानुसार छन्:

गोरेबहादुर खपांगी, पूर्व मन्त्री तथा अध्यक्ष, राष्ट्रिय जनमुक्ति पार्टी

- हामी स्वायत्तताको माग गरिरहेका छौं, तर यहाँ विकेन्द्रीकरणको कुरा मात्र अघिसारियो ।
- स्थानीय निकायमा दलगत आधारमा निर्वाचन गरिने व्यवस्थाले देश बरबाद भयो । राष्ट्रिय विषयसूचीको आधारमा स्थानीय निकायहरुको निर्वाचन गरिनुपर्छ ।
- नेपालमा अझै पनि माथिल्लो वर्गको प्रभुत्व छ । पूँजीवादी अवधारणामा परिवर्तन गर्नुपर्छ ।
- गाउँवासीहरु सांसद, मन्त्री र प्रजिअप्रति आक्रोशित छन् ।

जीवच्छ साह, पूर्व अध्यक्ष, फुलबारिया गाविस, सिराहा

- प्रस्तावित रणनीतिअनुसार अधिकार दिइएमा गाविस स्थानीय सरकारको रुपमा परिवर्तन हुनसक्छ ।
- प्रस्तावित समयावधि कहिलेबाट शुरु गरिने हो, निश्चित छैन ।

माधव पौडेल, पूर्व अध्यक्ष, जिविस राष्ट्रिय महासंघ

- पूर्ण निक्षेपणको अवधारणा व्यापक छ ।
- प्रस्तावित रणनीति छिटो कार्यान्वयनमा ल्याइनुपर्छ ।

कृष्णप्रसाद सापकोटा, अध्यक्ष, जिविस महासंघ

- प्रस्तावित रणनीतिको खाकाले उपयुक्त भूमिका प्रदान गर्छ ।
- यो तत्काल एकैपटक नेपालभरी लागू गरिनु पर्दछ ।
- अहिलेकै अवस्थामा पनि पूर्ण निक्षेपणमा जान सकिन्छ ।
- स्थानीय निकायहरुले नागरिक वडापत्र जारी गरेका छन् तर तिनको पालना नभएमा क्षतिपूर्ति दिने व्यवस्था छैन ।
- बहुदलीय प्रजातन्त्रको अवधारणालाई स्थानीय तहसम्म लैजानुपर्छ ।

कुमार आचार्य, अधिवक्ता, नेपालगञ्ज

- एफएम रेडियो सञ्चालनको लाइसेन्स दिने अधिकार पनि स्थानीय निकायलाई प्रदान गरिनुपर्छ ।
- स्थानीय विवाद समाधान गर्ने अधिकार स्थानीय निकायलाई सुम्पिनु आवश्यक छ ।
- स्थानीय निकायहरुप्रतिको शिकायत सुन्ने संयन्त्र खडा गरिनुपर्छ ।

🗣 सुरेन्द्र महतो, कार्यकारी सदस्य, ग्रामीण विकास प्रतिष्ठान

- गाउँपालिका भन्नुभन्दा स्थानीय सरकारको नामाकरण गरिनु राम्रो हुनेछ ।
- नागरिकताको प्रमाणपत्र र राहदानी वितरण गर्ने कार्य स्थानीय निकायलाई दिइनु उचित हुनेछ ।
- शान्ति सुरक्षा कायम राख्ने कार्य केही हदसमम्म स्थानीय निकायलाई दिन सकिन्छ ।

🗣 केशवमान शाक्य, प्रतिनिधि, SNV

- विकेन्द्रीकरण वा अन्य गतिविधि सञ्चालन गर्नुअघि माओवादीसम्बन्धी वर्तमान समस्यालाई विर्सन हुँदैन ।
- माओवादीहरुले तलबाट माथिको विकेन्द्रित अवधारणा अघिसारेका छन्, जबकि राज्यले माथिबाट तलको धारणा लागू गरेको छ ।
- प्रस्तावित रणनीति कार्यान्वयनमा ल्याउन सक्षम जनशक्ति प्रशस्त आवश्यकपर्छ र स्थानीय निकायको व्यवस्थापन गर्न छुट्टै सेवा सिर्जना गरिनु पर्दछ ।

🗣 लालकुमार केसी, पूर्व सभापति, जिविस, दोलखा

- हामीकहाँ कार्यान्वयन क्षमता जहिले पनि कमजोर रहेको छ ।
- स्थानीय स्वायत्त शासन ऐनसँग बाझिएका प्रशस्त ऐन, नियमहरु परिमार्जन गरिनु पर्दछ ।
- अझै पनि केही व्यक्तिहरुले केन्द्रीकरणको सोचमा रहेको हुँदा विकेन्द्रीकरणले प्राथमिकता पाउन सकेको छैन ।

🗣 विन्दु पोखरेल, ग्रामीण विकास विभाग, त्रिवि

- प्रस्तावित रणनीतिले ठूला जलविद्युत आयोजनाहरु केन्द्रबाट निर्माण गरिने उल्लेख गरेको छ तर त्यसको वातावरणीय प्रभाव जिल्ला र गाउँहरुमा पर्दछ । त्यसैले यस्तो कार्यको मूल्याङ्कनमा स्थानीय निकायलाई संलग्न गराउनुपर्छ ।
- निक्षेपण कार्य स्थानीय निकायको क्षमतालाई दृष्टिगत गरी चरणवद्ध रुपमा गरिनुपर्छ ।
- यो रणनीतिमा महिलाको भूमिका सम्बन्धमा केही उल्लेख गरेको देखिएन ।

🗣 हिरालाल तण्डुकार, पूर्व वडा अध्यक्ष, काठमाडौं महानगरपालिका

- पूर्व जनप्रतिनिधिको अनुभव ज्यादै महत्वपूर्ण हुने हुँदा उनीहरुको पनि सहभागिता हुने व्यवस्था कानूनबाट नै गरिनु पर्दछ ।
- कतिपय वडाअध्यक्षहरु अशिक्षित भए पनि तिनले अनुभवको अधारमा राम्रो काम गरेका थिए ।
- स्थानीय निकायहरुले आफ्ना कर्तव्य निर्वाह गर्न ऐन, नियमको पालनाभन्दा पनि विश्वासकासाथ काम गर्नुपर्ने हुन्छ ।

🗣 घनश्याम खतिवडा, पूर्व अध्यक्ष, लेटांग गाविस मोरङ्ग

- पहिलेदेखि उठाउँदै आएका कैयौं मामिलाहरु यो रणनीतिमा समावेश भएको देखिन्छ ।

- ऐनमा स्पष्ट प्रावधान नगरिएको भए तापनि स्थानीय निकायहरुले स्थानीय विवाद समाधान गरिआएका छन् ।
- हाल जननिर्वाचित प्रतिनिधिहरु नरहे तापनि जनता पूर्व पदाधिकारीहरुकहाँ आउने गर्छन र नागरिकता प्रमाणपत्रको लागि सिफारिस खोज्छन, तिनलाई सम्बन्धित पदाधिकारीहरुकहाँ पुऱ्याउने गरिएको छ ।
- गाउँमा रहेका सहकारी संस्थाहरुलाई स्थानीय निकायमातहत राखिनुपर्छ ।
- स्थानीय निकायमा दलविहीन ढंगबाट निर्वाचनगर्दा समस्या झन बढ्ने छ ।

कृष्णप्रसाद जैशी, पूर्व सभापति, जिविस, अछाम

- यो रणनीति स्थानीय निकायका सम्बन्धित सरोकारवालाहरुबाटै तर्जुमा गरिएको भए वेश हुनेथियो ।
- रणनीतिमा समयवद्ध तालिका कुन आधारमा तोकिएको हो, स्पष्ट छैन ।

तीर्थमान शाक्य, पूर्व मुख्य सचिव

- २०५५ सालमै स्थानीय स्वायत्त शासन ऐन तर्जुमा गरिए तापनि अझै यसको कार्यान्वनको कुरा गरिरहेका छौं ।
- उच्चस्तरीय विकेन्द्रीकरण अनुगमन समितिले स्थानीय स्वायत्त ऐनको कार्यान्वयन पक्षको अनुगमन गर्न आवश्यक छ ।
- केन्द्रीय सरकारले गर्न नसकेको काम स्थानीय निकायमा आर्थिक स्रोत प्रशस्त भएमा धेरै काम हुँदो रहेछ भन्ने उदाहरण काठमाडौं महानगरपालिकाले माइतीघरको तीनकुनेमा सफाई गरेबाट देख्न सकिन्छ ।

मोक्ष महर्जन, प्रतिनिधि CARE/Nepal

- विकेन्द्रीकरणको कुरा गर्दा सामुदायिक वनको सफलताका अनुभवलाई विर्सन हुँदैन । मुलुकको एक तिहाई जनता सामुदायिक वनबाट लाभान्वितभएका छन् । तर यो रणनीतिले सो पक्षमा उल्लेख गरेको देखिएन ।

दामोदर अधिकारी, स्थानीय विकास मन्त्रालय

- प्रस्तावित रणनीति कार्यान्वयनमा ल्याइएमा प्रशस्त उपलब्धि हासिल हुनेछ ।
- स्थानीय निकायमा नियन्त्रण र सन्तुलनको व्यवस्था हुनुपर्छ ।
- स्थानीय निकाय मात्र भनेर परिभाषित नगरी गाविस, नपा र जिविसका कार्यहरु स्पष्ट छुट्याइनुपर्छ, अन्यथा अर्को किसिमको केन्द्रीकरण देखापर्ने छ ।
- क्षेत्रीयस्तरमा पनि स्थानीय निकायहरु स्थापना गरिनुपर्छ ।

भुवन पाठक, केन्द्रीय सदस्य, राप्रपा

- स्थानीय निकायहरु राजनीतिक इकाई वा विकास इकाई के हुन भनेर बहस गरिनु पर्दछ ।
- सर्वप्रथम मुलककै प्रतिनिधित्व हुने किसिमबाट मामिला अध्ययन गरी प्रतिवेदन तयार गरिनु उपयोगी हुनेछ ।

- गाविसको अध्यक्ष र जिविस सभापतिको प्रत्यक्ष निर्वाचन गरी तिनले सानो आकारको मन्त्रिपरिषद् बनाउने अधिकार प्रदान गर्नु उचित हुनेछ ।

प्रो. मोहम्मद हबिबुल्लाह, विभागीय प्रमुख, राजनीतिशास्त्र विभाग, त्रिवि

- प्रस्तावित रणनीति ज्यादै राम्रो छ तर कार्यान्वयन गर्न कार्ययोजना प्रभावकारी बनाउनु पर्दछ ।
- भौगोलिक अवस्था र सामाजिक-आर्थिकसम्बन्धका पक्षमा पर्याप्त अध्ययनविना रणनीति लागू गर्न कठिनपर्छ ।
- उच्चस्तरको विकेन्द्रीकरण कार्यान्वनयमा ल्याउन प्रान्तीय पद्धति कायम गरिनुपर्छ ।
- विकेन्द्रीकरण स्वयं-शक्ति, स्वयं व्यवस्थित र स्वयं टिकाउ रहने प्रकृतिको हुनु आवश्यक छ ।

## कार्यपत्र प्रस्तोताबाट जवाफ

कार्यपत्र प्रस्तोता उदय नेपाली श्रेष्ठले छलफलमा उठाइएका बुँदाहरुको जवाफ दिँदै स्वायत्तता र विकेन्द्रीकरण दुई भिन्न विषयहरु रहेका स्पष्ट पार्नुभयो । कार्यपत्र सरोकारवालाहरुसँग छलफलको आधारमा मोटामोटी किसिमले तयार गरिएको हो । स्थानीय निकायबाट राहदानी र नागरिकताको प्रमाणपत्र वितरण गर्ने विषयमा केन्द्रबाट नीति निर्धारण गरिएमा त्यस्तो कार्य सुम्पिन सकिने छ । यसैगरी, शान्ति सुरक्षाको अधिकार पनि स्थानीय निकायलाई हस्तान्तरण गर्न सकिन्छ । समावेशीकरण प्रजातन्त्रको मर्मअनुरुप महिला, दलित, पिछडिएका समुदायको उचित प्रतिनिधित्व गरिनु पर्दछ ।

## अध्यक्षको मन्तव्य

अध्यक्षको आसनबाट नेकपा (एमाले) का पूर्व सांसद राजेन्द्र पाण्डेले स्थानीय निकायलाई अधिकार दिन सरकार तत्पर छ कि छैन भन्ने मुख्य सवाल रहेको उल्लेख गर्दै विगत एक दशकमा स्थानीय निकायहरुको क्षमता प्रशस्त विकास भइसकेको बताउनु भयो । स्थानीय सरकारको चर्चा गर्दा तिनलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकार दिइनुपर्ने सोच राखिनु पर्छ । स्थानीय निकायले न्यायिक अधिकार प्रयोग गर्न पाए स्थानीय तहमै धेरै विवादहरु समाधान भई अदालतमा जान नपर्ने स्थिति आउने छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय विकेन्द्रीकरण अनुगमन समितिलाई सक्रिय पार्नु नितान्त खाँचो छ । सरकारी निकायहरुबाट नै तयार पारिएका प्रतिवेदन कार्यान्वनय नहुने गरेको अवस्थामा एउटा गैरसरकारी संस्थाले तयार पारेको यो प्रतिवदेन लागू गरिने कुरामा शंका प्रष्ट गर्दै हाल स्थानीय विकास मन्त्री नेकपा (एमाले) का तर्फबाट रहनु भएकोले प्रतिवेदन कार्यान्वयनमा ल्याउन आफूले सहयोग पुऱ्याउने बचन दिनु भयो । स्थानीय निकायका महासंघ/संघमा सबै दलका व्यक्तिहरु रहनु भएको पनि जानकारी दिँदै तिनको सुदृढीकरणको खाँचो दर्शाउनु भयो । साथै, स्थानीय नेतृत्व विकासका लागि प्रशिक्षण प्रदान गर्न स्थानीय निकाय महासंघ/संघ र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई परिचालन गर्न जोड दिइनु आवश्यक रहेको औंल्याउनु भयो । विषयगत निक्षेपणको रणनीति लागू गर्न प्रस्तावित सयमसीमा मुलुकमा शान्ति बहाली र संसद स्थापना भएपछि सुरु गरिनुपर्छ । क्षेत्रीय संरचनामा परिवर्तन गर्दा प्रशस्त जटिलता आउने पनि विचार व्यक्त गर्नु भयो ।

तेस्रो सत्र

**अध्यक्षता**

तेस्रो सत्रको अध्यक्षता पूर्व स्थानीय विकास मन्त्री तथा नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गर्नु भएको थियो ।

**कार्यपत्र प्रस्तुति**

तेस्रो सत्रमा स्थानीय विकास मन्त्रालयका उप-सचिवद्वय रेश्मिराज पाण्डे र महेश दहालद्वारा स्थानीय निकायको क्षमता अभिबृद्धिसम्बन्धी रणनीति विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो तनहुँ, दोलखा र सप्तरी जिल्लाका स्थानीय निकायहरुको स्थलगत अध्ययन गरी निकालिएको निष्कर्ष पनि उक्त कार्यपत्रमा उल्लेख गरिएको थियो । त्यसमा वर्तमान समयमा स्थानीय निकायहरुको क्षमता कमजोर रहेको र सिमित क्षमताबाट पनि केही सेवा प्रदान गरिरहेको जानकारी गराइएको थियो । साथै, तिनको भौतिक अवस्था र वातवरणीय पक्ष सुदृढ नरहेको पनि उल्लेख गरिएको थियो ।

**छलफल**

तेस्रो सत्रको छलफलमा भाग लिने सहभागीहरुबाट निम्नानुसारका विचार प्रकट गरिएका थिए:

गँगालाल तुलाधर, पूर्व सांसद तथा नेकपा (एमाले)का नेता

- कार्यपत्रले सम्बन्धित विषयमा पर्याप्त प्रकाश पारेको छ ।
- स्थानीय निकायका संगठनात्मक संरचनामा विद्यमान समस्याहरु निराकरण गर्ने विषयमा कार्यपत्रले नविनतम सुझावहरु दिएको भए राम्रो हुनेथियो ।
- विगत दुई वर्ष अघिदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन बनाइएकोले २ लाख ३६ हजारभन्दा बढी जननिर्वाचित पदाधिकारीहरु कार्यबाट बाहिरिएका छन् र यसबाट राष्ट्रलाई ज्यादै नोक्सानी परेको छ ।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान पूर्व पदाधिकारीहरुलाई पुनर्ताजगी प्रशिक्षण दिन परिचालन गर्नुपर्छ ।

दामोदर अधिकारी, स्थानीय विकास मन्त्रालय

- कार्यपत्रले सबै जिल्लाहरुको प्रतिनिधित्व नगरे तापनि देशको स्थितिको झलक दिन्छ ।
- क्षमता अभिवृद्धिको पक्ष पनि विषयगत आधारमा छुट्टा-छुट्टै गरिएको भए उत्तम हुने थियो ।
- सबै निर्वाचित पदाधिकारीहरुलाई कानूनी व्यवस्था, विकासको अवधारणा र अन्य सम्बन्धित विषयमा एक हप्ताको परिचयात्मक प्रशिक्षण दिइनुपर्छ ।

केशवमान शाक्य, प्रतिनिधि, SNV

- छुट्टै स्थानीय सेवा गठन गरी कर्मचारीहरु राख्दा प्रशस्त आर्थिक दायित्व पर्ने भएकोले करार सेवाबाट काम सम्पन्न गराउने सम्भावना खोजिनुपर्छ ।

- विशेष सुविधाको व्यवस्था गरी योग्य व्यक्तिलाई स्थानीय निकायमा आकर्षण हुने वातावरण सृजना गरिनु पर्दछ ।

  कुमार आचार्य, अधिवक्ता, नेपालगञ्ज

- काम गर्ने अवसर दिने वा अनुभव प्राप्त गरेपछि मात्र सुम्पिने भन्ने पक्षमा विचार गरिनुपर्छ । अवसर प्रदान गरेपछि अनुभव हासिल गर्दै जाने छन् ।
- शिक्षित वर्गमात्र सक्षम हुन्छन् भन्ने कुरा ठीक होइन । यस्तो गरिए अशिक्षितहरु विद्रोहमा उत्रिने छन् ।
- निर्वाचित पदाधिकारीहरुलाई प्रशिक्षण प्रदान गरिनुपर्छ ।

  डा. हिक्मत विष्ट, प्रमुख सल्लाहकार, DASU/DANIDA

- स्थानीय निकायहरु केन्द्रीय सरकारका प्रतिरुप होइनन् भनेर बुझ्नु आवश्यक छ ।
- कार्यको प्रकृतिअनुसार क्षमता अभिवृद्धि गरिनुपर्छ ।
- करारमा कर्मचारी लिने व्यवस्था गरिए भावी दायित्व कम हुनेछ ।

  हीरालाल तण्डुकार, पूर्व अध्यक्ष, काठमाडौं महानगरपालिका

- यो देशलाई "पढेलेखेका मूर्खहरु" ले संचालन गरेको हुँदा आज नेपालीले यो अवस्था भोग्नु परको छ ।
- विद्वानहरुमात्र नेता बन्न सक्छन् भन्ने धारणा ठीक होइन ।

  जीवच्छ साह, पूर्व अध्यक्ष, फूलबारिया गाविस, सिराहा

- काम गर्ने अवसर प्रदान गरिएमा क्रमशः क्षमता विकास हुन्छ ।
- कोही पनि सबै विषयमा दक्ष हुन सक्दैन । सबैले काम गर्दै सिक्दै जान्छन् ।
- पूर्व निर्वाचित जनप्रतिनिधिहरुलाई हालको अवस्थामा पनि प्रशिक्षण दिनुपर्छ । किनकि जनता आफूलाई कुनै सेवा चाहिए यिनीहरुलाई सम्पर्क गर्न आउने गरिरहेका छन् ।
- गाविसको काम, कर्तव्यकासम्बन्धमा जनतामा चेतना जागृत गराइनुपर्छ ।

  घनश्याम खतिवडा, पूर्व अध्यक्ष, लेटांग गाविस, मोर[a]

- स्थानीय निकायहरुले कानूनको शासन अवलम्बन गर्नुपर्छ ।
- राजनीतिक दलहरुले आफ्ना अनुभव आदान प्रदान गर्ने व्यस्था मिलाउनु उचित हुनेछ ।

  टकबहादुर खाँड, पूर्व सभापति, जिविस, दैलेख

- वर्तमान द्वन्द्वको समयमा सबैलाई समेट्ने गरी योजनावद्ध विकासको प्रयास गरिएन ।
- ६० वटाभन्दा बढी जिल्लाले आवधिक योजना तर्जुमा गरेको प्रशंसनीय छ ।
- दैलेख जिल्लाले वार्षिक कार्ययोजना र निर्देशिका बनाई लागू गरेको छ भने कन्चनपुर जिल्लामा सूचना व्यवस्थापन केन्द्र स्थापना गरिएको उदाहरणीय नमुनाको रुपमा लिन सकिन्छ ।

**धन्यवाद ज्ञापन**

ग्रामीण विकास प्रतिष्ठानका सभापति कृष्णमान प्रधानले कार्यपत्र प्रस्तोता, अध्यक्षता गर्नु भएका र सम्पूर्ण सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै उहाँबाट व्यक्त सुझावहरु प्रतिवेदन तयार पार्दा समावेश गरिने जानकारी दिनुभयो । साथै, प्रतिष्ठानले विकेन्द्रीकरणलाई सशक्त रुपमा अघिबढाउन मद्दत पुऱ्याउन विभिन्न गतिविधि सञ्चालन गरिरहने बताउनु भयो ।

**अध्यक्षको मन्तव्य**

अध्यक्षता गर्नु भएका पूर्व स्थानीय विकासमन्त्री तथा नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले हामी आदर्शका कुरा गर्न लागेका छौं तर दुर्भाग्यवश देशको अवस्था नाजुक रहेको छ भन्नु हुँदै नेताहरुमा पनि यस्ता विषयका संवादमा खासै चासो नरहेको विचार प्रकट गर्नुभयो । विकेन्द्रीकरण कार्यान्वयनमा ल्याउन राम्रा र नराम्रा मामिलाहरुको अध्ययन गरी रणनीति तर्जुमा गर्न उपयुक्त हुन्छ । सबभन्दा पहिले नेताहरुलाई प्रशिक्षण दिइनुपर्छ । यसका लागि आवश्यक बजेट तत्काल व्यवस्था गरिनु आवश्यक छ । स्थानीय निकायलाई गरिवी निवारणको कार्यमा संलग्न गराउनुपर्छ । स्थानीय निकायका कार्यमा नियन्त्रण र सन्तुलन कायम गर्न नागरिक समाजको विकास अपेक्षित छ । क्षमता अभिवृद्धि भएमा केन्द्रको अधिकार स्वतः आउने छ । गाविसको संख्यालाई पुनर्सरचना गरिनुपर्ने देखिन्छ । वास्तवमा अहिलेको अवस्थामा यस्तो पुनर्सरचना गरिए कुनै राजनीतिक हस्तक्षेप हुने छैन ।

ααααα

परिच्छेद - पाँच

# स्थानीय निकायको क्षमता विकाससम्बन्धी :थलगत अध्ययन

## ५.१ स्थलगत अध्ययनको सारांश

नेपालमा स्वायत्त शासन ऐन, २०५५ लागू भएको पाँच वर्ष व्यतित भइसके पश्चात पनि उक्त ऐनद्वारा स्थानीय निकायलाई प्रदान गरिएका विषयगत तथा अन्य अधिकार कागजी रुपमा मात्र रहिरहेबाट स्थानीय निकायले उक्त ऐनको मर्म अनुरुप कार्य गर्न सकेका छैनन । साथै, स्थानीय निकायले उक्त ऐनमा व्यवस्थित प्रावधान अनुरुप कार्य गर्न सक्षमता पार्न आवश्यक मानवीय, आर्थिक तथा भौतिक साधन र सो सञ्चालन गर्न सक्ने प्रविधि हस्तान्तरण गर्ने तर्फ कुनै सोच र थालनी नभएबाट स्थानीय निकायले ती कानूनी प्रावधानलाई प्रभावकारी किसिमबाट कार्य गर्न सकेका छैनन् । अग्रगामी सोच राखी नेतृत्व गर्नेको व्यक्तिगत प्रयास पनि उत्पादकमूलक हुन सकेन । ग्रामीण विकास प्रतिष्ठानले विषयगत निक्षेपण सम्बन्धी रणनीति तर्जुमा गरी श्री ५ को सरकारलाई पेश गर्ने लक्ष्य अनुरुप विषयगत निक्षेपण रणनीति कार्यक्रम प्रारम्भ गरियो । अध्ययनका क्रममा स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी रणनीति तयार गरी विराटनगर र पोखरामा क्षेत्रिय कार्यशाला सम्पन्न गरेको थियो । उक्त कार्यशालामा स्थानीय निकायका लागि विषयगत निक्षेपण रणनीति तयार गर्दा आफ्नो वस्तुस्थितिलाई आधार बनाइनु पर्दछ भन्ने सुझावलाई कार्यरुप दिन प्रस्तुत क्षमता विश्लेषण हुनुपर्ने पक्षमाथि चर्चा गरिएको थियो । स्थानीय निकायको क्षमता विश्लेषण गर्ने उद्देश्यले प्रतिष्ठानले देशको भौगोलिक बनोटको प्रतिनिधित्व हुने तवरले तनहुँ, दोलखा तथा सप्तरी जिल्लालाई छनौट गरिएको थियो । जसले तराई, पहाड र हिमाल लगायत वित्तीय स्रोतको आधारमा सक्षम र कमजोर जिल्लाको पनि प्रतिनिधि गर्दछ । विद्यमान अवस्थामा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिले कसरी सेवा प्रवाह गरिरहेको छ र ति निकायहरुको वित्तीय अवस्था, जनशक्तिको अवस्था, भौतिक अवस्था र ऐनले व्यवस्था गरेको काम कर्तव्य र अधिकारलाई कसरी कार्यान्वयन गरिहरेको छ भन्ने विषयवस्तुलाई बुझ्ने अभिप्रायले एक प्रश्नावली तयार गरिएको थियो । उक्त प्रश्नावलीलाई तीन प्रकारले तयार पारिएको थियो, जसलाई खण्ड (ख) को परिच्छेद आठ अनुसूची १ देखि ३ मा दिइएको छ ।

## ५.२ तनहुँ जिल्ला

प्रतिष्ठानले प्रारम्भ गरेको विषयगत निक्षेपणको रणनीति कार्यक्रम अन्तरर्गत स्थानीय निकायको वर्तमान कार्य प्रणाली र अवस्था बुझ्ने अभिप्रायले तनहुँ जिल्लामा स्थलगत अध्ययनको लागि २०६१ साल साउन ३ गतेदेखि ७ गतेसम्म एकटोली पठाई विभिन्न निकायसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्‍यो । तनहुँ जिल्ला अन्तर्गत जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति महासंघ तथा स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरुसँग तयार पारिएका प्रश्नावलीका आधारमा छलफल एवं तथ्याङ्क संकलन गर्ने कार्य गरिएका थिए । छलफल एवं तथ्याङ्क संकलन गर्दा भौतिक तथा वातावरणीय पक्षको पनि अवलोकन समेत गरिएको थियो ।

### कार्यक्रम सञ्चालन

प्रतिष्ठानले जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति महासंघ र नागरिक समाजका पदाधिकारहिरुलाई छुट्टा छुट्टै मिति र स्थानमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानको तर्फबाट अधिवक्ता द्वय शिव कुमार श्रेष्ठ र उषा मल्लले कार्यक्रमको उद्देश्य र कार्यक्रम संचालन प्रकृया बारे प्रकाश पार्नुभयो । छलफल कार्यक्रमको लागि तयार पारिएको प्रश्नावलीहरु प्रस्तुत गर्दै प्रत्येक सहभागीहरुले आ-आफ्नो राय तथा सुझाव प्रस्तुत गरेका थिए । प्राप्त सुझावलाई लिपिबद्ध रुपमा टिपोट गर्ने कार्य प्रतिष्ठानका प्रतिनिधि गीता श्रेष्ठ र गणेशमान प्रधानले गर्नु भएको थियो । छलफल कार्यक्रममा प्रस्तुत गरिएको प्रश्नावली र सुझावहरु खण्ड (ख) को परिच्छेद आठको अनुसूचीमा विस्तृत उल्लेख गरिएको छ ।

### सहभागीहरु

तनहुँ जिल्लामा गरिएको स्थानीय निकायको क्षमता विकास सम्बन्धी स्थलगत अध्ययनमा पूर्व तथा निवर्तमान जिल्ला विकास समितिका सभापतिहरु, उप-सभापति, स्थानीय विकास अधिकारी जिल्ला विकास समितिका विभिन्न शाखाका प्रमुखहरु तथा अन्य कर्मचारीहरु, जिल्ला विकास समिति मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु, पूर्व नगर प्रमुख, उप-प्रमुख, कार्यकारी अधिकृत, व्यास नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरु लगायत कर्मचारीहरु, नगरपालिका मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु गाविसका पूर्व पदाधिकारीहरु तथा स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरु तथा पदाधिकारीहरु गरी करिव सय जनाको सहभागिता रहेको थियो ।

### भौतिक तथा वातावरणीय अवलोकन

तनहुँ जिल्ला विकास समितिको भवनहरु पुरानो र असुविधाजनक देखिएकोले आवश्यक भवन कोठाको अभाव रहेकोछ । नागरिक वडापत्र भित्तामा बनाइएका भएतापनि सो पुरानो अवस्थामा रहेका र सोलाई कुनातिर राखिएको हुनाले खोज्नुपर्ने अवस्था रहेको छ । बगैचाको र प्रतीक्षालयको हाल व्यवस्था भइनसकेको अवस्था रहेको छ ।

व्यासनगरपालिकाको भवन तथा कम्पाउण्ड रहेको, प्रतीक्षालय र बगैँचा नभएको तथा भवनहरु यथोचित रहे पनि पुरानो भवनलाई मर्मत गर्नु पर्ने अवस्थाको र अव्यवस्थित रहेको छ । नागरिक वडापत्र भित्तामा लेखिएको छ ।

**छलफलबाट प्राप्त सुझावहरु**

प्रस्तुत प्रश्नावलीउपर छलफल तथा अन्तर्क्रियामा सहभागीबाट व्यक्त जिज्ञासा तथा जवाफ दिने क्रममा सहभागीहरुबाट निम्न जानकारी तथा सुझावहरु संकलन गरिएका छन्:

- जिल्ला परिषद्ले योजनाहरु पारित गर्दा विषयवस्तु र स्रोत साधनलाई विचार गरी पारित गर्नुपर्नेमा सामान्यतया छलफलको लागि प्रस्तुत गरिएको विषय वा योजना यथावत अवस्थामा पारित गर्ने गरिएको ।
- ऐन र नियमावलीले व्यवस्था गरेको कार्यहरु गर्न आवश्यक जनशक्ति नभएको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरुलाई स्थानीय निकायसँगको सहभागिता र समन्वयमा काम गर्नुपर्ने कानूनी व्यवस्था भए तापनि व्यवहारमा नभएको हुँदा यसतर्फ विशेष व्यवस्था गरिनुपर्ने ।
- व्यवस्थापन समितिको गठन गर्दा सो क्षेत्रको ज्ञान र अनुभव भएको व्यक्तिलाई मनोनयन गरिनुपर्ने ।
- स्थानीय स्वायत्त शासन ऐन र नियमावली निर्वाचित पदाधिकारी रहँदाको अवस्थामा मात्र प्रभावकारी रुपले कार्यान्वयन हुने हुँदा सो अवस्था नहुँदाको परिस्थिति पनि काम गर्ने कानूनी संयन्त्र तर्जुमा गरिनुपर्ने ।
- स्थानीय निकायलाई आफ्नो क्षेत्र र अवस्था हेरी करको दर तोक्ने, उठाउने कानूनी व्यवस्था हुनुपर्ने ।
- नगरपालिकाले ऐन र नियमावली अनुसार पूर्ण रुपमा कार्य गर्न नसकेको । कानूनले गर्नुपर्ने कार्य गर्न नसकेको र गर्ननपर्ने काममा बढी श्रम र स्रोत लगानी गर्नुपरेको ।
- योजना बनाउदाँ बजेटको आधारमा वास्तविकता अनुरुप बनाउने गरिएको छ ।
- जिल्ला विकास समिति र नगरपालिकाकोबीच कुनै समन्वय नभएबाट कानूनी रुपमा नगरपालिका र जिल्ला विकास समितिबीच समन्वय हुने संयन्त्रका व्यवस्था हुनुपर्ने ।
- कानूनी रुपमा नगरपालिकाबाट स्वीकृत लिई भवन निर्माण गर्नु पर्नेमा समाज सेवा गर्ने नाममा मन्त्रालयका उच्च पदाधिकारीको प्रत्यक्ष संलग्नतामा स्वीकृती नै नलिई भवन( आश्रम) निर्माण गरिएको ।
- नागरिक बडापत्र अनुसारको काम कारवाही नगर्ने कर्मचारीलाई गरिने कारवाहीको कुनै व्यवस्था नगरिएको ।

## ५.३ दोलखा जिल्ला

**कार्यक्रम सञ्चालन**

प्रतिष्ठानले चयन गरेको दोस्रो जिल्ला दोलखामा प्रतिष्ठानको तर्फबाट अधिवक्ता द्वय शिव कुमार श्रेष्ठ, उषा मल्ल, गीता श्रेष्ठ र गणेशमान प्रधानको एक टोली २०६१ साल साउन १० गतेदेखि १४ गतेसम्म रही विभिन्न सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी राय तथ सुझाव संकलन गरियो । प्रस्तुत प्रश्नावली बमोजिम हिमाली जिल्लाको रुपमा दोलखा जिल्लाले स्थानीय स्वायत्त शासन ऐनको भावना अनुसार काम गर्न कस्ता कस्ता समस्याहरु स्थानीय निकायले भोग्नुपरेको छ र ऐन तथा नियम कार्यान्वयन भएपश्चात स्थानीय जनताले सेवा पाउन सरलीकरण भएको छ छैन, विकास निर्माणको काम हुन सकेको छ छैन र सो अनुकूल राजनीतिक, सामाजिक, आर्थिक वातावरण रहेको छ छैन भन्ने विषयमा छलफल केन्द्रीत रहेको थियो ।

**सहभागीहरु**

दोलखा जिल्लामा गरिएको स्थानीय निकायको क्षमता विकास सम्बन्धी स्थलगत अध्ययनमा जिल्ला विकास समितिका उप-सभापति, स्थानीय विकास अधिकारी जिल्ला विकास समितिका विभिन्न शाखाका प्रमुखहरु तथा अन्य कर्मचारीहरु, जिल्ला विकास समिति मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु, कार्यकारी अधिकृत, नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरु लगायत कर्मचारीहरु, नगरपालिका मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु तथा स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरु तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

**भौतिक तथा वातावरणीय अवलोकन**

जिल्ला विकास समितिको क्षेत्रगत एरिया तथा कम्पाउण्ड र भवनहरु रहेकोमा आवश्यक अफिस कोठाको अभाव देखिन्छ । नागरिक बडापत्र होल्डिङ बोर्डमा बनाइएको भए तापनि सो पुरानो अवस्थामा रहेको, बगैचा रहेको तर प्रतीक्षालयको व्यवस्था नरहेको पाइयो ।

भीमेश्वर नगरपालिकाको भौतिक अवस्था वा पूर्वाधार अत्यन्त कमजोर अवस्थामा रहेको छ । नगरपालिकाको आफ्नो भवन, सेना र प्रहरीले दुईवर्षदेखि प्रयोग गर्न थालेको र पहिले प्रहरी चौकी रहेको भवनमा हाल नगरपालिका बसेको छ, भौतिक रुपमा अत्यन्त रुग्ण अवस्थामा रहेको पाइयो । कोठाहरुपनि अपुग रहेको छ । पहिलेको प्रहरी चौकीलाई नै केही मर्मत गरेर नगरपालिका बस्दै आएको छ ।

**छलफलबाट प्राप्त जानकारी तथा सुझावहरु**

विभिन्न स्थानीय निकाय तथा नागरिक समाजका पदाधिकारीबीच फरक फरक मिति र स्थानमा भएको छलफल तथा प्राप्त सुझावहरुलाई संक्षिप्त रुपमा निम्न बमोजिम उल्लेख गरिएको छः

- स्थानीय स्वायत्त शासन ऐन/ नियम र अन्य ऐन नियम बाझिएको हुँदा जिविस/नगरपालिका र गाविसले निश्चित काम गर्न नसकेको ।
- जिल्ला विकास समितिको काम कर्तव्य र अधिकार स्पष्ट नहुँदा जिल्लाका कार्यक्रमहरु स्वीकृति गर्न नमानेको र अर्को व्यवस्था पनि नभएको जस्तै- जिरीमा चियाखेतीको विकास गर्न जिविसले स्वीकृति नदिएको ।
- जिल्लास्थित सरकारी निकायबीच समन्वय नहुँदा दोहोरा कार्य भएको र हुनुपर्ने काम नभएको ।

- कार्यक्रम बजेटको अनुपातमा बनाउनुपर्ने बाध्यताले गर्दा दिगो र संस्थागत हुन नसकेको ।
- बार्षिक वित्तीय प्रतिवेदन स्थानीय स्वायत्त शासन ऐन बमोजिम नगरी कोलेनिकाको नमुना बमोजिम गर्ने प्रचलन रहेको ।
- वर्तमान राजनीतिक अस्थिरता र सुरक्षाको कारणले गर्दा कार्यक्रमको स्थलगत मूल्याङ्कन हुन सकेको छैन् । यसतर्फ कानूनी व्यवस्था सोचिनुपर्ने अवस्था आएको ।
- केही विषयगत निकायले कहिले काहीं प्रतिवेदन पठाउने गरेको, जिविसले विषयगत कार्यालयहरुको प्रतिवेदन सार्वजनिक गर्ने सोचअनुसार पत्रिका निकाल्ने प्रयास भएकोमा पत्र पठाउँदासमेत प्रतिवेदनहरु नपठाएको कारणले उक्त पत्रिका निकाल्ने कार्य रद्ध गरिएको ।
- निर्वाचित प्रतिनिधिहरुमध्ये कोही राम्रो ज्ञान सीप भएकाले सामाञ्जस्यपूर्ण तरिकाले काम गर्न सकिएको छ । जिविसमा विषयगत क्षेत्रमा समेत विशेष ज्ञान हुनुपर्ने सोचको वृद्धि भै तालिमको व्यवस्था राखिएको ।
- कर्मचारीमा सामान्य किसिमको ज्ञान रहेकोले विशेष तालिमको व्यवस्था गर्नुपर्ने ।
- स्थानीय निकाय आफैमा सक्षम र शक्तिशाली निकाय हो, जिविस र गैससंगको समन्वय सयन्त्र निर्माण गरेको छ तर त्यो प्रभावकारी नरही सुसुप्त अवस्थामा रहेको छ । विषयगत शाखासंग पट्टक्कै समन्वय छैन । गैर-सरकारी महासंघलाई सदस्यता मात्र बनाउने तर समन्वय भने छैन ।
- समन्वयको अभाव रहेकोले अनावश्यक कार्यालयहरु खारेज गर्ने वा हटाउनु पर्छ र आवश्यक शाखाहरु जिविस अर्न्तगत राखेर कार्य गर्नु उपयुक्त हुन्छ ।
- स्थानीय स्वायत्त शासन ऐन आएपछि २०५५-०५६ मा गाँउ अधिवेशन, परिषद, वडा-वडामा उत्साहपुर्ण रुपमा कार्य हुने गरेको थियो तर द्वन्दको कारणले आज सो अवस्था रहेको छैन । उक्त ऐनको अधिकार कागजी रुपमा मात्र रहेको, व्यवहारिक रुपमा लागू नभएको र जिम्मेवारीको अस्पष्टता रहेको ।
- जनप्रतिनिधि तथा दोलखा जिविसले विषयगत शाखाको रुपमा अगाडि बढ्नुभन्दा पनि भौतिक विकासमा मात्र जोड दियो र गाविस, नपा र जिविसबीच वास्तविक सहयोग तथा समन्वय भएन,खाली देखावटी रुपमा मात्र भएको धारणा व्यक्त गऱ्यो ।
- सबै संघ,महासंघ ,गैसस गाविस मार्फत जानुपर्ने व्यवस्था हुनु पर्ने कुरामा उपस्थित सबैको एकमत रहेको छ । जिविसलाई पूर्णरुपमा ढाँट्न नसकिने तर गाविसलाई ढाँटेर जाने गरेको छ । सम्वधित निकायले सम्वन्धित क्षेत्रको आवश्यकता पहिचान गर्नुपर्छ । तर अनुगमन गर्नुपर्ने निकायले जिम्मेवारी नलिएको र पैसाको भरमा योजना पारित तथा कार्यान्वयन हुने गरेको तीतो सत्य दोलखा जिल्लाको रहेको पनि छलफलको क्रममा उल्लेख भयो ।
- गैसस, संघ-संस्थाको दर्ता जिविसमा गर्ने वा जिविस मार्फत जाने गर्नुपर्छ । SDC जस्तो प्रतिष्ठित अन्तराष्ट्रिय गैर-सरकारी संस्थाले दोलखा जिल्लामा कार्यक्रम संचालन गर्दा स्थानीय निकायसँग पारदर्शी रुपले काम गरेको पाइदैन । जसले गर्दा कार्यक्रम र

बजेटको जानकारी नहुँदा स्थानीय निकाय मार्फत दिगो कार्यक्रम संचालन हुन सकेको छैन ।

- उपभोक्ता समूह/समिति गठन प्रक्रियामा जटिलता रहेको जनाउँदै समिति गठन प्रक्रिया कानूनतः नमिले पनि व्यवहारिक कठिनाईको कारण समितिहरु जसको जहाँ जस्तो पहुँच छ, त्यसैले गर्ने गरिएको छ । समूह वा समितिहरु थुप्रै छन् जस्तो वन उपभोक्ता समिति, खानेपानी समिति तर यस्ता समितिहरुमा एउटै व्यक्ति रही दोहोरो सहभागिताको स्थिति समेत रहेको छ । जिविसको सामान्य पहलले पनि काममा दोहोरोपन आउन थालनी भएको छ । यसलाई गाविसस्तरसम्म पुऱ्याउनु पर्दछ । स्थानयीस्तरमा रहेको समूहलाई नै परिचालन गर्ने, नयाँ गठन नगर्ने, गाविस अन्तर्गत रहने गरी कानूनी रुपमा व्यवस्था गर्नु पर्ने तर्फ जोड दिइयो ।
- स्थानीय निकायलाई माथिबाट हस्तक्षेप नगरी पर्याप्त स्रोत र साधन उपलब्ध गराएमा सुचारुरुपमा संचालन गर्न सक्षम छन् । यदि अधिकार दिएमा स्थानीय निकायले आफैंले स्रोत र साधन निकाल्न समेत सक्षम रहेका छन् ।
- श्री ५ को सरकार र स्थानीय निकायले आफूले दिने सेवा र कर्तव्यको बारेमा नागरिक वडापत्र राख्ने व्यवस्थाले गर्दा नागरिकहरु निकै लाभान्वीत हुँदै आएको छ । यस्तो प्रकृया गैर-सरकारी संस्था र नागरिक समाजमा पनि थालनी गर्नु अति आवश्यक भएको छ ।
- निर्वाचित जनप्रतिनिधि स्थानीय निकायमा कार्यरत रहँदा जनताप्रति उत्तरदायि र जनताले पनि अपनत्व महसुस गरेको थियो । तर कर्मचारीबाट स्थानीय निकाय संचालन गर्दा सो अवस्था नदेखिएको ।

## ५.४ सप्तरी जिल्ला

### कार्यक्रम सञ्चालन

पूर्व निर्धारित कार्यक्रम बमोजिम स्थानीय निकायको क्षमता विकास सम्बन्धी स्थलगत अध्ययन गर्न प्रतिष्ठानको चार सदसीय टोली अधिवक्ता शिव कुमार श्रेष्ठ, गणेशमान प्रधान, भवानी कायष्ठ र अधिवक्ता सुरेन्द्र यादवले सप्तरी जिल्लामा २०६१ साल साउन १८ गतेदेखि २३ गतेसम्म स्थानीय निकायहरुसँग विभिन्न मिति र स्थानमा अन्तर्क्रिया कार्यक्रम भयो । तराई जिल्ला र कम स्रोत भएको मानिने सप्तरी जिल्लामा स्थानीय स्वायत्त शासन ऐन र नियम बमोजिम कार्य संचालन गर्न कस्ता कठिनाई आइपरेको छ र जनताले कस्तो रुपमा सेवा प्राप्त गरिरहेको भन्ने अभिप्रायले उक्त अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । प्रतिष्ठानद्वारा तयार पारिएको अवधारणापत्र (Concept paper) र प्रश्नावलीलाई आधार बनाई अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको थियो ।

### सहभागीहरु

सप्तरी जिल्लामा गरिएको स्थानीय निकायको क्षमता विकाससम्बन्धी स्थलगत अध्ययनमा पूर्व जिल्ला विकास समितिका सभापतिहरु, उप-सभापति, स्थानीय विकास अधिकारी जिल्ला विकास समितिका विभिन्न शाखाका प्रमुखहरु तथा अन्य कर्मचारीहरु, जिल्ला विकास समिति मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु, पूर्व नगर प्रमुख, उप-प्रमुख, कार्यकारी अधिकृत, विभिन्न

शाखाका प्रमुखहरु लगायत कर्मचारीहरु, राजविराज नगरपालिका मातहत सञ्चालित कार्यक्रमका प्रमुखहरु, विभिन्न गाउँ विकास समितिका निवर्तमान पदाकिारीहरु तथा सचिव लगायत स्थानीय गैर-सरकारी संस्थाका प्रतिनिधिहरु तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

**भौतिक तथा वातावरणीय अवलोकन**

जिल्ला विकास समितिको क्षेत्रगत एरिया तथा कम्पाउण्ड, प्रतीक्षालय, चौतारी, बगैंचा तथा भवनहरु यथोचित रहे पनि पुरानो भवनलाई मर्मत गर्नु पर्ने अवस्थाको र अव्यवस्थित रहेको छ । नागरिक वडापत्रको होर्डिङ्ग बोर्ड बनाइएको भए तापनि सो ढली रहेको अवस्थामा रहेको र कार्यक्रममा त्यसबारे छलफल हुदाँ सोलाई तत्कालै यथास्थानमा राखिने प्रवन्ध गरिएको जानकारी गराइएको थियो । कार्यक्रम आरम्भ हुनु भन्दा अगावै समूहका सदस्यले केही तथ्याङ्कोबारे जिज्ञासा राख्दा तथ्याङ्क रहेको तर अधिकारीक रुपमा स्थानीय विकास अधिकारीले दिनसक्ने र निजले मात्र दिनुपर्ने जस्ता जवाफबाट समूहले कार्यालयको अधिकार केन्द्रीकृत रहेको अनुभव गर्‍यो । तथापि छलफलमा सबैबाट उत्साहजनक सभागिता रहेको थियो ।

नगरपालिकाको क्षेत्रगत एरिया तथा कम्पाउण्ड रहेको, प्रतीक्षालय नभएको, सानो बगैंचा भएको तथा भवनहरु यथोचित रहे पनि अव्यवस्थित रहेको छ । नागरिक वडापत्रमा सवै कुरा तथा सेवाबारेमा संक्षिप्त रुपमा मात्र लेखिएको । उजुरी पेटीका नभएको । यस नगरपालिकामा विषयगत रुपमा विभिन्न उपशाखाहरु गठन गरी सञ्चालन गरिएको पाइयो । जस्तै स्वास्थ्य उपशाखा अन्तर्गत स्वास्थ्य क्षेत्र, समाज कल्याण शाखा, योजना उपशाखा, सूचना उपशाखा आदि । सूचना केन्द्रको स्थापना भर्खरै गरिएकोले नगरपालिकाको प्रतिवेदन कार्ययोजनाहरु प्रकाशित गरेको पाइएन् । एम्बुलेन्स तथा वारुणयन्त्र समेत यस नगरपालिकाले सञ्चालन गरेको पाइए भने नगरपालिका पछाडि रहेको ठूलो क्षेत्रलाई व्यवस्थित रुपमा राख्न सकेको पाइएन् ।

**छलफलबाट प्राप्त जानकारी तथा सुझावहरु**

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुले उठाएको समस्या र सुझावलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ:

- जिल्ला विकास समितिले बनाइएको आवधिक योजनालाई विषयगत कार्यालयहरुले अङ्गिकार नगरी आफ्नै किसिमले योजनाहरु बनाएर ल्याउने गरेको,
- स्थानीय स्वायत्त शासन ऐनले जिल्ला विकास समितिलाई विषयगत रुपमा दिइएका कामहरु कार्यान्वयन गर्न सक्ने आर्थिक व्यवस्थाका साथै मानवीय तथा अन्य स्रोतको पनि अभाव रहेको,
- जिविसले कम्पूटराइज गरेको लेखा प्रणालीलाई स्थानीय विकास मन्त्रालयबाट परिपत्र जारी नगरिएबाट लागू गर्न नसकिएको, कम्पूटराइज लेखा प्रणाली अपनाउन स्थानीय विकास मन्त्रालयको परिपत्र भएमा लागू गर्न सकिने,
- बेरुजु फछ्र्यौटका सन्दर्भमा अनावश्यक झन्झट एवं कागजात माग्ने गरिएको स्थानीय विकास मन्त्रालयले फ्रिज हुने बजेटलाई अर्को वर्षको बजेटमा रकमान्तरण गर्ने पत्रको आधारमा रकमान्तर गर्दा सोलाई महालेखा परीक्षक कार्यालय को.ले.नि.का.ले अस्वीकार गरी बेरुजु कायम गर्ने गरिएबाट स्पष्ट नीति र निर्देश हुनुपर्ने,

- निर्वाचित प्रतिनिधि रहेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन अनुरुप कार्य भई सोलाई संस्थागत गर्ने प्रयास गरिएकोमा सो संरचना निर्वाचित प्रतिनिधिको अभावमा निरन्तरता नभएको,
- स्थानीय निकायमा आयोजना मूल्याङ्कनका लागि प्रतिनिधि रुपमा सदस्य(संसद)को नेतृत्वमा राखिएबाट मूल्याङ्कन हुन नसकिएकोले सो व्यवस्था खारेज गरिनुपर्ने,
- कर्मचारीहरुको अन्तर्क्रिया समय समयमा हुने गरेको हुँदा प्रस्तुत छलफललाई कर्मचारीले अन्तर्क्रिया कार्यक्रमको रुपमा समेत प्रयोग गरेको,
- नगरपालिकामा जनप्रतिनिधि नरहेबाट सबै कार्य ठप्प रहेकोले प्रतिनिधिविहीन रहन नहुने कानूनी व्यवस्था गरिनु पर्ने कुरालाई विशेष जोड दिइयो,
- लेखा परीक्षकको नियुक्ति स्थानीय निकायबाट गरिने तर कोष तथा लेखा नियन्त्रकको कुरा मान्नु तथा परिपालना गर्नुपर्ने बाध्यता भएको,
- बजेट निकासा अर्थिक वर्ष समाप्त हुने बेलामा हुने भएबाट व्यवस्थित रुपमा काम हुन नसकेको रातो किताबमा रहेका बजेट मन्त्रालयबाट निकासा गरी सकेको भनिए पनि क्षेत्रीय कार्यालयले आएको छैन भनी अल्मल्याउने कार्य मात्र गरिएको,
- सडक तथा नदी नियन्त्रण जस्ता कार्यहरुका लागि तीन जिल्लालाई हेर्ने गरी सडक डिभिन्जन कार्यालय राखिए तापनि उक्त कार्यालयले हेर्ने नगरेको,
- नगरस्तरमा सडक तथा टेलिफोनको कार्य गर्दा समन्वय नहुँदा पूर्ण काम समयमा नहुने र सो कार्य नियन्त्रण गर्न नगरपालिकालाई नभएको हुँदा नियन्त्रण गर्न समस्या परेको,
- जिल्ला विकास समितिले आफूलाई सर्वेसर्वा ठानी नगरपालिका र गाविसमाथि शासन गर्ने सिद्धान्त अंगीकार गरेको,
- गैर-सरकारी संस्थाहरुलाई जिल्ला विकास समितिले परिषद् बैठकमासम्म बोलाउने प्रकृया भरखरै प्रारम्भ गरिए पनि गाँउ विकास समितिले बैठकहरुमा सहभागी गराउने नगरिएको, गैर-सरकारी संस्थाले कार्यक्रम गर्दा गाविस/नगरका पदाधिकारी बोलाउदा आउने गरेको ।
- गाउँ विकास समितिले विकास निर्माण कार्यक्रम संचालन गर्दा उपभोक्ता समिति मार्फत गर्नुपर्नेमा निर्वाचित पदाकारीहरुको पदावधि सकिने दुईवर्षदेखि सोही बमोजिम नगरी आफूले नै संचालन गरेको ।

ααααα

परिच्छेद - छ

# निष्कर्ष र सुझावहरु

## ६.१ निष्कर्ष

शक्तिको विकेन्द्रीकरण प्रजातान्त्रिक शासनव्यवस्थाको आधारशीला हो । विकेन्द्रीकरणका विभिन्न स्वरुपमध्ये अधिकारको निक्षेपण नै सशक्त माध्यम ठहरिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गरेको छ । संविधानको उक्त भावनाअनुरुप जारी भएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय स्वायत्त शासन प्रणालीको सुदृढीकरणका लागि स्थानीय निकायहरुलाई सक्षम र प्रभावकारी बनाउन आवश्यकपर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्ने सिद्धान्त तथा नीति अवलम्बन गर्ने व्यवस्था गरेको छ । तर, ऐनमा निर्दिष्ट प्रावधानहरु अझैसम्म पूर्णरुपले कार्यान्वयनमा आउन सकेको छैन । स्थानीय निकायहरुलाई प्रदत्त अधिकार प्रयोग गर्न तिनको क्षमता अपेक्षित रुपमा विकास भइनसकेको तथ्यलाई नकार्न सकिन्न । स्रोत परिचालन आवश्यकताअनुसार हुने गरेको पाइँदैन ।

सरकारले विषयगत निक्षेपणका लागि निकै वर्षअघिदेखि प्रयास गरिआए तापनि आर्थिक वर्ष २०५८/५९ देखि प्राथमिक शिक्षा, स्वास्थ्य, हुलाक, कृषि प्रसार र पशु सेवाजस्ता आधारभूत सेवाहरुको व्यवस्थापन स्थानीय निकायद्वारा गराइने नीति लिएको देखिन्छ । त्यसपछि यी क्षेत्रमध्ये केहीमा सामान्य प्रगति देखापरेको छ । तथापि सम्बन्धित मन्त्रालयहरुको जारी गरेका विषयगत निक्षपण निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन । लक्ष्यअनुसार समयावधिमै कार्य भएका छैनन् । स्थानीय निकायहरुले विषयगत निक्षेपणमा स्वामित्व अनुभूति गर्न सकेका छैनन् । हुलाक सम्बन्धी कार्य स्थानीय निकायलाई अझै हस्तान्तरण हुन सकेको छैन । विषयगत निक्षेपणको कार्यलाई अघिबढाउने सिलसिलामा नीतिगत, प्रक्रियागत, संस्थागत तथा क्षमतागत पक्षहरुमा अनेकौं समस्याहरु विद्यमान छन् । तिनलाई कसरी समाधान गर्ने र स्थानीय निकायको क्षमता अभिवृद्धि गर्न कस्ता रणनीतिहरु अवलम्बन गरिनु पर्दछ भन्ने उद्देश्यबाट गरिएको प्रस्तुत अध्ययन कार्यको निष्कर्ष र सुझाव यस विषयका नीति-निर्माता र योजनाकारहरुका लागि ज्यादै जानकारी एवं सूचनामूलक तथा उपयोगी हुने देखिएको छ ।

अधिकार निक्षेपणको लागि पूर्णरुपमा कार्यान्वयनमा ल्याउन नसक्नुका प्रमुख समस्याहरु यस प्रकार देखिएका छन्:

- सुस्पष्ट रणनीतिको अभाव,
- विषयगत निक्षेपण रणनीतिको कार्ययोजनाको अभाव,

- नीति र कार्यक्रमलाई अग्रगति दिन राजनीतिक प्रतिबद्धता र इच्छा शक्तिको अभाव,
- केन्द्रीय तथा स्थानीय तहमा कार्यविभाजन र जिम्मेवारीको अस्पष्टता तथा यी तहबीच अन्तरसम्बन्ध र जवाफदेहीको कमी,
- निक्षेपित कार्यमा भएको लगानीअनुसार सेवा प्रवाहको कार्यमा प्रभावकारिता नआएको तथा उपलब्धिमूलक नभएको,
- विकेन्द्रीकरणका गतिविधि र निक्षेपणको विषय स्थानीय विकास मन्त्रालयको मात्र जिम्मेवारी सोची अन्य मन्त्रालय, विभाग र कार्यालयले जिम्मेवारी नलिने एवं अपनत्वको अभाव,
- स्थानीय निकायहरुलाई स्रोत र साधनको कमी,
- निक्षेपणको कार्यलाई एकमुष्ठरुपमा लैजान नसक्नु,
- स्थानीय निकाय संघ/महासंघको भूमिका स्पष्ट नहुनु,
- निक्षेपण सिद्धान्तसँग बाझिएका ऐन, नियमहरुमा परिमार्जन नगरिनु ।

विषयगत रणनीतिसँग प्रत्यक्ष असर पार्ने उल्लिखित समस्याहरुका अतिरिक्त स्थानीय निकायको क्षमता अभिवृद्धिसम्बन्धी निम्नानुसारका समस्याहरु पनि देखापरेका छन्ः

- स्थानीय निकायहरुको संगठनात्मक संरचना उपयुक्त नभएको,
- स्थानीय निकायहरुको व्यवस्थापन क्षमता सुदृढ नरहेको,
- वित्तीय व्यवस्थापन कमजोर,
- जनशक्तिको अपर्याप्तता,
- आर्थिक स्रोतको कमी
- कार्यविधि र कार्यप्रणालीमा सरलता तथा पारदर्शिता नरहेको,
- स्थानीय निकायहरुको भौतिक तथा वातावरणीय पक्ष कमजोर रहेको ।

## ६.२ सुझावहरु

### (क) विषयगत निक्षेपण रणनीति

रणनीति तर्जुमा गर्नेः विषयगत निक्षेपणको कार्यलाई एकमुष्ठ रुपमा प्रभावकारीढङ्गबाट अघि बढाउन यससम्बन्धी रणनीतिको खाका तयार गरिनु अपरिहार्य छ । यस्तो रणनीतिमा केन्द्र र स्थानीय निकायहरु संलग्न रहने कार्यक्षेत्र स्पष्ट किसिमले वर्गीकरण गरी एकले अर्काको कार्यक्षेत्रमा हस्तक्षेप नगर्ने वातावरण सिर्जना गरिनु पर्दछ । राष्ट्रिय सुरक्षा प्रवर्द्धन, ठूला पूर्वाधार निर्माण र विकास, सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, सहजीकरण, प्रवर्द्धनात्मक र उत्प्रेरणात्मक कार्यहरु, स्थानीय निकायको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनेजस्ता नीतिगत विषयहरुमा मात्र केन्द्रीय तह संलग्न रहनु पर्दछ भने अन्य सबै कार्यहरु स्थानीय निकायलाई छोड्नुपर्छ ।

कर्मचारी व्यवस्थापनः स्थानीय निकायलाई सुम्पिएका कार्य सुचारुरुपले सम्पन्न गर्न Core र Non-core छुट्टिने गरी आवश्यक दरवन्दी सिर्जना गर्ने र तिनको कार्य विवरण तयार पार्ने कामको स्वायत्तता स्थानीय निकायहरुलाइ नै दिनुपर्छ । यस्तो भएमा कर्मचारीको व्यवस्थापन र परिचालनमा स्पष्टता तथा प्रभावकारिता आउने छ ।

स्थानीय सेवाको गठनः स्थानीय निकायमा काम गर्ने कार्मचारीहरुले दोहोरो-तेहोरो निकायप्रति उत्तरदायी बहन गर्नुपर्ने र तिनको भर्ना तथा सरुवा, बढुवा प्रक्रियामाथि तालुकवाला केन्द्रीय निकायको नियन्त्रण रहने प्रथाबाट कर्मचारीको दायित्वमा विरोधाभासपूर्ण स्थिति रहेकोले योग्यतामा आधारित छनौट प्रक्रियादेखि सरुवा, बढुवा व्यवस्था मापदण्डमा आधारित पारदर्शिता कायम राख्नसमेत स्थानीय सेवाको गठन गरी त्यसको सञ्चालनका लागि स्थानीय सेवा ऐन, नियम नै तर्जुमा गरिनु उपयोगी हुनेछ ।

वित्तीय विकेन्द्रीकरणः स्थानीय निकायले सक्षमतापूर्वक योजना तर्जुमा र कार्यान्वयनका लागि आवश्यक बित्तीय साधनबाट अप्ठ्यारो पार्न हुँदैन । कुनै पनि कार्य सम्पन्न गर्न आर्थिक साधन र स्रोत सरल किसिमबाट उपलब्ध हुने वातावरण बनाउनुपर्छ । त्यसका लागि वित्तीय विकेन्द्रीकरण गरिनु उपयोगी हुनेछ ।

बजारमुखी विकेन्द्रीकरणः स्थानीय निकायहरुले स्थानीयस्तरमा सिर्जना भएका सबै कार्यहरु आफैले मात्र सम्पन्न गर्न कठिनाईपर्छ । त्यसैले, स्थानीय निकाय र गैरसरकारी संस्था/ नागरिक समाज तथा निजी क्षेत्रसँग साझेदारी तथा सहकार्य प्रबर्द्धन गर्न बजारमुखी विकेन्द्रीकरणको अवधारणालाई लागू गर्न सोच्नु पर्नेछ ।

विषयगत शाखाः स्थानीय निकायमा विषयगत शाखा स्थापनासम्बन्धी आधार स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले निर्धारण गरे तापनि अझै यस्ता शाखाहरु खडा गरिएका छैनन् । अतः विषयगत शाखाहरु राख्ने सम्बन्धमा अध्ययन र विश्लेषण गरी स्थापना गरिनु आवश्यक देखिन्छ ।

संरचनाको पुनरावलोकनः स्थानीय निकायहरुको संरचनामा समय सापेक्ष पुनरावलोकन गरी तिनको संख्या कम गर्न सोच्नु व्यवहारिक ठहरिनेछ । यस्ता निकायहरुलाई सक्षम इकाई (Viable Unit) को रुपमा व्यवस्थित गरिनु पर्दछ । जिल्लास्तरमा प्रभावकारी सेवा प्रवाह, विकास निर्माण, सार्वजनिक सुरक्षा, प्रकोप व्यवस्थापन आदि क्षेत्रसँग सम्बन्धित समिति/उप-समितिहरुको गठन, सञ्चालन, समन्वय र व्यवस्थापनका कार्यहरुमा जिल्ला विकास समितिको नेतृत्वदायी भूमिका रहने गरी पुनर्सरचना गर्न सोच्नु आवश्यक छ । यसैप्रकार गाविस र नपाको संख्यामा पनि कमी ल्याउने सम्बन्धमा अध्ययन विश्लेषण गरी निश्चित गरिनु पर्छ । सेवा प्रवाहको केन्द्रविन्दु इकाई गाविसलाई बनाउनुपर्छ ।

निक्षेपण कार्य एकै पटक गर्नेः विषयगत निक्षेपण केही निकायहरुमा नमुनाको रुपमा कार्यान्वयन गर्ने श्री ५ को सरकारको सोच व्यवहारिक देखिंदैन । यसो गरिनु स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रावधान विपरित हुन्छ । त्यसैले एकैपटक लागू गरिनुपर्छ ।

अनुगमन र मूल्याङ्कनः निक्षेपणको प्रक्रियालाई सुदृढ पार्न अनुगमन र मूल्याङ्कनको पक्षमा पर्याप्त चासो नराख्ने गरेको हुँदा कामकारवाहीमा शिथिलता देखापरेको छ । तसर्थ तालुकवाला निकायहरुले नियमित तवरमा अनुगमन र मूल्याङ्कन गरी समस्या समाधान गरिदिनुपर्छ । साथै,

केन्द्रमा रहेको विकेन्द्रीकरण कार्यान्वयन तथा अनुगमन समितिलाई क्रियाशील पार्नु अत्यावश्यक छ ।

विषयगत निक्षेपणका लागि क्षेत्रहरु: विषयगत निक्षेपणका लागि धेरै क्षेत्रहरु पहिचान गरिएका छन् । निम्नानुसारका क्षेत्रहरुमा निक्षेपणको कार्य तुरुन्तै प्रारम्भ गर्न सकिन्छ :

- स्वास्थ्य तथा जनसंख्या
- शिक्षा तथा खेलकूद
- कृषि तथा पसुसेवा र सहकारी
- भौतिक योजना र निर्माण
- जलस्रोत र सिंचाइ
- वन, वातावरण तथा भू-संरक्षण
- उद्योग, वाणिज्य, खानी तथा आपूर्ति
- स्थानीय विकास
- सूचना तथा सञ्चार
- महिला, बालबालिका तथा समाज कल्याण
- पर्यटन र संस्कृति
- भूमिसुधार तथा व्यवस्था
- ऊर्जा तथा वित्त व्यवस्था

विषयगत निक्षेपण कार्ययोजना: प्रस्तुत विषयगत निक्षेपण रणनीति कार्यन्वयन गर्न श्री ५ को सरकारले तत्काल विषयगत निक्षेपण कार्ययोजना तयार गरी केन्द्रीय सरकारले गर्ने काम, कर्तव्य र दायित्व तथा स्थानीय निकायले गर्ने कार्यको स्पष्ट व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्न एक कार्ययोजना तयार गर्नुपर्ने देखिन्छ । उक्त कार्ययोजनाले केन्द्रमा रहेका निकायहरुको र स्थानीय निकायको स्पष्ट कार्यक्षेत्र र दायित्व उल्लेख गरी हाल देखापरेको दोहोरो दायित्व र कामको समस्याको निराकरण गर्न सहयोग पुऱ्याउँदछ ।

ऐन नियममा संसोधन: निक्षेपण कार्यलाई व्यवस्थित गर्न ऐन, नियम समयानुकूल र उपयुक्त रहनु पर्छ । तर, स्थानीय स्वायत्त शासन ऐन, २०५५ लगायतका अन्य विषयगत निक्षेपणसँग सम्बन्धित ऐन, नियमहरु बाझिएका छन् । तसर्थ, अन्य ऐन, नियमहरुलाई विषयगत निक्षेपणको सिद्धान्त अनुसार ऐन, नियममा परिवर्तन गरिनु पर्दछ ।

उपयुक्त अनुसार विषयगत रणनीति तर्जुमा गर्दा ध्यान दिनुपर्ने सुधारका मुख्य पक्षहरु यसप्रकार देखिन्छन्:

- केन्द्र र स्थानीय निकायबीचका कार्य तहगतरुपमा स्पष्ट किसिमले वर्गीकरण गरी जिम्मेवारी तथा उत्तरदायित्व तोक्ने/ केन्द्रीय निकायलाई केही सीमित कार्यमात्र दिने र अरु अधिकांश कार्यहरु स्थानीय तहलाई निक्षेपण गर्ने,
- स्थानीयस्तरमा विकास निर्माण र सेवा प्रवाहका सबै कार्यमा स्थानीय निकायको नेतृत्वदायी र प्रमुख भूमिका सुनिश्चित गर्ने,
- स्थानीय निकायप्रति उत्तरदायी हुने गरी स्थानीय सेवाको गठन र सञ्चालन गर्ने,
- स्थानीय निकायका पदाधिकारीहरुलाई आचारसंहिता निर्माण गरी पूर्ण पालना गराउने,
- वित्तीय व्यवस्थापन सुदृढ पार्ने,
- गाविस, नगरपालिका र जिल्लाको संख्यामा पुनर्विचार गरी संरचनामा परिवर्तन ल्याउने,
- निक्षेपण एकमुष्ठ रुपमा यी विषयहरु समावेशसहित गर्ने : कार्य, वित्त कर्मचारी, क्षमता अभिवृद्धि, जवाफदेहिता, अनुगमन र मूल्याङ्कन,

**(ख) स्थानीय निकायको क्षमता अभिवृद्धि**

वर्तमान समयमा स्थानीय निकायलाई निक्षेपित कार्य सक्षमतापूर्वक सम्पन्न गर्न अपेक्षित क्षमता नरहेको विश्लेषण गरिएको छ । तसर्थ, स्थानीय निकायहरुको क्षमता अभिवृद्धिका लागि विद्यमान स्थितिको विस्तृत विश्लेषण पश्चात् देहायका पक्षहरुमा सुधार गरिनुपर्ने सुझाव दिइएको छ:

- स्थानीय निकायको हालको संगठन संरचना उपयुक्त नरहेकोले त्यसमा पुनरावलोकन गरी उपयुक्त संरचना कायम गर्ने,
- वित्तीय व्यवस्थापन सुदृढ पार्ने,
- स्थानीय निकायको व्यवस्थापकीय क्षमता दरिलो बनाउन स्वायत्तता प्रदानको उपयुक्त व्यवस्था गर्ने,
- स्थानीय निकायहरुले सम्पादन गर्ने कार्यका लागि कार्यविधि र कार्यप्रणालीलाई सरल, मितव्ययी र पारदर्शी तुल्याउने,
- स्थानीय आवश्यकताअनुरुप स्रोत परिचालन गर्नसक्ने अधिकार प्रदान गरिनुपर्ने, र उपलब्ध स्रोत साधनको पूर्ण उपयोगिताप्रति आश्वस्त पार्ने,
- स्थानीय निकायका लागि आवश्यक जनशक्तिको पूर्ति र परिचालन ती निकायहरु स्वयंले गर्नसक्ने किसिमबाट मानव संसाधनको व्यवस्थापन गर्नसक्ने अधिकार दिने,
- भौतिक तथा कार्यवातावरणमा सुधार ल्याउन आवश्यक भौतिक व्यवस्था र आधुनिक प्रविधिको अवलम्बनको निम्ति समुचित प्रबन्ध गर्ने,

- स्थानीय नेतृत्व र सहभागितामा अवरोध पुग्ने किसिमका सबै गतिविधि रोक्ने, केन्द्रबाट हस्तक्षेप गर्न नहुने,
- सेवा सञ्चालनको लागि आवश्यक निर्देशिकाहरु तयार पार्ने,
- स्थानीय निकायमा संलग्न पदाधिकारी तथा जनशक्तिलाई उत्तरदायित्व, कर्तव्य र भूमिका निर्वाहका लागि आवश्यक प्रशिक्षण दिने,
- महिला सशक्तिकरणद्वारा निर्णय प्रक्रियामा तिनको सहभागिता बढाउने,
- स्थानीय निकायहरुलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने,
- जिविस, नपा र गाविसभित्र समन्वय संयन्त्र स्थापना गर्ने,
- सार्वजनिक-निजी क्षेत्रकाबीच साझेदारी बढाउने,
- विषयगत निकायहरुसँग समन्वय बढाउने ।

ααααα